साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क ८ ✪ २९ फागुन २०८०, मङ्गलबार ✪ 12 March, 2024, Tuesday ✪ मूल्य रु. १०।-

## एमाले माओवादी कम्युनिस्ट सिद्धान्तबाट च्युत भएको दाबी

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले चीनले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगरेको भनाइ राख्नुभएको छ ।

नेपाल कर्मचारी समाजको तेस्रो राष्ट्रिय सम्मेलनबाट निर्वाचित पदाधिकारीको आइतबार भएको प्रशिक्षण कार्यक्रममा अध्यक्ष रोहितले भारत र संरा अमेरिकाले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरिरहेको तर्क तर्क गर्दै त्यसको भर्त्सना गर्नुभयो ।

उहाँले माओवादी पार्टीलाई ट्रोजन हर्सको संज्ञा दिँदै भारतले नेपालको राजनीतिलाई धमिलो बनाएको र भारतले नेपालको राजनीतिलाई अस्थिर बनाइरहेको बताउनुभयो ।

अध्यक्ष रोहितले एमाले र माओवादीले कम्युनिस्टको सिद्धान्त त्याग गरेको भन्दै ती पार्टी कर्तव्यच्युत भएको दाबी गर्नुभयो ।

उहाँले कम्युनिस्ट पार्टीका नेताहरूले नै किसानलाई मोहियानी हकबाट वञ्चित गरेको प्रस्ट पार्नुभयो ।

उहाँले कम्युनिस्टहरू मजदुर र किसानको वकिलजस्तै बन्नुपर्ने धारणा राख्दै कम्युनिस्टहरू शत्रुभन्दा हरेक कुरामा अगाडि हुनुपर्ने विचार राख्नुभयो ।

अध्यक्ष रोहितले तल्लो वर्गका जनता सचेत र सङ्गठित नभएसम्म परिवर्तन नहुने तर्क गर्दै तल्लो तहका कर्मचारी, किसान र मजदुरलाई शिक्षित गर्नुपर्ने भनाइ राख्नुभयो ।

नेमकिपाका सचिव प्रेम सुवालले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने भएकोले कर्मचारीहरूलाई स्थायी सरकार भनिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “सङ्घीय निजामती कर्मचारीहरू काज र कार्यालयको कामको निहुँमा कुल सङ्ख्याको आधाभन्दा बढी काठमाडौँमा रहेको बताइन्छ । कतिपय स्थानीय तहमा जिम्मेवार कर्मचारी नहुँदा सरकारको उपस्थिति नै भएन । स्थानीय जनतालाई दु:ख भयो ।”

सिद्धान्तत: सङ्घीय कर्मचारीमा देशभरिका नागरिक, प्रदेश कर्मचारीमा प्रदेशका नागरिक र स्थानीय तहमा स्थानीय तहका नागरिक नियुक्ति हुने कानुन व्यवस्था उपयुक्त हुन्छ । यसले स्थानीय तहमा अहिले भइरहेको कर्मचारीको अनुपस्थिति अन्त्य गर्नेछ, उहाँले बताउनुभयो ।

*बाँकी पृष्ठ १२ मा*

### नेपाल कर्मचारी समाजको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न
## कर्मचारीहरू सुसंस्कृत र कानुनका जानकार हुनुपर्नेमा जोड




भक्तपुर । नेपाल कर्मचारी समाजको तेस्रो राष्ट्रिय सम्मेलन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा शनिबार भक्तपुरमा सम्पन्न भयो ।

सो अवसरमा पार्टी अध्यक्ष बिजुक्छेँले राजनीतिक लडाइँ शोषक र शोषित वर्गबिच हुने गर्छ भन्दै प्रहरी, सैनिक, गुप्तचर विभाग र कर्मचारीतन्त्र शासनयन्त्रको अङ्ग भएको बताउनुभयो ।

“शोषकवर्गले आफूले उपभोग गरिरहेको सुख सयल गुम्न नदिन राजनीति गर्छ, तर कामदारवर्गले शोषणरहित समाज स्थापना गर्ने उद्देश्यले राजनीति गर्छ”, उहाँले स्पष्ट पार्नुभयो ।

“कर्मचारीहरूको लागि सरकारले नै आवास तथा कार्यालयमै खानाको व्यवस्था गर्ने सोच ल्याउनु आवश्यक छ । सार्वजनिक यातायातको अव्यवस्था र निजी सवारी साधनको चापले ट्राफिक व्यवस्थापनमा समस्या आइरहेकोले कार्यालय समय फरक फरक गर्नुपर्छ”, अध्यक्ष रोहितले भन्नुभयो ।

शासक पार्टीका नेताहरूमा राजनीति गर्नुको उद्देश्य नै धन कमाउनु हो भन्ने गलत बुझाइ रहेको उहाँले बताउनुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, “जनतालाई इमानदार बनाउन हामीले वैचारिक सङ्घर्ष गर्नैपर्छ । हामी आलोचना र आत्मालोचना गर्नबाट भाग्नु हुँदैन । परिवर्तन सम्भव छ; तर बहुमत जनता राजनीतिकरूपमा सचेत र सङ्गठित भएमा परिवर्तन गर्न धेरै समय लाग्नेछैन ।”

असल नेतृत्वकै कारण चीन विश्वको महाशक्ति बन्न सफल भएको उदाहरण दिँदै उहाँले भन्नुभयो, “हामीले संसारको इतिहासबारे तुलनात्मक अध्ययन गर्नु आवश्यक छ । सशस्त्र सङ्घर्षको परिणाम आज चिनियाँ जनता गरिबीबाट मुक्त भएका छन् भने शान्तिपूर्वक आन्दोलन गर्दाको परिणाम आज भारतमा गरिबी बढ्दो छ ।”

कर्मचारीहरू सुसंस्कृत र व्यावहारिक हुनुका साथै ऐन कानुनबारे जानकार हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले जस्तोसुकै जिम्मेवारी आई परे पनि जिम्मेवारी सम्हाल्न तयार भएर बस्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सृजना सैंजूले कर्मचारीहरू सचेत र इमानदार भए देश नबिग्रने, सरकार कर्मचारीकै भरमा कार्य क्षेत्रमा उत्रने भएकोले कर्मचारीहरू इमानदार हुनु आवश्यक छ भन्दै कर्मचारी इमानदार भएमात्र देश अगाडि बढ्ने उल्लेख गर्नुभयो ।

देशको स्थिति भद्रगोल हुनुमा उच्चपदस्थ कर्मचारीहरू पनि उत्तिकै दोषी रहेको चर्चा गर्दै उहाँले नेपाल कर्मचारी समाजका सदस्यहरू यसतर्फ सचेत हुनु आवश्यक भएको बताउनुभयो ।

संयमित, इमानदार र इच्छाशक्ति भएका कर्मचारीकै कारण आज छिमेकी चीनले हरेक क्षेत्रमा संसारलाई नेतृत्व दिइरहेको छ भन्दै केन्द्रीय सदस्य सैंजूले चीनबाट सिक्न जरुरी रहेको बताउनुभयो ।

भ्रष्टाचारको सवालमा ‘झिङ्गा र बाघलाई पनि नछोड्ने’ चिनियाँ राष्ट्रपति सी चिनफिङको भनाइ स्मरण गर्दै उहाँले भ्रष्टाचार नियन्त्रणसम्बन्धी चिनियाँ

*बाँकी पृष्ठ १२ मा*

## राजनीतिकरूपले सचेत महिलाले देश र जनताको बढी सेवा गर्ने

काठमाडौँ । नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शनिबार प्रज्ञाप्रतिष्ठान कमलादीमा प्रवचन गरी मनाइयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले कामदारवर्गलाई शिक्षाको व्यवस्था नभएसम्म राज्यमा महिला सहभागिताको औचित्य पुष्टि नहुने भन्दै राजनीतिकरूपले सचेत महिलाहरूले देश र जनताको बढी सेवा गर्नसक्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “रुस रूसका खान्दानीवर्गका छोरा बुहारीहरूले भूदास प्रथा र सामन्ती व्यवस्थाको विरोधमा सङ्घर्ष गरे भने साइबेरियाको सजाय हुँदा समेत उनीहरू विचलित भएनन् । क्रान्तिकारी महिलाहरूको जीवनी अध्ययन गरेर नेपाली महिलाहरूले अन्यायविरुद्ध दृढ भएर सङ्घर्ष गर्ने प्रेरणा पाउन सक्छन् ।”

उहाँले भन्नुभयो, “नेपालमा महिला राष्ट्रपति, उपप्रम र मन्त्रीहरू भए । तर, उनीहरूले कामदारवर्गका महिलाहरूको हितमा मौलिक काम हुन सकेनन् । सिंहदरबारको नेतृत्व गरेका पार्टी र नेताहरू गतिला नभएको हुँदा देश र जनताको हित नभएको हो । शोषकवर्गको सरकारसँग मानवता हुँदैन । मानवता नभएको सरकारले कामदारवर्गको हित पनि हेर्दैन । कामदारवर्गको सरकार भए मात्र कामदारवर्गको सम्मान हुनेछ । पेरिस कम्युनले मन्त्री र मजदुरको तलब बराबर हुने व्यवस्था गरेको थियो ।”

सचिव सुवालले भन्नुभयो, “शोषकवर्गको सरकारले वैदेशिक रोजगारीको नाममा गरिबहरूको बेचबिखनजस्तै गर्छ । सन् १८१६ को सुगौली सन्धिलाई नेपाली युवालाई गोर्खा भर्तीको नाममा बेलायती सेनामा पठाएर पहिलो र दोस्रो विश्वयुद्धमा मराए । २००७ सालको परिवर्तनपछि भारत बस्न गएका राणाहरूको लागि नेपाली चेलीबेटी बेचबिखन सुरु भएको आज वैदेशिक रोजगारमा पठाइएका लाखौँ नेपाली महिलाहरू यौन दुर्व्यवहारको सिकार भएका छन् । खाडी मुलुकमा नेपाली महिलाहरू बेचिएको संसदीय समितिले प्रतिवेदन नै तयार गऱ्यो । तर कुनै पनि सरकारहरू नेपाली चेलीलाई वैदेशिक रोजगारीमा पठाउँदैनन् र नेपालमै रोजगारी दिन्छन् भन्न सकेनन् ।”

नेपाली महिलाहरूले समलिङ्गी विवाहजस्तो सांस्कृतिक विचलनको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्ध र अमेरिकी हतियार पठाएको इजरायली सरकारले प्यालेस्टिनी भूमि कब्जा र नरसंहारको विरोध गर्नुपर्दछ भन्नुभयो ।

“शासक दलहरूको नाम कम्युनिस्ट राखिए पनि काम मजदुर किसानविरोधी नै छ । प्रजग कोरियाको सरकारको नेतृत्व गरेको पार्टी कोरियाली मजदुर पार्टी हो । यो पार्टीको सरकारले आफ्नो जनतालाई वैदेशिक रोजगारीमा पठाउँदैन । नेपालमा कम्युनिस्ट नाम राखिएका शासक पार्टीहरू देशघाती काम गर्दै छन्”, उहाँले भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले मार्च ८, लैङ्गिक मुद्दा मात्रै नभई वर्गीय मजदुर आन्दोलन, समाजवादको निम्ति सङ्घर्ष गर्ने सिलसिला रहेको र वर्गीय मुक्तिले कामदार महिला मुक्ति हुने क्लारा जेटकिनको भनाइबारे स्पस्ट पार्नुभयो ।

*बाँकी पृष्ठ १२ मा*

## इतिहास, संस्कृति र पुरातत्त्वबारे अन्तरङ्गका तरङ्गहरू’ पुस्तक विमोचन

भक्तपुर । इतिहास तथा संस्कृतिका अध्येता प्रा. डा. पुरुषोतमलोचन श्रेष्ठको इतिहास, संस्कृति र पुरातत्त्वसम्बन्धी पुस्तक ‘अन्तरङ्गका तरङ्गहरू’ सोमबार एक कार्यक्रमबिच विमोचन भएको छ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लगायतका विशिष्ट व्यक्तित्वहरूले पुस्तकको विमोचन गर्नुभएको हो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष रोहितले प्रा.डा. श्रेष्ठको पुस्तकको प्रकाशनको सन्दर्भ राख्दै यस्ता पुस्तकहरू विश्वविद्यालय, पुरातत्त्व विभाग तथा प्रज्ञा प्रतिष्ठानहरूले प्रकाशन गर्नुपर्थ्यो भन्नुभयो । उहाँले प्रज्ञा प्रतिष्ठान, पुरातत्त्व विभागले इतिहास तथा संस्कृतिका पुस्तकहरूको प्रकाशनमा सक्रियता देखाउनुपर्ने भन्दै त्यसो नगरेका संस्था तथा सरकारहरूले लज्जाबोध गर्नुपर्ने भनाइ राख्नुभयो ।

लेखक पुरुषोत्तमलोचन श्रेष्ठलाई धन्यवाद एवम् बधाई दिँदै अध्यक्ष रोहितले लेखक श्रेष्ठको योगदान खेर नजाने विचार राख्नुभयो ।

नेमकिपाका अध्यक्ष रोहितले इतिहासको भौतिकवादी व्याख्या गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले शासकहरूले धर्मलाई हतियारको रूपमा प्रयोग गर्दै आएको भन्दै संरा अमेरिकामा एकजना कालाजातिको नागरिकको हत्याको कारण चारैतिरबाट विरोध भएपछि तत्कालीन राष्ट्रपति ट्रम्पले बाइबल समातेको तस्बिर सार्वजनिक गराएको बताउनुभयो । उहाँले इजरायल र प्यालेस्टिनबिच धर्मकै नाममा युद्ध लडाएको भन्दै रामायण तथा महाभारतलाई इतिहासको रूपमा लिन नहुने भनाइ राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठद्वारा लिखित इतिहास, संस्कृति र पुरातत्त्वसम्बन्धी अनुसन्धानमूलक लेखहरूको सङ्ग्रह ‘अन्तरङ्गका तरङ्गहरू’ भक्तपुरका सम्पदाबारे अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि अत्यन्त महत्त्वपूर्ण हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, “डा. श्रेष्ठले भक्तपुरका धेरै सम्पदाहरूको अध्ययन अनुसन्धान गर्नुभयो । कतिपय किंवदन्तीको रूपमा, सुनिरहेका सम्पदाहरूका बारेमा प्राप्त प्रमाणहरूको अध्ययन अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्नुभयो । जीवनका महत्त्वपूर्ण समय उहाँले अध्ययन अनुसन्धानमा खर्च गर्नुभयो । ‘अन्तरङ्गका तरङ्गहरू’ उहाँको पसिनाको सङ्ग्रह हो । पसिनाको मूल्य हुँदैन । यो अमूल्य ग्रन्थ हो ।”

उहाँले भन्नुभयो, “भक्तपुर नगरपालिकाले थंथु दरबार निर्माण गर्दै छ । त्यसबारे पुरातत्त्व विभाग, संस्कृति मन्त्रालयसँग पनि समन्वयमा रही काम गर्दै छौँ । केही समयअघि मात्रै पुरातत्त्व विभागका निर्देशक, युनेस्को प्रतिनिधिहरू आएर अध्ययन गर्नुभयो । ठाउँठाउँमा खाल्डो खनेर उत्खनन गरी प्राप्त वस्तुहरू

*बाँकी पृष्ठ १२ मा*

## कैलालीमा नेक्रामसङ्घद्वारा जुलुस तथा सभा



कैलाली । नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली जिल्ला समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शनिबार जुलुस तथा सभा लम्कीमा सम्पन्न भयो । मोतीपुर चोकबाट सुरु भएको जुलुस लम्कीबजार परिक्रमा गरी सभामा परिणत भएको थियो ।

उक्त सभामा नेमकिपाका केन्द्रीय सदस्य तथा नेक्रामसङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले कामदारवर्गका महिला र पुँजीपतिवर्गका महिलाहरूले फरक-फरक उद्देश्य राखी श्रमिक महिला दिवस मनाइरहेका छन्; पुँजीवादी पार्टीका महिला सङ्गठनहरूले कामदारवर्गका महिलाहरूलाई राजनीतिकरूपले उठ्न नदिने षड्यन्त्र गर्छन् भने नेक्रामसङ्घले कामदार वर्गका महिलाहरूको मुक्तिका लागि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहेको छ भन्नुभयो ।

“पटक-पटक सरकारमा गएर उद्योग-कलकारखाना बेच्ने, नाफाका लागि भारतबाट सामान आयात गर्ने पुँजीवादी दलका कारण नेपाली जनताले दु:ख पाइरहेका छन् ।

धनीवर्गका महिलाहरू सरकारको नेतृत्वमा पुगे पनि भ्रष्टाचारी, चेलीबेटी बेचबिखन गर्ने, बलात्कारी, हत्यारालाई फासीको व्यवस्था नगर्दा कामदार महिलाको सेवा हुन सकेन । भारतबाट विषादी मिसिएको तरकारी, खाद्यान्न आयात गर्न दिने सरकारको कारण क्यान्सरको जोखिम बढेको छ”, उहाँले भन्नुभयो ।

*बाँकी पृष्ठ १२ मा*



*सर्वहारा वर्गका महिलाहरूले वास्तविक मुक्तिका लागि आफ्नो वर्गका पुरुषहरूसँगै काँधमा काँध मिलाएर पुँजीवादी व्यवस्थाविरुद्ध लड्नुपर्छ ।*

*–क्लारा जेटकिन*

## सम्पादकीय

# धोका देश र जनतामाथि भइरहेको छ

औषधि व्यवस्था विभागले क्यान्सर, मिर्गौला, मुटुका बिरामीहरूलाई आवश्यक औषधि सुपथ मूल्यमा सर्वसुलभरूपमा गराउन सकेको छैन । औषधि उपलब्ध नभएकै कारण निको हुने बिरामीको मृत्यु भइरहेको छ । यतिबेला जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीमा नियुक्ति भएका छन् । यसअघि २०७५ सालमा यादव डेढ वर्ष उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भएका थिए । त्यतिबेला उपप्रधान एवं स्वास्थ्यमन्त्री यादवले भनेका थिए, "जनतालाई गुणस्तरीय उपचार सेवा दिनु नै हाम्रो लक्ष्य हो । त्यसमा केन्द्रित रहेर काम गर्ने कोसिस गर्नेछु ।" तर अघिल्लो कार्यकालमा उपप्रधान एवं स्वास्थ्यमन्त्री यादवले नेपालको स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याउन कुनै कदम उठाएनन् । यसपटक कस्तो कदम उठाउलान् ? सङ्घीय निजामती ऐनमा स्वास्थ्य सेवा नसमेटिएको हुँदा अलग्ग स्वास्थ्य ऐन बनाउन उपप्रधान एवम् स्वास्थ्य मन्त्री यादवले आदेश दिएको कुरा प्रकाशित भयो । ऐन बनाउने र कर्मचारी नियुक्ति गर्नु सजिलो छ तर ऐनलाई कार्यान्वयन र कर्मचारी सुसंस्कृत बनाउनु गाऱ्हो छ । यसतर्फ उपप्रधान एवम् स्वास्थ्यमन्त्री यादव कतिको सचेत होला ? जनतालाई धोका नहोस् ।

XXX

माओवादीका प्रधानमन्त्री दाहालले नेकासँगको सत्ता गठबन्धन छोडेर एमालेसँग सत्ता गठबन्धन गरेपछि यसबाट बढी चोट नेकाका कृष्णप्रसाद सिटौलालाई पऱ्यो । सिटौलाले भने, "राजनीतिमा दाहालले जुन चरित्र देखाउनुभएको छ त्यसमा मेरो गम्भीर आपत्ति छ र दु:ख पनि लागेको छ ।" दाहालको यो चरित्र प्रदर्शन पहिलो होइन । यो त नेकाका सिटौलालाई थाहै छ । तर सिटौला आफै माओवादीसँगको सम्बन्धमा बिट मार्न चाहेका छैनन् । सिटौलालाई सोधियो 'अब माओवादीसँगको सम्बन्धमा बिट मार्नुभएको हो ?' भन्ने प्रश्नमा उनको जवाफ छ, "अहिलेलाई हो ।" यसको अर्थ हो कुनै पनि बेला नेका र माओवादीको गठबन्धनको सम्भावना अझै छ ।

नेका-माओवादीको गठबन्धन कायम भए सिटौला राष्ट्रिय सभाको अध्यक्ष हुने थियो । दाहाल र देउवा दुवैले सिटौलालाई राष्ट्रियसभाको अध्यक्ष बनाउने कबुल गरेका थिए भन्ने चर्चा छ । यसबारे तथ्य के हो दाहाल र देउवा बोलेका छैनन् । नेकाभित्रका शेखर कोइराला समूहले पनि सिटौलालाई राष्ट्रिय सभाको अध्यक्ष सहमति दिएको थियो ।

सिद्धान्तहीन निर्वाचन गठबन्धन र सत्ता गठबन्धनको परिणाम सुखद हुँदैन । २०७४ को स्थानीय चुनावको बेला नेका र माओवादीको सिद्धान्तहीन गठबन्धन भयो । ६ महिनापछि भएको संसदीय निर्वाचनमा एमाले र एमाओवादीको सिद्धान्तहीन गठबन्धन भयो । २०७५ सालमा एमाले र माओवादीको पार्टी एकीकरणसमेत भयो । तर, २०७८ सालमा माओवादीका दाहाल नेकासँग मिलेर प्रधानमन्त्री भए ।

२०७९ को संसदीय चुनावमा नेकासँग मिलेर ३२ स्थान प्राप्त गरेको माओवादीका दाहाल अहिले २०८० सालको फागुन २१ गते एमालेसँग मिलेर आफ्नो प्रधानमन्त्रीको आयु लम्ब्याउँदै छन् । संसद्ले पहिलो पार्टी नेका र दोस्रो पार्टी एमालेले पालैपालो समर्थन गरी तेस्रो पार्टी माओवादीका दाहाललाई प्रधानमन्त्री बनाउँदै छन् । कहिले नेका र कहिले एमाले आफूलाई माओवादीबाट धोका भएको दाबी गर्छन् । नेका, माओवादी र नेकाबाट धोका देश र जनतालाई भइरहेको छ ।

# मानवता नभएको सरकारमा कामदारवर्गको हित नहुने

✍ प्रेम सुवाल



**नेपालमा पनि महिला राष्ट्रपति, उपप्रम र मन्त्रीहरू भए । तर, उनीहरूले कामदारवर्गका महिलाहरूको हितमा मौलिक काम गर्न सकेनन् । सिंहदरबारको नेतृत्व गरेका पार्टी र नेताहरू गतिला नभएको हुँदा देश र जनताको हितमा काम नभएको हो । शोषकवर्गको पार्टी र सरकारसँग मानवता हुँदैन । मानवता नभएको सरकारले कामदारवर्गको हित पनि हेर्दैन । कामदारवर्गको सरकार भए मात्र कामदारवर्गको सम्मान हुनेछ । पेरिस कम्युनले मन्त्री र मजदुरको तलब बराबर हुने निर्णय गरेको थियो ।**

कामदारवर्गलाई राजनैतिक शिक्षासमेतको व्यवस्था नभएसम्म राज्यमा महिला सहभागिताको औचित्य पुष्टि हुनेछैन । राजनीतिकरूपले सचेत महिलाहरूले देश र जनताको बढी सेवा गर्न सक्नेछन् । रुसका खान्दानीवर्गका क्रान्तिकारी महिलाहरूले भूदास प्रथा र सामन्ती व्यवस्थाको विरोधमा सङ्घर्ष गरे । साइबेरियाको सजाय हुँदा समेत उनीहरू विचलित भएनन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्रान्तिकारी महिलाहरूको जीवनी अध्ययन गरेर नेपाली महिलाहरूले पनि अन्यायविरुद्ध दृढ भएर सङ्घर्ष गर्ने प्रेरणा पाउन सक्छन् ।

नेपालमा पनि महिला राष्ट्रपति, उपप्रम र मन्त्रीहरू भए । तर, उनीहरूले कामदारवर्गका महिलाहरूको हितमा मौलिक काम गर्न सकेनन् । सिंहदरबारको नेतृत्व गरेका पार्टी र नेताहरू गतिला नभएको हुँदा देश र जनताको हितमा काम नभएको हो । शोषकवर्गको पार्टी र सरकारसँग मानवता हुँदैन । मानवता नभएको सरकारले कामदारवर्गको हित पनि हेर्दैन । कामदारवर्गको सरकार भए मात्र कामदारवर्गको सम्मान हुनेछ । पेरिस कम्युनले मन्त्री र मजदुरको तलब बराबर हुने निर्णय गरेको थियो ।

शोषकवर्गको सरकारले वैदेशिक रोजगारीको नाममा गरिबहरूको बेचबिखनजस्तै गर्छ । सन् १८१६ को सुगौली सन्धिपछि नेपाली युवालाई गोर्खा भर्तीको नाममा बेलायती सेनामा पठाएर पहिलो र दोस्रो विश्वयुद्धमा मराए । २००७ सालको परिवर्तनपछि भारत बस्न गएका राणाहरूको लागि नेपाली चेलीबेटी बेचबिखन सुरु भयो । आज वैदेशिक रोजगारमा पठाइएका लाखौं नेपाली महिलाहरू यौन दुर्व्यवहारको सिकार भएका छन् । खाडी मुलुकमा नेपाली महिलाहरू बेचिएको संसदीय समितिको प्रतिवेदन छ । तर कुनै पनि शासक दलको सरकार नेपाली चेलीलाई वैदेशिक रोजगारीमा पठाउने र नेपालमै रोजगारी दिने भन्दैन ।

नेपाली महिलाहरूले समलिङ्गी विवाहजस्तो सांस्कृतिक विचलनको विरोध गर्नु जरुरी छ । नेपाली महिलाहरूले युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्ध र अमेरिकी हतियार सहयोग पाएको इजरायली सरकारले प्यालेस्टिनी भूमि कब्जा र नरसंहारको विरोध गर्नु आवश्यक छ ।

कतिपय शासक दलहरूको नाममा कम्युनिस्ट राखिए पनि काम मजदुर किसानविरोधी नै छ । प्रजग कोरियाको सरकारको नेतृत्व गरेको पार्टीको काम कोरियाली मजदुर पार्टी हो । यो पार्टीको सरकारले आफ्नो जनतालाई बहुर्राष्ट्रिय कम्पनीको लागि सस्तो ज्यामी बन्न वैदेशिक रोजगारीको नाममा पठाउँदैन । नेपालमा कम्युनिस्ट नाम राखिएका शासक पार्टीहरू ८० लाखभन्दा बढी नेपाली युवालाई वैदेशिक रोजगारीको नाममा सस्तो ज्यामी बन्न पठाउँदै देशघाती काम गर्दै छन् ।

*(२०८० फागुन २६ गते शनिबार नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा प्रज्ञाप्रतिष्ठान भवनमा आयोजित प्रवचन कार्यक्रममा नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले व्यक्त गर्नुभएको विचारको सार-सं)*

# टेरामक्स भ्रष्टाचार काण्डमा संलग्न सबैलाई तत्काल जेलमा कोच्नुपर्दछ




**शुक्र**

नेपाल दूरसञ्चार प्राधिकरणले तीन अर्ब रुपियाँको टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद गर्दा डेढ अर्ब रुपियाँ भ्रष्टाचार भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ठहर गरेको छ ।

टेरामक्स भ्रष्टाचार काण्डमा पूर्वमन्त्रीहरू मोहनबहादुर बस्नेत, ज्ञानेन्द्रबहादुर कार्की, बहालवाला मुख्य सचिव वैकुण्ठप्रसाद अर्याल, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका बहालबाला सचिव विनोदप्रकाश सिंह, तत्कालीन सञ्चार सचिव एवम् बहालवाला सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङ, नेपाल दूरसञ्चार प्राधिकरणको तत्कालीन अध्यक्ष दिगम्बर झालगायतका व्यक्तिहरू संलग्न भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको दाबी छ । त्यस्तै सञ्चार मन्त्रालयका तत्कालीन उपसचिव मुकुन्द शर्मा, शाखा अधिकृत दुर्गा लम्साल, प्राधिकरणका अध्यक्ष खनाल, उपनिर्देशक अच्युतानन्द मिश्र पनि संलग्न भएको अख्तियारको दावी छ ।

अख्तियारले बिचौलिया विजयकुमार राय, रेवतीराम पन्थ, सुरेश बस्नेत, हिरण्यप्रसाद बस्ताकोटी, अच्युतानन्द मिश्र, सन्दीप अधिकारी, सुरेन्द्रलाल हाडा, कैलाश कार्की, मीनप्रसाद अर्याल, दीपेश आचार्य, अर्जुन घिमिले, सूर्यप्रसाद लामिछाने, धनराज चौलागाई, हेमकुमार श्रेष्ठ, राममणि दुवाडी, टेकनाथ आचार्यलगायतमाथि पनि मुद्दा लगाउने तयारी भइरहेको समाचार छ ।

टेरामक्स प्रविधि खरिदमा स्थानीय मुद्रालाई डलरमा सटही गर्दा कम्तीमा पनि ५० करोड रूपैयाँ कर छली भएको लेखा समितिले ठहर गरेको हो ।

टेरामक्स खरिद गर्न २०७४ असोज २० मा आशयपत्र मागेको थियो । २०७५ पुस ३ मा लेबनानमा कार्यालय रहेको र साइप्रसमा दर्ता भएको भेनराइज सोलुसनलाई प्राधिकरणले छनोट गऱ्यो । टेन्डरको कागजातमा प्राधिकरणका कर्मचारी र नेपाली बिचौलियाको चलखेल भएको अख्तियारको अनुसन्धानले बतायो । मिलेमतोमा टेन्डर प्रक्रिया अगाडि बढाएको भन्दै अख्तियारले ठेक्का प्रक्रिया रद्द गर्न २०७५ पुस ३, २०७५ चैत १२ र २०७६ वैशाख १७ गते प्राधिकरणलाई पत्र पठाएको थियो तर, ठेकेदार कम्पनीले सर्वोच्च अदालतमा रिट हाल्यो । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र न्यायाधीश कुमार चुडालको संयुक्त इजलासले २०७८ वैशाख १४ गते ठेक्का अघि बढाउन निर्देशन दिएपछि खरिद प्रक्रिया अघि बढ्यो ।

एउटा ल्यापटपको मूल्य ६५ लाख रूपैयाँ राखिएको थियो । ल्यापटपको मूल्य बढेको हुँदा भन्सार विभागले २०७९ कार्तिकमा ती सामान रोक्यो । प्राधिकरणले १०९ वटा सर्भर खरिद गरेको थियो । प्रतिसर्भरको मूल्य ७९ हजार ९२० डलर उल्लेख छ । डलरको तत्कालीन सटही दर १२८ रूपैयाँको हिसाबले एउटै सर्भरको मूल्य १ करोड २ लाख २९ हजार ७६० रूपैयाँ हुने तथा १०९ वटा सर्भरको जम्मा मूल्य १ अर्ब ११ करोड ५० लाख ५३ हजार रूपैयाँ हुन आउँछ । त्यसैगरी दुईवटा ल्यापटप खरिद गरिएको थियो । एउटा ल्यापटपको मूल्य ५० हजार डलर अर्थात् ६४ लाख रूपैयाँ थियो । लेखा समितिमा सांसदहरूले ५० लाखको ल्यापटप हेरौँ भनेपछि प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले ५० लाख रूपैयाँको ल्यापटप परीक्षणका लागि सित्तैमा आएको भनी जवाफ दिए !

तत्कालीन सञ्चार सचिव हरिप्रसाद बस्यालको अध्यक्षतामा बसेको प्राधिकरणको सञ्चालक समितिको ९१३ औं बैठकले नयाँ मेसिन खरिद गर्ने निर्णय गरेको थियो । तर, तत्कालीन सञ्चार सचिव वैकुण्ठप्रसाद अर्यालको अध्यक्षतामा बसेको ९६२ औं बैठकले पुरानै बिलिङ सिस्टमकै मेसिनलाई निरन्तरता दिने निर्णय गरेको थियो । बैठकले बिलिङ सिस्टमको कम्पनीको म्याद ६ महिना थपेको थियो । पुरानो मेसिनले १ मिनेटको कलमा १० पैसा चुहावट भइरहेको थियो ।

मुख्य सचिव अर्यालको नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेलसँग आर्थिक लेनदेन गरेको प्रमाण हुँदासमेत कुनै कारबाही नहुनु भनेको शासक दलहरूकै मिलिमतो हो । शासक दलले कानुननै संशोधन गरेर सुनिल पौडेललाई पुन: नियुक्ति गर्नुले यो तथ्य स्पष्ट भएको छ ।

पूर्वमन्त्री बस्नेत, कार्की, मुख्य सचिव अर्यालसमेतको मिलिमतोमा भएको टेरामक्स भ्रष्टाचार काण्डमा संलग्न सबैलाई तत्काल जेलमा कोच्नुपर्दछ । भ्रष्टाचारी मन्त्रीको संरक्षण गर्ने प्रधानमन्त्री र पार्टीलाई जनताले सबक सिकाउनु जरुरी छ ।

# नयाँ गठबन्धनः अवसरवादीहरूको नाङ्गो नाच !

✍ विवेक

*राजनीतिमा नैतिकता महत्त्वपूर्ण पक्ष हो । तर अहिले 'नाङ्गा नाचे हजार दाउ' का ठेकेदारहरूले राजनीतिलाई विकृत बनाइदिए । राजनीति जनताको सेवा हुनुपर्नेमा उनीहरूले 'हाइ फाइदा' मा रूपान्तरण गरी दिए । युवाहरूमा राजनीतिप्रति नै वितृष्णा जगाइदिए । देश बनाउन सक्ने क्षमतावान युवाहरू विदेश पलायन हुन बाध्य बनाए । यस्तो कहालीलाग्दो अवस्थाको लागि नेपालका शासक दलका नेताहरू नै जिम्मेवार छन् ।*

नेपालको राजनीतिमा प्रधानमन्त्रीको भाषामा फेरि एक पटक 'उथुल पुथल' भयो । ९ महिना अघि गठित नेपाली काङ्ग्रेससँगको गठबन्धन भत्काएर फागुन २१ गते माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले एमालेसँग मिलेर नयाँ सरकार गठन गर्न ८ बुँदे सहमति गरे । अघिल्लो दिनसम्म नेताहरू एकले अर्काको नाम लिनुसम्म पनि 'अपवित्र' ठान्थे । ती नेताहरू एकाएक कसरी मिल्न पुगे ?

आफू सरकारको नेतृत्वमा बसिरहन जस्तोसुकै कदम चाल्न तयार हुने प्रचण्डले नेकासँगको गठबन्धन तोड्नुमा नेकालाई नै दोष दिएका छन् । उनले राष्ट्रिय सभा निर्वाचनमा कोशी प्रदेशमा माओवादी उम्मेद्वार हार्नु, नेका महासमितिले आगामी निर्वाचनमा कसैसँग गठबन्धन नगर्ने नीति पारित गर्नु, हिन्दू धर्मको पक्षमा हस्ताक्षर सङ्कलन गर्नु, महासमितिको प्रतिवेदनमा माओवादी सशस्त्र सङ्घर्षलाई 'दानवीकरण' को रूपमा प्रस्तुत गर्नु र राष्ट्रिय सभा अध्यक्ष माओवादीलाई नदिने अडान राख्नुलाई गठबन्धन फेर्नु पर्नाका कारणहरू बताएका छन् । बाहिर जेजस्तो देखिए पनि सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनहरू पारित गर्नु नै प्रचण्डको मुख्य समस्या थियो । बेला बखत नेकाका नेताहरूले दिने गरेको अभिव्यक्तिलाई काङ्ग्रेस सांसदहरूले त्यसमा साथ दिएकोमा प्रचण्डलाई शङ्का हुनु स्वाभाविक थियो । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकहरू पारित गर्न प्रचण्डले भरपर्दो मित्र एमालेलाई नै देखे । समय समयमा प्रचण्ड एमाले अध्यक्ष ओली निवासमा गएर सहमति गर्न दौडिनुको पछाडि यही कारण हो । एमालेले नेकासँगको गठबन्धन तोड्ने शर्तमा सहमति गरेको हुन सक्ने व्यवहारले पुष्टि गर्दछ ।

एमाले नेकासँगको गठबन्धन तोड्न निरन्तर लागेको थियो । एमालेका नेताहरू कहिले शेरबहादुर देउवासँग त कहिले प्रचण्डसँग गोप्य छलफलमा रहेको कुरा देउवा स्वयम्ले पछि स्वीकार गरे । गठबन्धन भत्काउने एमालेको योजना अहिलेको लागि पूरा भएको छ तर सिद्धान्त र विचारविना कुर्सीको लागि भएको गठबन्धन कति समय टिक्छ त्यो भने अनिश्चित छ ।

प्रचण्ड आफू प्रधानमन्त्री भइरहन पाए देश र जनताको मतलब नराख्ने र पार्टीको सिद्धान्त र विचारलाई धुलोमा मिलाउन तयार हुने चरम व्यक्तिवादी र अवसरवादी भएको पछिल्लो घटनाले फेरि एक पटक पुष्टि गर्यो । उनी आफ्नो पार्टी एक्लै चुनाव लडेर जित्न नसक्ने देखेपछि २०७९ सालमा नेकासँग मिलेर चुनाव लडे । नेकाको सहयोग पाएर ३२ स्थानमा जिते । प्रधानमन्त्री नपाउने भएपछि नेकासँगको गठबन्धन तोडे । उनी आफ्नो कट्टर 'दुश्मन' केपी ओलीको साथ पाएर प्रधानमन्त्री बन्न सफल पनि भए तर त्यो पनि दुई महिनाभन्दा बढी टिकेन । राष्ट्रपति निर्वाचनसम्म आइपुग्दा प्रचण्ड पुनः एमालेलाई लात मारेर नेकासँगै गठबन्धन गर्न पुगे । यो राजनैतिक अस्थिरताले व्यक्तिगत रूपमा प्रचण्डलाई फाइदा पुगे पनि देश र जनतालाई भने धेरै क्षति पुगेको छ । रूपमा नेका र एमालेलाई पटक पटक धोखा दिएको देखिए पनि सारमा देश र जनतालाई धोखा हो । राजनैतिक अस्थिरता सिर्जना गरी देशलाई ध्वस्त पार्न चाहने साम्राज्यवादी र बिस्तारवादीहरूको चङ्गुलमा प्रधानमन्त्री फस्दै छन् भने स्पष्ट हुँदै छ ।

उनले 'आफू नमरुञ्जेल उथलपुथल गरिरहने' बताए । नेपाली जनताले प्रचण्डले वर्षको २-३ पटक यसरी नै देशमा 'उथलपुथल' गरिरहने हो भने देशको विकासले गति कहिले लिने ? अहिलेको गठबन्धनमा एमाले ७७, माओवादी ३२, रास्वपा २१, एकीकृत समाजवादी १०, जसपा १२ गरी कूल १५२ सिट पुगेको छ । यो सङ्ख्या सरकार गठनको लागि चाहिने १३८ सिटभन्दा बढी हो । कुनै पनि बेला गठबन्धन भत्किन सक्ने सम्भावना भने त्यत्तिकै छ ।

नेकासँग गठबन्धनमा रहँदा प्रचण्डले केपी ओलीलाई 'भेडा' सम्म भन्न भ्याएका थिए भने केपी ओलीले '१७ हजारको हत्यारा' भन्न पनि पछि परेनन् । 'भेडा' र 'हत्यारा' बिचको मिलन कुर्सी स्वार्थका कारण नै सम्भव भएको हो । नेताहरू मिले पनि ती नेताहरूले विगतमा एकले अर्कालाई गरेको सत्तोसराप जनताले बिर्सेका छैनन् । अझ केपी ओली त माधव नेपालको नामसम्म सुन्न चाहँदैनथे । माधव नेपालको सन्दर्भमा ओलीले भनेका थिए, "माधव नेपालको नाम लिएर म एकछिन पछि मुख कुल्ला गर्छु ।' तर, अहिले उही ओली उही नेपालको घरमै पुगेर साथ दिन बिन्तिभाउ गर्न पुगे । माधव नेपालले पनि सरकारमा सहभागिता जनाउने सहमति गरेका छन् । अनैतिकताको हद !

यो हदसम्म लाजसरम नभएका 'पाखण्डी' नेताहरूले देशको नेतृत्व सम्हाल्दै गर्दा ती नेताहरूका आसेपासेहरूबाहेक कुन नेपाली खुसी होलान् । यस्तै कार्यशैलीबाट जनता वाक्कदिक्क भएर गएको निर्वाचनमा स्वतन्त्र पार्टीका उम्मेद्वारहरू जितेका हुन् । पार्टी दर्ता भएको १ वर्ष नपुगेको पार्टीलाई जनताले नेका, एमाले र माओवादीको विकल्पको रूपमा स्वतन्त्र पार्टीलाई २१ सिट जिताएर देखाए । अझै पनि ती शासक दलका नेताहरू चेतेनन् । जनताले स्वतन्त्र पार्टी राम्रो भएर होइन कि नेका र एमाले नराम्रा भएर त्यसको विकल्प खोजेका हुन् ।

स्वतन्त्र पार्टीका अध्यक्ष रबि लामिछानेले अन्य दलहरूको सम्बन्धमा भनेका थिए -'नेका, एमाले र माओवादी सबै मिलून् । हामी २०८४ अघि कोहीसँग मिल्दैनौं ।' वर्तमान गठबन्धनमा सहभागी भएर लामिछाने पनि गृहमन्त्री पाउन जस्तोसुकै झुट र बेइमानी वा जनतालाई विश्वासघात गर्न पछि नपर्ने व्यक्ति हुन् भन्ने प्रमाणित भएको छ ।

माधव नेपालको एकीकृत समाजवादी पार्टी अस्तित्वको सङ्कटमा छ । त्यस पार्टीको भविष्य नदेखेर धेरै केन्द्रीय सदस्यहरू एमालेमा प्रवेश गरिसकेका छन् । उनका विश्वास पात्रहरू रामकुमारी झाँक्री, घनश्याम भुसालहरू पनि एमालेमै जान खुट्टा उचालिसकेका थिए । माधव नेपाल र झलनाथ खनालबिचको सम्बन्ध बिग्रँदै छ । त्यो पार्टीले २०७९ सालको चुनावमा नेका र माओवादीसँग मिलेर चुनाव लड्दा पनि ३ प्रतिशत मत पाउन सकेको थिएन । प्रधानमन्त्रीले राष्ट्रिय पार्टीहरूको बैठक बोलाउँदा एकीकृत समाजवादीलाई नबोलाएकोमा पनि माधव नेपाल असन्तुष्ट थिए । यस्तो अवस्थामा नयाँ गठबन्धन माधव नेपालको निम्ति इज्जत जोगाउने राम्रो अवसर भएको छ ।

राष्ट्रिय सभाको निर्वाचनको बेला एमालेलाई समेत मिलाएर लान प्रचण्डले एमालेलाई ६ सिटसम्म दिन तयार भए पनि माधव नेपालले ठाडो अस्वीकार गरेपछि अलग अलग चुनाव लड्नु परेको पीडा एमाले नेताहरूमा थियो ।

एमालेलाई पनि एकीकृत समाजवादीसँग पार्टी एकता गर्न सके संसदको सबभन्दा ठूलो दल हुने चाहना छ । एमालेका नेताहरूले एकीकृत समाजवादीभित्र दबाब बढाउँदै छन् । माधव नेपाल मिल्न तयार नभए आगामी चुनावसम्ममा माधव नेपाललाई एक्ल्याउने नीतिअनुसार काम भइरहेको बुझ्न कठिन छैन । अर्कोतर्फ माओवादीसँग संयुक्त भएर चुनाव लडेको २०७४ सालमा झण्डै दुई तिहाइ जितेर सङ्घ, प्रदेशको सरकारमा एकलौटी गर्न पाएको पनि एमालेका नेताहरूले बिर्सन सकेका छैनन् । त्यसैले सरकारमा पुग्न जुनसुकै मूल्य चुकाउन पनि एमालेका नेताहरू तयार भए । राष्ट्रपति निर्वाचनमा माधव नेपाललाई राष्ट्रपति बनाउन पनि ओलीले नखोजेका होइनन् । तर उनको एउटा शर्त थियो - पार्टी एकता । माधव नेपाललाई राष्ट्रपति बनाएर पार्टी 'कब्जा' गर्ने ओलीको सपना पूरा भएन तर त्यो प्रस्ताव अस्वीकार गरेकोमा नेपाल पक्षका कार्यकताहरू भने असन्तुष्ट भए ।

उपेन्द्र यादवको जनता समाजवादी पार्टी पनि सरकारमा गएको छ । प्रधानमन्त्रीले विश्वासको मत लिने बेलासम्म कुनै नयाँ परिस्थिति निर्माण नभएमा बहुमत लिएर पुनः एक पटक प्रधानमन्त्रीले वैधानिकता पाउने छन् । यसअघि पनि नेकासँग गठबन्धन गर्दा प्रचण्ड २ वर्ष, माधव नेपाल १ वर्ष र देउवा २ वर्ष गरी पाँच वर्षकै लागि लिखित सहमति भएको थियो । तर, सहमति बिचमै टुट्यो । त्यसैले यो गठबन्धनको भविष्य पनि अनिश्चित भन्न सकिन्छ ।

राजनीतिमा नैतिकता महत्त्वपूर्ण पक्ष हो । तर अहिले 'नाङ्गा नाचे हजार दाउ' का ठेकेदारहरूले राजनीतिलाई विकृत बनाइदिए । राजनीति जनताको सेवा हुनुपर्नेमा उनीहरूले 'हाइ फाइदा' मा रूपान्तरण गरी दिए । युवाहरूमा राजनीतिप्रति नै वितृष्णा जगाइदिए । देश बनाउन सक्ने क्षमतावान युवाहरू विदेश पलायन हुन बाध्य बनाए । यस्तो कहालीलाग्दो अवस्थाको लागि नेपालका शासक दलका नेताहरू नै जिम्मेवार छन् ।

विनायोजना नयाँ गठबन्धन सरकार बनेको छ । अबका केही दिनमा साझा न्यूनतम कार्यक्रम प्रस्तुत हुने नै छ । नेताहरूले आत्मनिर्भरता, रोजगारी, व्यापारघाटा कम गर्ने, विकास निर्माणलाई तीव्रता दिने, शिक्षा, स्वास्थ्यमा देखिने गरी काम गर्ने उही पुरानै आश्वासनका पोकाहरू बाँड्नेछन् । जनताले ती सबै झुटहरूलाई बुझेर पनि चुपचाप सुनिदिनुपर्नेछ । जनता फटाहाहरूलाई चुनावमा जिताएकोमा पश्चाताप गरेर बस्नुपर्नेछ । कुर्सीको लागि 'कुकुर झगडा' गरेको फेरि ४ वर्ष हेर्नु छ । यस अवधिमा प्रचण्ड रही रहे उनकै शब्दमा जनताले कतिपटक 'उथलपुथल' हेर्नुपर्नेछ, त्यो अहिले नै भन्न सक्ने अवस्था छैन । नयाँ गठबन्धन बनेकोमा खुशी हुने नेताहरूले नै प्रचण्डलाई धारे हात लगाएर 'बेइमान, धोकेबाज, फटाहा' भन्ने दिन आउनेछ । त्यसको लागि केबल धैर्यको मात्रै खाँचो छ ।

# रामकुमारी दिदीको दुःख !

✍ रामरतन चौधरी

*भोको पेटमा चारो हाल्दिने काम अभिभावकको हो । जनताको अभिभावक सरकार हो । सरकारले जनतालाई शिक्षा दिएन, रोजगारी दिएन । जति नै ठूला कुरा गरे पनि गरिब जनता भोकभोकै मर्नु परेको अवस्था छ । भोको पेटले कानुन र शान्तिको कुरा जान्दैन । एउटा साधारण व्यक्तिले बाँच्नको निम्ति जे पनि गर्न सक्छ । राज्यले जनतालाई बाँच्ने आधार दिएन । बाध्यताले जनता अपराधी बन्दै छन् । यसमा जनतालाई गाँस, बास, कपासको बन्दोबस्त गराउन नसक्ने, उचित शिक्षा दिएर जनताको सांस्कृतिक स्तर नउठाउने, जनता जनताबिच विभेद खडा गर्ने, आर्थिक असमानताको खाडल तयार पार्ने राज्य व्यवस्था दोषी हो ।*

डुम्रे बजारबाट दक्षिणतर्फको डाँडोको उकालो बाटो करिब आधा घन्टा हिँडेपछि बन्दीपुर गाउँपालिकाको खहरे पुगिन्छ । डोजरले रूपरेखा कोरेको कच्ची बाटो झाडी पन्छाउँदै हिँड्नुपर्ने दैनिकी खहरेका गाउँलेहरूको छ । खहरेको भिरालो जमिनमा मगर, गुरुङहरूका ढुङ्गा, माटो जोडाइले बनेको अधिकांश एकतले घरहरू देखिन्छन् । घरहरूको बनावटले नै खहरेका जनताको आर्थिक अवस्था उजागर हुन्छ । शासकहरूको 'सुखी नेपाली समृद्ध नेपाल' लाई जस्ताका छाना भएका गरिबका यी कच्ची घरहरूले मज्जाले व्यङ्ग्य गर्दै छन् ।

मध्यान्ह करिब १२ बजेतिर हामी डुम्रेमाथिको उकालो बाटो हिँड्दै रामकुमारी दिदीको घर पुग्यौं । भिरालो परेको ऐलानी जग्गामा जस्ताको छाना, माटो र ढुङ्गा जोडाइका साना साना दुईवटा छाप्राहरू नै दिदीको बासस्थान रहेछ । घरमा झ्याल ढोका पनि राम्रा थिएनन् । हामी पुग्दा आँगनमा दुई तीनजना बालबालिकाहरू खेल्दै थिए । एउटा १०/१२ वर्षको बालक आँगनको एक छेउको अगेनामा आगो बाल्दै केही पकाइरहेका थिए । बालबालिकाहरूले लगाएका लुगाका आँखिझ्यालहरूबाट गरिबी चिहाइरहेको प्रस्टै देखिन्थ्यो ।

हामीले घरको आँगनमा उभिएर यसो तल हेर्यौं । केही रुखका बुट्यानहरूले थामेको भिरालो जमिन, वरिपरि ढुङ्गा देखिने सानो पानीको खोल्सो, झाडी ! यस्तै रहेछ खहरेको जमिन । चट्टान मिश्रित जमिन नभइदिएको भए त्यहाँ बस्नको निम्ति जोखिमपूर्ण हुन्थ्यो । अझै वर्षामा पहिरोको डर यथावत् छ । जेहोस् दिदीको परिवार जोखिम मोलेरै बसेका रहेछन् । उनको अन्यत्र जग्गा जमिन पनि त छैन । त्यही जग्गामा सरकारले लालपुर्जा दिन्छ कि भन्ने आशामा जीवन गुज्रिरहेको छ, उनको परिवारको ।

दिदीका साना साना छोराछोरीहरू सरकारी विद्यालयमा पढ्दै रहेछन् । सरकारी विद्यालयमा सात आठ कक्षा पढिसकेपछि खहरेका धेरैजसो बालबालिका पढाई छोडेर काम खोज्न भौंतारिन्छन् । उच्च शिक्षा पढ्ने धोको त 'मनको लड्डु घ्युसित मिसाएर खाए' जस्तै रहेछ । पढ्नको लागि चाहिने कापी, कलम, झोला किन्ने पैसासमेत नभएपछि बिचैमा पढाइ छोड्नुपर्ने बाध्यता छ उनीहरूको ।

रामकुमारी दिदीको घरको आम्दानी राम्रो छैन । दिदी बिहान सखारै उठेर डुम्रे बजारको एउटा होटलमा भाँडा माझ्ने काममा पुग्नुहुन्छ । साहुको खप्की खाँदै दिनभरि काम गरेर लखतरान हुँदै साँझ घर फर्कनु उहाँको दैनिकी बनेको छ । भाँडा माझेर कमाएको मासिक ६/७ हजारले उनको परिवारको गुजारा चलिरहेको छ ।

केही समयको भलाकुसारीपश्चात् दिदीले हामीलाई आफ्नो वेदना पोख्नुभयो । बच्चैदेखि आफ्नो छोरोजस्तै हुर्काइबढाइ गरेको करिब १८ वर्षका लक्का जवान भदा (दाइ, भाइको छोरो) ३ महिनादेखि प्रहरी हिरासतमा रहेछन् । सरकारी विद्यालयमा ८ कक्षा पढ्दै गरेका भदाको पढाइ खर्च जुटाउन उहाँको बुताले भ्याएन । अब बिस्तारै घर परिवारको लालनपालनको जिम्मेवारी १८ वर्षे भदा कृष्णको काँधमा आयो । पढाइ बिचमै छाडेर उनी कामको खोजीमा निस्किए तर काम पाइएन । किशोर अवस्थामै उनको प्रेम विवाह पनि भयो । सानै उमेरमा उनकी जहान गर्भवती भइन् । जहान गर्भवती भएपछि घरको समस्याले झन् च्याप्दै लग्यो । काम कसैगरी पनि पाइएन । चिन्तित भएर भौंतारिँदै गर्दा एकदिन एकजना साथीले केही सामान मुग्लिनबाट दमौलीसम्म पुर्याईदिए ३/४ हजार रकम पाइने लोभ देखाए । घरको बढ्दै गरेको समस्या, गर्भवती जहान र भोको पेटलाई सम्झेर उनी त्यो काम गर्न राजी भए । के सामान हो, उनलाई थाहा थिएन । बस ! उनलाई त पारिश्रमिक पाउनु थियो । त्यसैबाट जहान परिवारको पेट भर्नु थियो ।

मुग्लिनबाट साथीले थमाएको सामानको पोको बोकेर पोखराको बसबाट उनी दमौलीतर्फ बढे । खैरेनीमा प्रहरीले खानतलासी गर्यो । उनले बोकेको सामान त लागु औषधी 'डाइजेपाम' रहेछ । प्रहरीले पक्राउ गरेर हिरासतमा राख्यो । अहिले प्रहरीको जाहेरीले नेपाल सरकार वादी भई तनहुँ जिल्ला अदालतमा लागु औषध ओसार-पसारको मुद्दा चलिरहेको छ । मुद्दाको प्रकृति हेर्दा लागुऔषध ओसारपसारको अभियोगमा दिदीको भदा कृष्ण जेल जाने निश्चित देखिन्छ ।

दिदीले आफ्नो भदाको बचाउको निम्ति कानुन व्यवसायीको परामर्शसमेत लिन सकेकी छैनन् । हामीले कानुन व्यवसायीको सल्लाह लिनु भएन ? भनेर दिदीलाई सोध्यौं । "एकजना कानुन व्यवसायीसँग सल्लाह गरेको हो, के जाति हो लेख्नलाई १० हजार र अदालतमा एकपल्ट बहस गर्न अर्को १० हजार समेत हाललाई २० हजार जति लिएर आउनु बाँकी पछि बुझाउनुहोला भनेपछि म त छाँगाबाट खसेजस्तै भएँ बाबु ! कहाँबाट सक्नु हामी गरिबले वकिल राख्न" दिदीले दुखेसो पोख्नुभयो । हामी जिल्ल पर्यौं । कानुन त सबैको लागि बरोबर भन्थे तर गरिबको पहुँचमा अझै रहेनछ । गरिबको दुःख देख्ने केही वकिलबाहेक अधिकांश कानुन-व्यवसायी पैसाको पछाडि दौडिरहेका छन् । कानुन, इमान, धरम सबै बिकाउ भए । गरिबको लागि प्रजातन्त्र, गणतन्त्रको अर्थ रहेन । "छन गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी' पुँजीवादको चमत्कार यही पो रहेछ ।

भोको पेटमा चारो हाल्दिने काम अभिभावकको हो । जनताको अभिभावक सरकार हो । सरकारले जनतालाई शिक्षा दिएन, रोजगारी दिएन । जति नै ठूला कुरा गरे पनि गरिब जनता भोकभोकै मर्नु परेको अवस्था छ । भोको पेटले कानुन र शान्तिको कुरा जान्दैन । एउटा साधारण व्यक्तिले बाँच्नको निम्ति जे पनि गर्न सक्छ । राज्यले जनतालाई बाँच्ने आधार दिएन । बाध्यताले जनता अपराधी बन्दै छन् । यसमा जनतालाई गाँस, बास, कपासको बन्दोबस्त गराउन नसक्ने, उचित शिक्षा दिएर जनताको सांस्कृतिक स्तर नउठाउने, जनता जनताबिच विभेद खडा गर्ने, आर्थिक असमानताको खाडल तयार पार्ने राज्य व्यवस्था दोषी हो । झन्डावाल गाडीमा सिंहदरवार भित्रबाहिर गरेर जनताको ढुकुटीमा तर मार्ने शासक दलका नेताहरू अपराधी हुन् । यो पुँजीवादी व्यवस्थामा गरिबका छोराछोरी नचाहँदा नचाहँदै आपराधिक गतिविधिमा लाग्न बाध्य हुँदै छन् । यसकारण गरिब जनताको निम्ति समाजवादी गणतन्त्र अपरिहार्य छ ।

*२०८० फागुन २४*

# मन्त्रीमण्डल पुन:गठन उथलपुथल होइन

*कम्युनिस्ट पार्टीका नेताले बोलेर हिँड्नेभन्दा गरेर देखाउने हो । सरकारको नेतृत्व कामदारवर्गको प्रतिनिधिले गर्नुपर्छ । पुँजीवादी सरकारको नेतृत्व गरेर क्रान्तिकारीहरू केन्द्रित हुने दाबी गर्नु कम्युनिस्ट आन्दोलनलाई भड्खालोमा पठाउनु हो ।*

*शासक दलहरू आफू सरकारमा रहेमात्र संविधानको रक्षा र गणतन्त्र सुदृढीकरण हुने ठान्नु, सरकारबाट बाहिर बस्नु परे अस्थिरता र अन्योल देख्नु पनि गलत हो । सत्तापक्ष र प्रमुख प्रतिपक्षीबिच नियुक्तिहरूमा भागबन्डा हुनु, एउटै विधेयकमा दर्जनौँ ऐन संशोधनको प्रस्ताव गर्नु, विधेयकमा सांसदहरूलाई पर्याप्त छलफल गर्न समय नदिनु गणतन्त्रविरोधी र अस्थिरता एवम् अन्योल खडा हुनु हो ।*

तिहुनचखुवा शासक राजनीतिक दलहरूमा एकले अर्कोलाई विश्वासघात र बेइमानी गर्नु स्वाभाविक हो । इमानदार राजनीतिक दल निश्चित दर्शनअनुसार एक वर्ग आधारमा गठन हुन्छ । राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र हो । तर, बेइमानी र विश्वासघात गर्नेलाई राजनीतिक दल भन्न सकिँदैन । सिद्धान्त र विचार नमिल्ने राजनीतिक दलहरूको निर्वाचन गठबन्धन र सत्ता गठबन्धनको परिणाम सुखद हुनेछैन । नेपालमा अहिले यही भइरहेको छ । सिद्धान्तहीन गठबन्धन गर्नेहरू हिमालयमा चिप्लेटी खेलेजस्तै एकदिन उठ्नै नसक्ने गरी पछारिनेछन् ।

सिद्धान्तहीन गठबन्धन गर्नेहरू घुसलाई प्रसाद र भ्रष्टाचारलाई पूजा ठान्छन् भने सदाचारको बहस गर्छन् र काममा भ्रष्टाचार गर्छन् । तिनीहरू ठुला सम्पत्ति, उच्च पद र उच्च सम्मानहरू असत्य बोल्नेहरूको पारितोषिक ठान्छन् । ‘सर्पले सर्पको खुट्टा देख्छ’ भनेझैँ गठबन्धन फेरबदल हुनुमा कुन विदेशीको हात छ । शासक दलहरूलाई यो जरुर थाहा हुनुपर्छ र त्यो खुलासा गर्नुपर्दछ ।

उथलपुथल भनेको मन्त्रीमण्डल पुन:गठन गर्नु होइन । बाहिरबाट घर पुगेपछि लुगा फेर्नु उथलपुथल होइन । मन्त्रीमण्डल पुन:गठन त पञ्चायतकालमा पनि धेरै देखिएको थियो । शिक्षा, रोजगारी, उपचारको लागि जिल्ला जिल्लाबाट नेपालीहरू प्रदेश र सङ्घको राजधानी आउन नपर्ने, प्रदेश प्रमुखहरू बजेट र अधिकार नभएको भनी गुनासो गर्न नपर्ने, स्थानीय तहमा स्वायत्तता र विकेन्द्रीकरणसहित काम गर्न दिने, जिल्ला जिल्लामा सहर निर्माण गरी सन्तुलित विकास गर्ने अवस्था देशमा भएमात्र मन्त्रीहरूको हेराफेरीमा सर्वसाधारणको चासो हुनेछ ।

मिटरब्याज पीडितलाई आ-आफ्ना घरजग्गा दिएर पनि नपुग्ने गरी गराइएको जाली कागज खारेज हुनुपर्‍यो । सहकारी पीडितहरूको बचत ठग सञ्चालकबाट फिर्ता हुनुपर्‍यो । दूध किसानलाई ६ अर्बभन्दा बढी भुक्तानी हुनुपर्‍यो । लघुवित्त पीडित गरिबहरू ऋणबाट मुक्ति पाउनुपर्‍यो । सार्वजनिक सरकारी जग्गा, जङ्गल, कमलपोखरी खानेहरूलाई जेल थुनेर सम्पत्ति सरकारी कायम हुनुपर्‍यो । नेपालीको सम्पत्तिको सिमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था हुनुपर्‍यो । तब सर्वसाधारण जनता उथलपुथल भएको ठान्छन् ।

प्रधानमन्त्रीहरूले आ-आफ्नो कार्यकालमा कृषिलाई आत्मनिर्भर बनाउने, उद्योगको विकास गरी आन्तरिक उत्पादन बढाउने, नेपाली युवालाई घरखेत बेचाएर विदेशमा रोजगारी र अध्ययनमा पठाउन रोक लगाउनेलगायत के कस्ता काम भए ? त्यसको सूची बताउन् नै उथलपुथलको सङ्केत हुनेछ । शासक दलहरूको तिहुनचखुवा प्रवृत्ति उथलपुथल होला र ?

कम्युनिस्ट पार्टीका नेताले बोलेर हिँड्नेभन्दा गरेर देखाउने हो । सरकारको नेतृत्व कामदारवर्गको प्रतिनिधिले गर्नुपर्छ । पुँजीवादी सरकारको नेतृत्व गरेर क्रान्तिकारीहरू केन्द्रित हुने दाबी गर्नु कम्युनिस्ट आन्दोलनलाई भड्खालोमा पठाउनु हो ।

शासक दलहरू आफू सरकारमा रहेमात्र संविधानको रक्षा र गणतन्त्र सुदृढीकरण हुने ठान्नु, सरकारबाट बाहिर बस्नु परे अस्थिरता र अन्योल देख्नु पनि गलत हो । सत्तापक्ष र प्रमुख प्रतिपक्षीबिच नियुक्तिहरूमा भागबन्डा हुनु, एउटै विधेयकमा दर्जनौँ ऐन संशोधनको प्रस्ताव गर्नु, विधेयकमा सांसदहरूलाई पर्याप्त छलफल गर्न समय नदिनु गणतन्त्रविरोधी र अस्थिरता एवम् अन्योल खडा हुनु हो ।

प्यालेस्टिनी भूमि कब्जा गर्ने र जनताको नरसंहार गर्ने अमेरिकी सरकारको हतियार प्राप्त इजरायली बमबारीले गाजामा खाना, पानी, इन्धन र औषधिलगायतको सङ्कट बल्झिँदै गएको हुँदा अस्ट्रेलियाका नेताहरू र आसियानका सदस्यहरूले विशेष शिखर सम्मेलन गरी गाजामा तत्काल युद्धविराम गर्नुपर्ने मेलवर्न घोषणापत्र जारी गरेका छन् । नेपाल सरकारले पनि अन्तर्राष्ट्रिय दबुमा प्यालेस्टाइनमा इजरायली कब्जा र नरसंहार तथा युक्रेनमा रुसविरुद्ध अमेरिकी युद्धको विरोध गर्नु जरुरी छ ।

भक्तपुर दरबार क्षेत्रको हाल चित्रसङ्ग्रहालय रहेको लिच्छविकालीन भवनलाई लिच्छविकालीन शैलीमा पुन:निर्माण गर्न गराउन भक्तपुर नगरपालिकालाई जिम्मा दिनु उपयुक्त हुनेछ । यो भवनको टालटुले मर्मतको नाममा बजेट सत्यानाश गर्ने संस्कृति मन्त्रालय र पुरातत्त्व विभागको योजना ठीक छैन ।

विश्व बैङ्कले कोभिड-१९ नियन्त्रणको लागि ‘इमर्जेन्सी रेस्पोन्स एन्ड हेल्थ सिस्टम प्रिपेयरनेस प्रोजेक्ट’ को रूपमा नेपाललाई ५ अर्ब रूपैयाँ ऋण दिएकोमध्ये स्वास्थ्य सेवा विभागले गरेको २ अर्ब ४२ करोड रुपियाँको खरिदमा करोडौँ रुपियाँ भ्रष्टाचार भएको सार्वजनिक भयो । यसबारे सम्बन्धित निकायबाट तत्काल छानबिन हुनु जरुरी छ ।

- भारतीय पूर्वसैन्य अधिकारी अशोक मेहताले नेपालका प्रधानमन्त्रीलाई ‘भारतीय घोडा’ भनेको बारे स्पष्ट गराउन अन्तर्राष्ट्रिय सम्बन्ध समितिले भारतीय राजदूतलाई बोलाई छलफल गर्नु आवश्यक छ ।

***(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले फागुन २४ गते प्रतिनिधिसभाको विशेष समयमा राख्नुभएको मन्तव्यको सार- सं.)***

# आठ सय वर्ष पुरानो भाजुपोखरी र जलेश्वर मन्दिरले जीवन पाए



✍ सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । मूर्त र अमूर्त सम्पदाहरूले भरिएको भक्तपुर अहिले जीवित सङ्ग्रहालयको रूपमा थप परिचित हुँदै छ र आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षक गन्तव्य बन्दै छ ।

२०७२ सालको भूकम्पले भक्तपुरका धेरै सम्पदाहरूमा क्षति पुग्यो । २०७४ सालमा हामी जनप्रतिनिधि निर्वाचित भएपछि क्षतिग्रस्त ती सम्पदाहरूलाई प्राथमिकता क्रमअनुसार योजनाबद्ध ढङ्गले पुन:निर्माण र जीर्णोद्धार कार्य सुरु गर्‍यौँ । स्थानीय जनताको साथ र सहयोगमा विदेशीको सहयोगबिना पुन:निर्माण कार्य अगाडि बढाउँदै गयौँ । सोही क्रममा ५ वर्षको पहिलो कार्यकालमा १२४ ओटा सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भएको पाउँदा हामीलाई गर्व लाग्छ । त्यसैबेला निर्माण कार्य सुरु गरेका मध्ये एउटा सम्पदा हो – ऐतिहासिक महत्त्व बोकेको भक्तपुर नपा १ स्थित भाजु पुखू ( भाज्यापोखरी) ।

भाजु पुखू २०५४ सालमा निर्वाचित नगरपालिकाका जनप्रतिनिधिहरूले २०५८ सालमा नै पुन:निर्माण कार्य सुरु गर्नुभएको थियो । कार्यकालको अन्तिम समयमा मात्र सुरु भएको हुँदा २०५९ साल साउनदेखि स्थानीय निकायमा जनप्रतिनिधिविहीनतासँगै भाजु पुखू पुन:निर्माण कार्यले पूर्णता पाउन सकेन ।

*पोखरी निर्माणको क्रममा समयसमयमा मार्गनिर्देश गर्नुहुने नेमकिपाका अध्यक्ष आदरणीय नेता नारायणमान बिजुक्छेँ (रोहित) प्रति हामी हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । भाजु पुखूबारे विस्तृत अध्ययन गर्नुहुने अध्ययन कार्यदलका संयोजक डा. पुरुषोत्तमलोचन श्रेष्ठलगायत सम्पूर्ण सदस्यहरू, जनप्रतिनिधिहरू, उपभोक्ता समितिमा संयोजक भएर काम गर्नुहुने लक्ष्मीनारायण खत्री, कृष्णप्रसाद दुमरु, केशव कोजु र जीवन दुवाललगायत समितिका सबै सदस्य, स्थानीय तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण जनतामा हामी हार्दिक आभार व्यक्त गर्दछौँ ।*

१५ वर्ष जनप्रतिनिधिविहीन अवस्थापछि २०७४ सालमा हामी निर्वाचित भयौँ । शिक्षा, स्वास्थ्यसँगै सम्पदा पुन:निर्माण कार्यलाई पनि अगाडि बढायौँ । भाजु पुखू निर्माणलाई पनि प्राथमिकतामा राख्दै पुरातात्त्विक महत्त्वलाई ध्यानमा राखेर गम्भीरतापूर्वक लाग्यौँ । पुन:निर्माणको क्रममा पुरातत्त्वविद्, संस्कृतिविद्, इतिहासविद्, वास्तुकलाविद्लगायत सरोकारवालाहरूको पटकपटक औपचारिक र अनौपचारिक छलफल तथा अन्तरक्रियाहरू गर्‍यौँ । उहाँहरूकै सल्लाह र सुझावअनुसार भक्तपुर नगर कार्यपालिकाको २०७५।४।२९ गते बसेको बैठकले डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा ६ सदस्यीय अध्ययन कार्यदल गठन गर्‍यो । कार्यदलले सात महिना अध्ययन गरेर त्यसको विस्तृत अध्ययन प्रतिवेदन नगरपालिकामा प्रस्तुत गर्‍यो । भाजु पुखूमा प्राप्त ऐतिहासिक प्रमाणको आधारमा मौलिक शैलीमा पुन:निर्माणको लागि अगाडि बढ्न सहज भयो ।

सुरुमा भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय टीम, क्लव, सङ्घ संस्थाहरू र स्थानीय जनताको सहभागितामा सफाइ कार्यक्रमहरू गर्दै गयौँ । अध्ययन प्रतिवेदनअनुसार त्यहाँ प्राप्त प्रमाणहरूको आधारमा पोखरीको बिचमा जलेश्वर मन्दिर भएको खुल्न आयो । त्यस अघिसम्म पोखरीको बिच भागमा मन्दिर भएको कसैबाट जानकारी प्राप्त भएको थिएन । उत्खननको क्रममा प्राप्त सबै वस्तुहरूको अभिलेख राख्दै संस्कृतिविद्हरूको सुझावअनुसार पोखरी निर्माणसँगै जलेश्वर मन्दिर पुन:निर्माणको कामलाई पनि अगाडि बढायौँ । भाजु पुखूको मौलिकतामा आँच पुग्ने कुरामा हामी अत्यन्त सचेत थियौँ । पोखरीमा जनताको अपनत्व कायम होस् भन्ने उद्देश्यले अन्य सम्पदाहरूमा जस्तै स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत पुन:निर्माणको काम गर्ने व्यवस्था मिलायौँ ।



पोखरीमा पानी नअडिने समस्या थियो । त्यसलाई स्थानीय साथीहरूको सल्लाहअनुसार कालोमाटो (देचा) राखेर व्यवस्थापन गर्‍यौँ । पानीको अभाव हुन नदिन नजिकै बोरिङ गरेर पानी भर्‍यौँ । वरिपरिको पर्खाल निर्माणका लागि नेपाल सरकार सहरी विकास मन्त्रालयबाट पनि सहयोग प्राप्त भयो ।

भाजु पुखू पुरानै स्वरूपमा निर्माण गर्ने क्रममा प्राचीन शैलीका इँटाहरू समयमा उपलब्ध नहुनु, उपयुक्त साइजका काठहरू बजारमा प्राप्त नहुनुजस्ता चुनौतीहरू भोग्नुपर्‍यो । उत्तरतर्फको दमकलसँगैको बाटो खोल्न लामो समय लाग्यो । बाटो नखुलेसम्म पोखरीको उत्तरी भाग बनाउन नदिने टोलवासीहरूको अडानले निर्माणकार्यमा बाधा पुगेको थियो । पटकपटकको छलफलपछि बल्ल सहमतिमा पुगियो र १३ फिटको बाटो बनेपछि पोखरीको उत्तरतर्फको भाग सम्पन्न भयो । उत्तरतर्फका डिल स्थानीयहरूले व्यक्तिगत प्रयोग गरिरहेका थिए । हाम्रो आग्रहमा उहाँहरूले आ-आफ्नैले सामानहरू हटाई सहयोग गर्नुभयो । यसरी पोखरीको प्राचीन स्वरूप कायम गर्न वातावरण सहज बन्दै गयो । जतिसुकै समय लागे पनि मौलिक स्वरूपमा आँच पुग्ने काम हुन दिएनौँ । हरेक विषयमा विज्ञहरूसँग परामर्श गरी अगाडि बढ्यौँ ।

अझै पोखरीको दक्षिण भाग भक्तपुर क्याम्पसतर्फ बाटो खोल्न बाँकी नै छ । क्याम्पसका पदाधिकारीहरूसित त्यसबारे पटक पटक हामीले छलफल गरेका छौँ । भाजु पुखू र भक्तपुर क्याम्पस दुबै जनताका साझा सम्पत्ति हुन् । दुबैको संरक्षण र संवर्द्धन गर्नु जनताको साझा जिम्मेवारी हो । राज्यको सम्पत्तिमा क्षति नहोस् भन्ने कुरामा हामी बढी सचेत छौँ । पुराना नक्साहरूमा भाजु पुखूको डिल स्पष्ट देखिन्छ । नक्साहरू अगाडि राखेर पनि हामीले छलफल गर्‍यौँ । त्यो क्रम अगाडि बढिरहेको छ ।

पोखरी पुन:निर्माणको क्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले समयसमयमा अवलोकन गरेर मार्गनिर्देशन गर्नुभयो । त्यसले हामी जनप्रतिनिधि र कार्यरत मजदुरहरूमा उत्साह प्राप्त भयो । हामीले उहाँको मार्गनिर्देशनअनुसार कामलाई अगाडि बढाउँदै गयौँ । अहिले भाजु पुखूको स्वरूप फेरिएको छ । भक्तपुर आन्तरिक र बाह्य पर्यटकहरूको आकर्षक गन्तव्य बन्न भाजु पुखूले थप मद्दत पुग्ने हाम्रो विश्वास छ । भनपा वडा नं. १ मा सिद्ध पोखरी, न्हु पुखू ( रानीपोखरी), न:पुखू र भाजु पुखूसमेत गरी ४ वटा आकर्षक पोखरीहरू बनिसकेका छन् । वडा नं. १ ले पोखरीहरूको वडाको रूपमा विशेषता कायम गर्दै छ । पुन:निर्माणमात्रै होइन त्यसको संरक्षण झनै चुनौतीपूर्ण हुने कुराबारे हामी जानकार छौँ । यसबारे स्थानीय जनताले ध्यान दिने हाम्रो अपेक्षा छ ।

पोखरी निर्माणको क्रममा समयसमयमा मार्गनिर्देश गर्नुहुने नेमकिपाका अध्यक्ष आदरणीय नेता नारायणमान बिजुक्छेँ (रोहित) प्रति हामी हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । भाजु पुखूबारे विस्तृत अध्ययन गर्नुहुने अध्ययन कार्यदलका संयोजक डा. पुरुषोत्तमलोचन श्रेष्ठलगायत सम्पूर्ण सदस्यहरू, जनप्रतिनिधिहरू, उपभोक्ता समितिमा संयोजक भएर काम गर्नुहुने लक्ष्मीनारायण खत्री, कृष्णप्रसाद दुमरु, केशव कोजु र जीवन दुवाललगायत समितिका सबै सदस्य, स्थानीय तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण जनतामा हामी हार्दिक आभार व्यक्त गर्दछौँ ।


भाजू पुखूसम्बन्धी सबै विवरणसहितको भाजु पुखू र जलेश्वर मन्दिर पुन:निर्माण पुस्तक पनि आजै सार्वजनिकीकरण हुँदै छ । उक्त पुस्तक तयार गर्न सम्बन्धित लेखहरू दिएर तेजेश्वर बाबु ग्वंग, गौरीबहादुर कार्की, ओम धौभडेललगायत धेरैले सहयोग गर्नुभयो । त्यसैगरी, पुस्तक प्रकाशनमा लक्ष्मणराज जोशी, धनलक्ष्मी त्यातलगायत धेरैले मेहनत गर्नुभएको छ । यस क्रममा सहयोग गर्नुहुने सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।


*(भक्तपुर नगरपालिकाद्वारा हालै पुन:निर्माण सम्पन्न गरिएको भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित भाजु पुखूको उद्घाटन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*


# मार्च ८ र केही पुस्तकका प्रसङ्गहरू

✍ समा

मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विश्व मजदुर आन्दोलनको एउटा महत्त्वपूर्ण हिस्सा हो । बेलायत, पश्चिमा विश्वमा मजदुर आन्दोलनको ज्वारभाटाले मार्च ८ को जन्म गरायो । सन् १८३० तिरै दासताविरुद्ध अमेरिकी महिलाहरूले सङ्गठित आन्दोलन गरेसँगै महिला हक अधिकारको निम्ति आवाज दिन थालिसकेका थिए । सन् १८४८ मा कार्ल मार्क्स र ऐंगेल्सले लेख्नुभएको 'कम्युनिस्ट घोषणापत्र' ले श्रमिकहरूलाई श्रम शोषणविरुद्ध आवाज उठाउन हौस्यायो, सङ्घर्षको सैद्धान्तिक आधार प्रदान गऱ्यो । त्यसपछि बेलायत, युरोप हुँदै अमेरिकामा मजदुर आन्दोलनको उभार उठ्यो । महिला श्रमिकहरूले पनि समान पारिश्रमिक, समान अवसर, निश्चित कार्यघण्टा, मातृत्व संरक्षण र स्वास्थ्यसम्बन्धी मागसहित श्रमशोषणविरुद्ध आवाज उठाए । महिला पनि पुरुष सरह राजनीतिक प्राणी बन्न पाउनुपर्ने, मताधिकार प्राप्त हुनुपर्ने मागसहितको आन्दोलन अघि बढ्यो । थुप्रै आन्दोलनहरूमध्ये सन् १९०७ न्यूयोर्क सहरको टेक्सटायल कारखानामा भएको हड्ताल र सन् १९०८ मा अमेरिकाको म्यानह्याथनको सिलाइ बुनाइ कारखानाका श्रमिक महिलाहरूले गरेको आन्दोलन स्मरणीय छ । ती हड्तालमा ३० हजारभन्दा बढी महिला मजदुरहरूले भाग लिएका थिए । प्रदर्शनीलाई राज्यसत्ताले निर्मम दमन गऱ्यो । थुप्रै महिलाहरूको रगत बग्यो, सहिद बने । धेरैधेरै महिला गिरफ्तारीमा परे, असह्य यातना दिइयो । यद्यपि, मजदुर महिलाहरूले हार मानेनन् । त्यो घटनाले विश्वलाई नै चकित बनायो ।




सन् १९१० मा डेनमार्कको कोपनहेगनमा भएको अन्तर्राष्ट्रिय समाजवादी सङ्गठनको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा सोही घटनाको स्मरण गर्दै ती मजदुर महिला योद्धाहरूको सम्मानमा जर्मन नेतृ क्लारा जेट्किनले मार्च आठलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने प्रस्ताव गरिन् । यसरी महिलाहरूको मजदुर आन्दोलन मार्च ८ को नाममा स्थापित भयो । त्यसकारण क्रान्तिकारी नेतृ जेट्किनलाई मार्च ८ का प्रणेताको रूपमा पनि स्मरण गरिन्छ । उनको जीवन, व्यक्तित्व र सङ्घर्षबारे नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिले प्रकाशन गरेको पुस्तक 'विश्वका क्रान्तिकारी महिलाहरू' मा पढ्न पाइन्छ । क्लारा जेट्किन भन्छिन्, "वर्गमुक्तिले मात्र महिला मुक्ति सम्भव हुन्छ ।" महिलाभित्र पनि वर्ग हुन्छ, महिला मुक्ति सङ्घर्ष वर्गीय मुद्दा हो भन्ने विचार उनको हो । मार्च ८ वर्ग सङ्घर्षकै सिलसिलाको रूपमा स्थापित गर्न उनले गरेको सङ्घर्ष बेजोडको छ । तसर्थ आज महिला कुनै एउटा उपेक्षित लिङ्ग या जातको रूपमा व्याख्या हुनु क्लारा जेट्किनको भावनामाथि घात या प्रहार हो भन्न सकिन्छ ।

वर्गसङ्घर्ष हुँदै समाजवादसम्म पुग्ने बाटो रुसको समाजवादी क्रान्तिले कामदार महिलाहरूलाई देखायो । सन् १९१७ मा भएको रुसी अक्टोबर समाजवादी क्रान्तिले श्रमिक महिला आन्दोलनलाई स्पष्ट सैद्धान्तिक आधार र व्यावहारिक अभ्यास प्रदान गऱ्यो । समाजवादी क्रान्ति नै महिला मुक्तिको बाटो हो अर्थात् समाजवादी बन्दोबस्त नै कामदार महिलाहरूको स्वर्ग हो भन्ने व्यवहार स्थापित भयो । सबैखाले शोषणको व्यवस्था महिलाहरूको नर्क हो भन्दै थुप्रै क्रान्तिकारी महिला नेतृहरू समाजवादी आन्दोलनमा जोडिए । नेतृ सिल्भिया पानखुस्ट भन्छिन्, "म पुँजीवादविरुद्ध लड्छु चाहे मेरो ज्यान किन नजाओस् । किनभने, भोकाएकाहरूको माझमा म एक्लै अघाउन सक्दिनँ । अन्याय, अत्याचार देखे पनि नदेखेझैँ बस्न म सक्तिनँ ।"

मार्च ८ लाई बिस्तारै एक समाजवादी आन्दोलनको रूपमा मनाउन थालियो । सोभियत रुसकै उदाहरण लिने हो भने त्यहाँ महिलालाई मतको अधिकारदेखि मातृत्व सुविधा प्रदान गरियो । सोभियत महिलाले कलकारखानामा काम गर्ने समान अवसर, समान ज्याला, विश्रामको कानुनी व्यवस्था, शिक्षाको ग्यारेन्टी र राज्य सञ्चालनमा पुरुष सरह समान अधिकार प्राप्त गरे । सामूहिक भान्छाघर, स्नान र लुगा धुने गृहको व्यवस्था भयो । पहिलो पटक विश्वमा शिशुलाई आमाको दूध बैङ्कको अभ्यास रुसले थाल्यो । विश्वमा सर्वप्रथम प्रसव र सुत्केरी बिदा सोभियत सङ्घमा २७ नोभेम्बर १९१७ को दिन जन कमिसार परिषद्को निर्णयबाट सुरु गरिएको थियो । इ.रामबिन्दु श्रेष्ठको पुस्तक 'सोभियत सम्झनाहरू' ले सोभियत रुसमा श्रमिक महिलाको अवस्थाबारे जानकारी दिन्छ ।

सोभियत समाजमा महिलाहरूको ठुलो सम्मान थियो । पहिलो पटक विश्वमा महिला मन्त्री सोभियत रुसले दियो । महिलाहरू १०० प्रतिशत साक्षरमात्र होइन शिक्षा, कला, साहित्य, विज्ञान प्रविधिमा पुरुषसरह अगाडि थिए । त्यतिबेला नेपालमा महिला साक्षरता १.८ प्रतिशत मात्र थियो भन्ने जानकारी पनि इ.रामबिन्दु श्रेष्ठले दिएका छन् । सोभियत रुसले क्रुप्स्काया, कोलोन्ताई र क्लारा जेट्किन जस्ता क्रान्तिकारी नेतृहरूलाई मात्र हुर्काएन बरु भ्यालेन्टिना टेरेस्कोभा जस्ता प्रतिभाहरू पनि जन्मायो । टेरेस्कोभा अन्तरिक्षमा पुग्ने पहिलो महिला थिइन् । उनले २६ वर्षको उमेरमा पृथ्वीलाई ४८ फन्को लगाएकी थिइन् । सोभियत रुस अर्थात् समाजवादले टेरेस्कोभा जस्ता हजारौँ हजार फूलहरू फुल्ने वातावरण दियो । यसरी मार्च ८ समाजवादी आन्दोलनको सिलसिला बन्यो । सन् १९४९ को चिनियाँ क्रान्ति, सन् १९४५ को प्रजग कोरियाली समाजवादी क्रान्ति, सन् १९५९ को क्युवाली क्रान्तिले पनि महिला आन्दोलनलाई समाजवादी क्रान्तिसँग जोड्यो ।

क्युवाली क्रान्तिको सन्दर्भमा नेता फिडेल क्यास्ट्रोले भन्नुभएको थियो - "क्रान्तिमा महिला सहभागिता र महिला मुक्ति मुद्दा क्रान्तिभित्रको पनि क्रान्ति हो । क्युवाली क्रान्तिले क्युवामा गरेको कठिन र महत्त्वपूर्ण काम भनेकै महिला मुक्ति अर्थात् श्रमिक महिलाको जीवनमा क्रान्ति हो ।" (पुस्तक क्युवामा क्रान्तिभित्रको क्रान्तिबाट)

समाजवादी व्यवस्था स्थापनापछि सिङ्गो व्यवस्था महिलाको शिक्षा, स्वास्थ्यको निम्ति लागिपऱ्यो । राज्य आफैँ महिलालाई सामाजिक दलनबाट माथि उठाउन नीति निर्माण गर्दै थियो । क्रान्तिपछि नेता फिडेल क्यास्ट्रोको निर्देशनमा महिला नेतृहरू भिल्मा इस्पिन, असेला डी लस सान्तोस योलान्डा फेरेरहरूले युगौँदेखि दबिएर रहेका क्युवाली महिलालाई खेतीपाती र घरको चौधेराबाट बाहिर ल्याउन शैक्षिक एवम् सांस्कृतिक आन्दोलन अगाडि बढाए । साक्षरता कक्षा, रात्री कक्षा हुँदै हजारौँ हजार विद्यालय, कलेज स्थापना गरे । राजनीतिमा महिला सहभागिता, श्रमबजारमा महिला उपस्थिति बाक्लो हुँदै गयो । क्युवामा श्रमिक महिला आन्दोलनबारे पुस्तक 'ध्कभल ष्ल ऋगदबस त्जभ ञबपष्लन या ब चभखयगितष्यल धष्तजष्ल तजभ चभखय( गितष्यल' ले प्रकाश पार्छ ।

आज क्युवामा सेवा क्षेत्र, चिकित्सा र शिक्षण पेशामा ६० देखि ७० प्रतिशत महिला छन् । ५० प्रतिशत महिला व्यवस्थापकीय ओहोदामा छन् । ५३.२२ प्रतिशत महिला सहभागिता संसद्मा छ । मन्त्रीमण्डलमा ३३ प्रतिशत क्युवाली महिला मन्त्री छन् । न्यायाधीशमा ७७.५ प्रतिशत महिला छन् । ७८ प्रतिशत वकिल या अधिवक्ता महिला छन् । ३४ प्रतिशत महिला स्वरोजगार छन् । समाजवादी मुलुकमा मात्रै यी सबै हुन सम्भव छ । क्युवा आज पनि मार्च ८ लाई समाजवादी आन्दोलनको महत्त्वपूर्ण हिस्साको रूपमा मनाउँछ ।

सन् १९७५ 'मार्च ८' को इतिहासमा संरा अमेरिकी षड्यन्त्र सतहमा आएको वर्ष हो । मार्च ८ मजदुर आन्दोलन हुँदै समाजवादी आन्दोलनको रूपमा अघि बढेको पश्चिमा विश्वलाई पटक्कै मन परेको थिएन । एकातिर नेता स्तालिनको मृत्युपछि सोभियत रुसमाथि प्रहार हुँदै थियो अर्कोतिर विश्वमा संरा अमेरिकाको प्रभुत्व स्थापित हुँदै थियो । त्यही समय संयुक्त राष्ट्र सङ्घ मार्फत सन् १९७५ मा 'अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस' मा 'श्रमिक' शब्द हटाएर नारी दिवस मात्र राख्ने प्रस्ताव गरियो । औपचारिक रूपमा सन् १९७७ बाट पुँजीवादी विश्वले अन्तर्राष्ट्रिय नारी दिवसमात्र मनाउन थाल्यो । त्यसको प्रमुख हतियार एनजीओ–आइएनजीओमार्फत् विश्वमै महिला आन्दोलनको वर्गीय भावनालाई मार्ने प्रयास गरियो । महिला मुद्दालाई मजदुर आन्दोलन, वर्गीय आन्दोलन, समाजवादी आन्दोलनबाट अलग्याउने कुत्सित प्रयत्न रोकिएन ।

त्यसपछि पुँजीवादी विश्वले मार्च ८ लाई मात्र एउटा लैङ्गिक मुद्दामा सीमित राख्यो । पुँजीवादी व्यवस्था अर्थात् पश्चिमा विश्वले आईएनजीओहरूलाई महिलाभन्दा महिलावादी बनाउन डलर लगानी गऱ्यो । त्यही डलरको पासोमा नेपाली शासक दलका महिला सङ्गठनहरू परेको देखिन्छ । नेपालमा महिला आन्दोलनको अध्ययनले यही भन्छ । शासक दलका महिला सङ्गठनहरू संसद्मा कामदार वर्गका महिलाको प्रतिनिधित्वको कुरा गर्दैनन् । कामदार वर्गका महिलालाई सक्षम, शिक्षित र दक्ष बनाउने कुरा गर्दैनन् । छोरीका लागि शिक्षाभन्दा सम्पत्तिको मुद्दा ठुलो ठान्छन् । देशमा एक दुई थान मन्त्री महिला भए परिवर्तन भइहाल्ने कुतर्क गर्छन् । मार्च ८ लाई पुरुषको सत्तोसराप गर्ने, महिलाको दुःखको कारण पुरुष हो भन्दै उफ्रिने दिनको रूपमा लिन्छन् । जुन गलत हो । क्लारा जेट्किनले त के भनेकी छिन् भने, "शोषणको व्यवस्थाविरुद्ध कामदार महिला आफ्नो वर्गका पुरुषको काँधमा काँध र हातमा हात मिलाई अघि बढ्नुपर्छ ।" क्लारा जेट्किनको तस्बीर देखाएर उनको भावना र विचार मार्ने काम नेपालका शासक महिला सङ्गठनहरू गर्दै छन् ।

विश्वमा महिलाभन्दा महिलावादी आन्दोलनले महिलाको लागि छुट्टै राज्य, भाषा, मिडिया आदि इत्यादिको माग गरेको पढ्न पाइन्छ । कुनै बेला नेपालको संसद्मा पनि विदेशी डलरबाट विवेक भ्रष्ट भएका महिलाले महिलाको लागि छुट्टै राज्य मागेको घटना पनि छ । के महिला मात्रको राज्य कल्पना गर्न सकिन्छ ? मानव समाजको इतिहासविपरीतको बुद्धि कसले दिन्छ ? कामदारवर्गीय महिला आन्दोलन कमजोर बनाउन पुँजीवादी विश्वमा आज पनि यस्तै खेल चल्दै छ ।

महिलावादी भएर होइन मार्क्सवादी अर्थात् वर्गसङ्घर्षको विचारले महिला मुक्ति सम्भव हुन्छ भन्छिन् स्रष्टा सिमोन द बोवुआर । 'महिलालाई दोस्रो दर्जा समाज व्यवस्थाले दिएको हो अन्यथा छोरी हुनु नितान्त प्राकृतिक विषयमात्रै हो' भन्ने विचार पनि उनैको हो । उनको पुस्तक 'महिलासँग गुमाउनलाई केही छैन' शीर्षकको पुस्तकमा महिलामाथि विवाह, परिवारको अवधारणाले थोपेको शोषणको कथा पढ्न पाइन्छ । मातृत्व, यौन र घरेलु श्रमभन्दा बाहिर महिला अधिकारबारे उनको सवाल मार्च ८ को भावनासँग मिल्दो छ ।

महिला इतिहासदेखि समाजमा उपेक्षित या दोस्रो दर्जामा रहँदै आएको होइन । आदिम समाजमा महिला पुरुषबिच भेद थिएन । कुनै बेला मातृसत्तात्मक समाज अर्थात आमाप्रधान समाज पनि थियो । उत्पादन सम्बन्धमा भएको परिवर्तनले पितृसत्तात्मक समाज जन्माएको हो । शारीरिक श्रममा निर्भर कृषि कर्म, सामन्तवादी समाजले पुरुषको प्रधानता स्थापित गऱ्यो । एङ्गेल्स परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्तिसँगै श्रमिक महिलामाथि शोषण तीव्र भयो भन्नुहुन्छ । तसर्थ, कामदार महिलामाथि शोषणको अवस्था उत्पादन सम्बन्धसँग जोडिएको हुन्छ, यो मार्क्सवादी विचार हो ।

आजको पुँजीवादी विश्वले महिलालाई वस्तुको रूपमा प्रयोग गर्छ । पुँजीपतिले अतिरिक्त मूल्य अर्थात् नाफाको निम्ति महिलाको प्रयोग या किनबेच गर्ने गर्छ । वैदेशिक रोजगारीको निम्ति खाडी पसेका कामदार महिलाको अवस्थाले पुँजीवादी व्यवस्थाको रङ उजागर गर्छ । 'केटीहरू' बुलेटिन अङ्क १० मा सोभियत रुसकी छोरी इरिना मालेन्कोभले लेखेकी छिन्, 'पुँजीवादी विश्वमा महिला, विश्वका हब्सी हुन्' सोभियत रुसमा कामदार महिलाको स्वर्ग बाँचिरहेकी उनले पहिलोपल्ट युरोप जाँदा महिलामाथिको शोषण र पशुसरहको व्यवहार देखिन् । कामदार महिलाको दाससरह किनबेच भइरहेको देखिन् र समाजवादी व्यवस्थाले मात्र महिलालाई मुक्त गर्छ भन्ने अनुभव गरिन् । उनको लेखमा समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थामा महिलाको स्थितिको तुलना छ ।

कार्ल मार्क्सले भन्नुभएझैँ विश्वका कामदार महिला दोहोरो शोषणमा परेका छन् । पुँजीवादी व्यवस्थाले गर्ने शोषण र पितृसत्तात्मक समाजको दलन । अहिले त साम्राज्यवादी युद्ध आतङ्कबाट महिला प्रताडित छन् । पछिल्लो तस्बिर प्यालेस्टिनमा देखियो । अहिलेसम्म ३० हजार ३ सयभन्दा बढी प्यालेस्टिनीको हत्या इजरायलले गरिसकेको छ । जसमा ७० प्रतिशत महिला र केटाकेटी छन् । युद्धको परकम्पको क्षति पनि महिला नै भोग्दै छन् । जातीय संहारका लागि महिला र केटाकेटी सिध्याउने साम्राज्यवादी युद्धविरुद्धको आवाज वास्तवमा यो मार्च ८ को आवाज हुनुपर्छ । व्यवस्था र युद्धविरुद्ध श्रमिक वर्गका महिला एक हुनु अन्तर्राष्ट्रिय कर्तव्य पनि हो ।

भारत र नेपालजस्तो सामन्तवादी अवशेष बाँकी भएको पुँजीवादी देशमा पुरुष अहङ्कार, अन्धविश्वास र अन्ध प्रथाहरूले कामदार महिलालाई नराम्रोसँग पीडा दिएको छ । छाउपडी प्रथा, बोक्सीप्रथा, दाइजोप्रथा सबै छोरीविरोधी प्रथा हुन् । विश्वमा सबैभन्दा बढी बलात्कार र सामूहिक बलात्कार हुने देशमध्ये भारत एक हो । पितृसत्तात्मक समाज व्यवस्थाको कारण भारतका महिला साक्षर भए पनि पछाडि परेका छन् भन्ने तथ्य ट्राइकन्टिनेन्टलले प्रकाशित गरेको पुस्तक 'समानता की कठिन राह पर भारत की महिलाएँ' ले उजागर गर्छ । भारतमा कामदार महिलाको स्थिति र नेपालको अवस्थाबारे तुलनात्मक अध्ययनमा पुस्तकले सघाउँछ । मार्च ८ को सँघारमै सुर्खेतमा ७ वर्षकी बालिका बलात्कृत भइन् । सालिन पोखरेल त विद्याको मन्दिरमा बलात्कृत पनि भइन् र हत्या पनि गरियो । निर्मला र भगीरथीहरूले न्याय पाएनन् । यो नेपालको तस्बिर हो । राष्ट्रपति महिला, प्रधानन्यायाधीश र मन्त्रीहरू महिला, कानुन निर्माणमा महिला सहभागिता ३३ प्रतिशत पुगेर पनि बलात्कारजस्तो जघन्य अपराध रोकिएन । बलात्कारको लागि मृत्युदण्डको विकल्प छैन । कानुनमा लेखौँ भन्दा नीति निर्माण तहका महिला नै नमानेको घटना भारतको जस्तै नेपालको पनि हो । नेपालको सन्दर्भमा राजनीतिमा महिला सहभागिताले सामाजिक दलन र अन्धविश्वासका कारण भइरहेको अपराधसमेत रोक्न सकेको छैन । त्यतिमात्र होइन महिला स्वास्थ्यबारे राज्य बेवास्ता गर्छ । पछिल्लो रिपोर्टअनुसार हरेक दिन ४ नेपाली महिला पाठेघरको मुखको क्यान्सरको कारण मृत्यु हुन्छ ।

तथ्याङ्कमा जाने हो भने राजनीतिमा महिला सहभागिताको विश्वव्यापी औसत २३.८ प्रतिशत हो । एसियाको हकमा १९.८ प्रतिशत । यो हिसाबले नेपालको राजनीतिमा महिला सहभागिता ३३ प्रतिशत बढी नै हो । यसले महिलामाथि हुने शोषण रोकिएन । महिला बेचबिखन, अहिले त श्रमशक्तिको नाममा म्यानपावर कम्पनीले खाडी मुलुकमा महिला बेचबिखन गर्दै छ, राज्यको समेत लगानी छ । यसर्थ, कामदार महिला, शिक्षित महिला, सक्षम महिला राजनीतिमा हुनु आजको अवश्यकता हो ।

आज पनि महिलालाई श्रमशक्तिको रूपमा विकास गरिएको छैन । पछिल्लो तथ्याङ्कअनुसार विश्वमा २ अर्ब ७० करोड महिलाले पुरुष सरह आफ्नो काम रोज्न पाउँदैनन् । ६९ वटा देशमा महिलाले काम चुन्ने अधिकारलाई कानुनले रोकेको छ । ४३ देशमा काम गर्ने ठाउँमा महिलामाथि हुने हिंसाविरुद्ध कुनै कानुन छैन । महिला र पुरुषबिच काममा सहभागिताको खाडल ३० प्रतिशत छ । विश्वमै आज पनि ७३.५ प्रतिशत महिला कामदारको ज्यालाको ग्यारेन्टी र सामाजिक सुरक्षा छैन । अहिले जलवायु परिवर्तनको प्रत्यक्ष असरले महिलालाई श्रमविहीन बनाउने खतरा बढेको छ । १ अर्ब २० करोड काम जलवायुसँग जोडिएको छ । जलवायु परिवर्तनले एकैचोटि १५ करोड ८३ महिलाले काम गुमाउनुपर्ने र गरिबी बढ्ने पूर्वानुमान छ । नेपालजस्तो देशलाई यसको प्रत्यक्ष असर जरुर पर्नेछ । तसर्थ, समयले फेरि महिलालाई स्वदेशमै श्रमशक्तिको रूपमा विकास गर्ने आन्दोलनको आवश्यकता बोध गराउँदै छ । मजदुर आन्दोलनबाट सुरु भएको मार्च ८ को मर्म यही हो । पुँजीवादी बन्दोबस्त र साम्राज्यवादी युद्ध अपराधविरुद्ध कामदारवर्गीय महिला आन्दोलन उठाउनु आजको आवश्यकता हो ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-७

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो । यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ । यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जीएसआई) बाट लिइएको हो । यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्र्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो । दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ । पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने सन्दर्भ सामग्रीहरू दिइएको छैन । अनुवादक)*

## प्रविधि र सौम्य शक्ति

यस प्रक्रियासँगै प्रविधि र उत्पादक शक्तिमा ठूल्ठूला परिवर्तन आइरहेका थिए । उदाहरणको लागि, सन् १९५४ सम्ममा सेमिकन्डक्टरको आविष्कारले ट्रान्जिस्टरको घनत्व १०० अर्ब गुणा बढाइदियो । पहिलोचोटि सिलिकन धातुको ट्रान्जिस्टर बन्यो । सन् २०२३ को जूनमा एप्पल एम-२ अल्ट्राचीप बनेसँगै त्यसको घनत्वमा १३४ अर्ब गुणा वृद्धि आएको छ ।

प्रविधिको क्षेत्रमा अमेरिका शक्तिमा आउनुका दुई कारण थिए । पहिलो, सैन्य-उद्योग साँठगाँठमा प्राविधिक उन्नतिको महत्त्व बढ्नु । दोस्रो, विश्व व्यापारमा अमेरिकी प्रभुत्वले गर्दा सिलिकन उपत्यकाको हुकुम स्थापित गर्नका लागि व्यापारिक बल देखाउन सम्भव हुनु । तसर्थ, सिलिकन उपत्यका राज्य-सेना-खुफियातन्त्र लागु गर्ने निकाय मात्र नभई यो साँठगाँठबाट लाभ लिने निकाय पनि हो ।

'नेटवर्क प्रभाव' को नाममा धेरै प्राविधिक क्षेत्रमा धमाधम 'प्राकृतिक' एकाधिकार र अल्पतन्त्र स्थापना गर्न दिइयो । सय वर्षअघि हुने फोन सम्पर्कहरूमा जस्तै गुगल जस्ता कम्पनीले एकचोटि बजारमा सीमा तोकेपछि र मनिटाइज वा मुद्राकरण गरेपछि तिनीहरू अल्पतन्त्रमा बदलिन्छन् । क्लाउड कम्प्युटिङजस्ता प्रविधिका कारण अमेजन कम्पनी एकमात्र खुद्रा उद्योग एकाधिकार बन्न पुगेको छ । नयाँ बजारहरूमा उसले गुगल र माइक्रोसफ्टलाई पनि टक्कर दिइरहेको छ ।


'सौम्य शक्ति' सन् १९८० को दशकमा जोसेफल न्येले प्रयोगमा ल्याएका थिए । तर, यो शब्दावली अमेरिकी साम्राज्यवादको सन्दर्भमा एन्टोनियो ग्राम्स्कीले अघि सारेको प्रभुत्वको अवधारणाकै विस्तार मात्र थियो । संस्कृति, सूचना, मनोरञ्जन, गैरसरकारी संस्था, प्राज्ञ तथा थिङ्क ट्याङ्क 'उद्योगहरू' अमेरिकाको विश्व प्रभुत्वकै हाँगाबिँगा हुन् । यिनीहरू सबै साझा केन्द्रीकृत सञ्चार उद्योगमा निर्भर छन् । समुद्रमुनि बिछ्याइएका अप्टिकल केबल, भूउपग्रह, दूरसञ्चार सञ्जाल, विस्तृत डाटा केन्द्र तथा ट्वीटर (एक्स), फेसबुक एवम् गुगलजस्ता डिजिटल सञ्चार संस्थाहरू सबै यही केन्द्रीकृत सञ्चार उद्योगमा आउँछन् ।

**गत शताब्दीमा सञ्चार प्रविधिका लगभग पाँच चरण देखापरे** :

१.रेडियो, टेलिफोन र 'फिल्म हल' जस्ता आमसञ्चार (सन् १९२०-१९५०)
२. टेलिभिजन र मेडिसन एभेन्यु विज्ञापन संस्थाको उदय (सन् १९५०-१९०७)
३. डिजिटल क्रान्ति, (सन् १९६९ मा अमेरिकी सेनाको परियोजनाको रूपमा सुरु भएको) इन्टरनेटको विश्वव्यापी विस्तार (सन् १९८०-२०००)
४. मोबाइल र पहिलो पुस्ताको सामाजिक सञ्जाल (सन् २000-२००५)
५. मोबाइलको बिगबिगी, स्मार्ट उपकरण तथा नेटफ्लिक्स, अमेजन प्राइम, डिज्ने+, सिजिआइ, अगमेन्टेड एन्ड भर्चुअल रियालिटीजस्ता ओटीटी भिडियो प्रशारण एकाधिकार तथा लगत्तै एआइ प्रभावित मिडिया (सन् २००५-आजसम्म)

यी पाँचै चरणका प्रविधिको भरपुर व्यावसायीकरण गरिएको थियो र पछि अमेरिकी सैन्य तथा गुप्तचर निकायहरूको निगरानीमा राखेर पाँचैलाई 'हतियारीकरण' गरिएको थियो । यो साँगगाँठका लागि अमेरिकी सिने जगत हलिउड कुख्यात छ । ल्याकतका हिसाबले यी प्रविधिको पाँचौं पुस्ताले गुणात्मक र मात्रात्मक फड्को मारेको छ । अमेरिकी प्रविधि र मिडिया कम्पनीहरू अमेरिकी प्रभुत्वकै औजार हुन् । यिनले दक्षिणी गोलार्द्धका युवाहरूको आवाजमा प्रभावशाली नियन्त्रण जमाएका छन् । अहिले सञ्चार सञ्जाल 'एक्स' को प्रयोग घटिरहेकै

Figure 17




Source: Global South Insights
Note: Countries within each ring are ordered by declining GDP (as of 2022)

किन नहोस्, यो बकबक गर्ने कक्षा बनिरहेको थियो । त्यसैगरी फेसबुक, इन्स्टाग्राम र नेटफ्लिक्सजस्ता प्रशारण सेवा कामदार वर्गका अरबौं जनताको जीवनमा घुसिसकेका छन् ।

भारतकै उदाहरण लिगौं । सन् २०२३ को पहिलो दश महिनामै भारतमा इन्टरनेटका नयाँ ५१ करोड दर्शक थपिएका थिए । तिनले ३७१ अर्ब घन्टा इन्टरनेटमा बिताएका थिए र त्यसक्रममा २९ खर्ब भिडियो हेरेका थिए । यसमध्ये १०५ अर्ब घन्टा सामाजिक सञ्जालमा बिताएका थिए, ७४ अर्ब घन्टा मनोरञ्जनमा, १०.५ अर्ब घन्टा समाचारमा, १० अर्ब घन्टा किनमेलमा र १२.८ अर्ब घन्टा अन्य वित्तीय कारोबारमा बिताएका थिए । सन् २०२३ को अक्टोबरमा १८-२४ वर्ष उमेर समूहका व्यक्तिहरूले औसत ९४० मिनेट समय इन्स्टाग्राम, ७०८ मिनेट युट्युबमा, ३८७ मिनेट फेसबुकमा र ११७ मिनेट एक्समा बिताएका थिए । सबै उमेर समूहका व्यक्तिले फेसबुक, इन्स्टाग्राम र एक्समा बिताएको समय सन् २०२० को जनवरीमा बिताएको भन्दा दोब्बर थियो । सन् २०२३ अक्टोबरमा ओटिटी भिडियो प्रशारणमा दर्शकहरूको घुइँचो थियो; डिज्नेमा १७ करोड दर्शक थिए, म्याक्स प्लेयरमा ९ करोड ९० लाख, जियोसिनेमा तथा जी-५, नेटफ्लिक्स र सोनीजस्ता प्रशारण संस्थामा ९ करोड २० लाख दर्शक थिए । भारतीय प्रशारण संस्था म्याक्स प्लेयर अहिले अमेजनसँग सम्झौता वार्तामा रहेको समाचार छ भने जियोसिनेमा रिलायन्स, प्यारामाउन्ट र जेम्स मर्डोखसँग सम्बन्धित छ । बलिउड फस्टाइरहे पनि भारतमा हलिउडको समेत उपस्थिति छ ।

विश्वभरि पश्चिमा मिडियाले सामाजिक सञ्जालमा चारथरी सेन्सर लगाएको छ । पहिलो, छद्म प्रतिबन्ध वा भित्रभित्रै दर्शकलाई दबाएर गरिने घोस्टिङ । दोस्रो, आफू अनुकूल विषयवस्तुलाई प्राथमिकतामा चढाउन र प्रतिकूल विषयवस्तुलाई रसातलमा हाल्न वा हटाउन सेतो र कालो सूचीको प्रयोग । तेस्रो, निजी अदृश्य अलगोरिदमको मेनिपुलेसन वा चालबाजी । र चौथो, विषयवस्तु वा प्रयोगकर्तामाथि दमन वा सिधै निस्काशन । चौथो सेन्सर हिजोआज धेरै देखिएको छ ।

इन्टरनेटको ७३ प्रतिशत गतिविधि तथाकथित 'ब्याड बोट्स' (स्वचालित सफ्टवेयर) ले गर्ने गरेको आँकलन छ । यस्ता सफ्टवेयरमध्ये कतिपय खासगरी संरा अमेरिका र इजरायलले बनाएका फर्जी प्रयोगकर्ताबाट नियन्त्रित छन्; अथवा राज्य नियन्त्रित छन् । यीमध्ये आधा गतिविधिमा घुसपैठिया प्रविधि प्रयोग हुन्छन् । यिनले मानव व्यवहारको नक्कल गर्छन् । अमेरिकी सौम्य शक्ति अभियानहरूमा यस्ता धेरै दाउपेचको व्यवस्थित प्रयोग गरिन्छ । निर्वाचन र जनताको मनोदशासँग पनि यिनै प्रविधि प्रयोग गरी खेलिन्छ ।

'अमेरिकाको सांस्कृतिक वर्चस्व' बारे चिन्ता व्यक्त गर्दै 'फिनान्सियल टाइम्स' ले लेख्यो - "व्यापक सांस्कृतिक पहुँच कायम गर्नु महाशक्तिको चुचुरोबाट झर्दै गर्दा एउटा रमाइलो सिरानी हुनसक्छ । तर, त्यसमा ननिदाउनु नै काइदा हुन्छ ।"

यद्यपि प्रत्येक मोबाइल, एकएक म्यासेज र मोबाइलको थिचाइमाथि अमेरिकी गुप्तचरको निगरानी हुन्छ । यो सूक्ष्म निगरानी दक्षिणी गोलार्द्धको लागि अत्यन्त ठुलो चुनौती हो । डिजिटल सार्वभौमिकतामा गम्भीर हुनैपर्छ । यसलाई बेवास्ता गर्न सकिन्न ।

## उत्पादनसँग नजोडिएको फर्जी पुँजी

कार्ल मार्क्सले पुँजीको तेस्रो खण्डमा फर्जी पुँजीको उदयबारे आलोचनात्मक विश्लेषण गर्नुभएको छ ।

अन्तर्राष्ट्रिय साझेदारी बैङ्क (बीआईएस) को पछिल्लो प्रतिवेदनअनुसार सन् २०२३ को अन्त्यसम्ममा फर्स्यौट नभइसकेका करारको कूल अनुमानित मूल्य (यसमा ब्याजदर, विदेशी सञ्चिती र इक्विटी वा हिस्सेदारी पनि पर्छन्) ७१५० खर्ब डलर पुगेको छ । ६ महिनामै यसमा १६ प्रतिशत बढोत्तरी आएको हो । यो भनेको विश्वको कूल गार्हस्थ उत्पादनको चार गुणा हो । चालु विनिमय दरका हिसाबले विश्व गार्हस्थ उत्पादनको सात गुणा हो ।

यी करारको कूल बजार मूल्य झन्डै २०० खर्ब डलर थियो ।

ब्रिजवाटर एसोसियट्सजस्ता सुरक्षित कोष (हेज फन्ड) र ब्ल्याक-रकजस्ता निजी इक्विटी कम्पनीहरू योभीमकाय सट्टाबजारमा छन् । यो कारोबार बुझ्न एउटा सजिलो उदाहरण छ । दुइटा ऐनाबिच अलि ढल्किएर उभिएको खण्डमा हामीले आफ्नै छायाँको लामो लस्कर देख्न सक्छौं । हामी वास्तविक हुन्छौं तर हाम्रो छायाँ क्षणिक हुन्छ ।

पुँजी फर्जी भए पनि त्यसको असर वास्तविक हुन्छ । आजभोलि एक मिलिसेकेन्डमै खरबौं अमेरिकी डलरको दरमा दक्षिणी गोलार्द्धका प्राकृतिक स्रोत र कम्पनीहरूको लुटपाट भइरहेको छ ।

## सन् २००८-२०२२ : एक सङ्क्रमण

सन् १९९१ मा सोभियत सङ्घको पतन भयो । यसले गर्दा अमेरिकी राजधानीबाट सञ्चालित साम्राज्यवादको मनोबल बढेर असीमित भयो । त्यसपछि तिनीहरूले पूर्व सोभियत सङ्घको बजार दोहन गरे र आफ्नो 'स्वाभाविक भाग्य' देखेर मक्ख परे । विदेश सम्बन्ध परिषद लगायत अमेरिकाका रणनीतिक संस्थानहरूमा 'इतिहासको अन्त्य' को अवधारणा र एकध्रुवीयताको भावना व्याप्त भयो ।

आफ्नो अर्थतन्त्रमा पुँजी रचनाको दर ओरालो लागेपछि र वित्तीयकरण एवम् बौद्धिक सम्पत्तिको हकले एकाधिकार अझ चर्काएपछि पुँजीको ठूलो हिस्सा उत्पादनमा लगानी हुन छोड्यो । यसले अल्पकालीन नाफामा जोड दिँदै गयो । पुँजी झन् बढी वित्तीय अड्कलबाजी वा सट्टाबाजीमा केन्द्रित भयो ।

*बाँकी पृष्ठ ९ मा*

| Number of bases | Country/territory (US Military Bases in Global North, 2023) |
|---|---|
| 50+ | Germany (171), Japan (98) |
| 20-49 | Italy (45), United Kingdom (25) |
| 5-19 | Australia (17), Belgium (12), Portugal (9), Romania (9), Norway (8), Israel (7), Netherlands (7), Greece (5), Poland (5) |
| 1-4 | Bulgaria (4), Iceland (3), Spain (3), Canada (2), Georgia (2), Hungary (2), Latvia (2), Slovakia (2), Cyprus (1), Denmark (1), Estonia (1), Greenland (1), Ireland (1), Kosovo (1), Luxembourg (1) |
| **Total** | **445** |

*Source: Global South Insights elaboration based on World Beyond War. (figure 7)*

| Number of bases | Country/Territory (US Military Bases in Global South, 2023) |
|---|---|
| 50+ | Rep. Korea (62) |
| 20-49 | Guam (45), Puerto Rico (34), Syria (28), Saudi Arabia (21) |
| 5-19 | Panama (15), Turkey (12), Philippines (11), Bahrain (10), Iraq (10), Marshall Islands (10), Bahamas (9), Belize (9), Honduras (9), Niger (9), Guatemala (8), Jordan (8), Kuwait (8), Oman (8), Pakistan (8), Egypt (7), Colombia (6), El Salvador (6), Somalia (6), Northern Mariana Islands (5), Peru (5), Qatar (5) |
| 1-4 | Cameroon (4), Costa Rica (4), Virgin Islands (U.S.) (4), Argentina (3), Central African Republic (3), Chad (3), Kenya (3), Mauritania (3), Nicaragua (3), Palau (3), Thailand (3), United Arab Emirates (3), American Samoa (2), Brazil (2), Diego Garcia (2), Djibouti (2), Dominican Republic (2), Gabon (2), Ghana (2), Mali (2), Singapore (2), Suriname (2), Tunisia (2), Uganda (2), Yemen (2), Antarctica (1), Aruba (1), Ascension (1), Botswana (1), Burkina Faso (1), Burundi (1), Cambodia (1), Chile (1), Cuba (1), DR Congo (1), Indonesia (1), Netherlands Antilles (1), Samoa (1), Senegal (1), Seychelles (1), South Sudan (1), Uruguay (1), Wake Island (1) |
| **Total** | **457** |

*Source: Global South Insights elaboration based on World Beyond War. (figure 8)*


# कूटनीतिमा सी चिनफिङ विचार र नयाँ युगमा चिनियाँ विशेषतासहित 'प्रमुख देशको कूटनीति'

✍ यांग जिमियान

'प्रमुख देशको कूटनीति' ले विश्वव्यापी मञ्चमा ठूलो र प्रभावशाली राष्ट्रहरूको कूटनीतिक गतिविधि र रणनीतिहरूलाई बुझाउँछ ।

कूटनीति सञ्चालन गर्नेबारे 'सी चिनफिङको विचार' आधुनिक युगमा चीनलाई कसरी अगाडि बढाउनेबारे उहाँको बृहत्तर सोचको एउटा हिस्सा हो । वास्तवमा यी विचारहरू चीनले कूटनीति कसरी सञ्चालन गर्छ भन्नेबारे मार्क्सवादी विचारहरूको मिश्रणबाट आएको हो । आजको संसारमा चीनको विशेष कूटनीति कसरी सफल हुन सक्छ भन्ने बारेमा सीको विचारले मार्गदर्शन प्रदान गर्दछ ।

चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को २० औं राष्ट्रिय महाधिवेशनका विचारहरूलाई सम्पूर्ण पार्टीले गहिरो रूपमा अध्ययन गरिरहेको हुनाले पहिलाभन्दा बढी महत्त्वका साथ नयाँ युगमा समाजवादबारे सी चिनफिङको विचारलाई पूर्णरूपले बुझ्ने र त्यसलाई इमानदारीपूर्वक पालन गर्नु आवश्यक छ । चीनलाई हरेक पक्षमा बलियो, आधुनिक समाजवादी राष्ट्र बन्न मद्दत गर्नु तथा थप दृढ सङ्कल्पका साथ आफ्नो आधुनिकीकरणको मार्गबाट चीनलाई पुनरुत्थान गर्नु महत्त्वपूर्ण हुन्छ ।




**व्यावहारिक आधार र आन्तरिक तथा बाह्य वातावरण कूटनीतिमा सी चिनफिङ विचार**

महान् अभ्यासले महान् युग र महान् सिद्धान्त उत्पन्न गर्दछ । चीन र विश्वभर परिवर्तन भइरहेको आधारमा कूटनीतिको बारेमा सी चिनफिङका विचारहरू विकसित भएका हुन् ।

जनवादी गणतन्त्र चीन स्थापना भएको विगत ७० वर्षदेखि, विशेषगरी सुधार र खुलापनको चालीस वर्षदेखि, अन्तर्राष्ट्रिय प्रतिष्ठा र बढ्दो भूमिकाका साथ चीनको वैदेशिक सम्बन्धको निरन्तर विकास भइरहेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको अठारौं राष्ट्रिय महाधिवेशनदेखि नै सी चिनफिङको विचारबाट निर्देशित चीनको कूटनीतिले महत्त्वपूर्ण र ऐतिहासिक सफलता हासिल गरेको छ । यी उपलब्धिहरूले धेरै लामो समयदेखि रहेका समस्याहरू समाधान गरेका छन् र परिवर्तनशील संसारमा यसको महत्त्व छ । साथै अहिले भइरहेको परिवर्तन सय वर्षको तुलनामा धेरै तीव्र छन् । धेरै देशहरूले संरक्षणवादलाई पक्षपोषण गरिरहेका छन् । विश्वव्यापी अर्थतन्त्र सङ्घर्षरत छ । यसको अतिरिक्त वित्तीय मुद्दाहरूसँग सम्बन्धित कारकहरूको कारणले गर्दा विश्वभर वस्तुहरूको उत्पादन र बिक्रीमा प्राय: अवरोध भइरहेको छ । पश्चिमी राष्ट्रहरू, विशेषगरी संयुक्त राज्य अमेरिका अझै पनि शीतयुद्धको समयमा जस्तै सोच्दै छ । तिनीहरूले द्वन्द्वहरू निम्त्याउँदै छन् जसले राजनीति, अर्थशास्त्र, प्रविधि, संस्कृति र सुरक्षाजस्ता क्षेत्रमा विभिन्न देशहरूबिचको सम्बन्ध थप तनावपूर्ण बन्दै छ । संसार एउटा अशान्त र परिवर्तनशील समयबाट गुज्रिरहेको छ ।

सी चिनफिङको कूटनीतिक विचारधाराले सधैं तथ्यबाट सत्य खोज्ने वैज्ञानिक दृष्टिकोण अपनाएको छ । यसले आन्तरिक र अन्तर्राष्ट्रिय वातावरणमा सही निर्णयहरू दिएको छ । घरेलु मोर्चामा, १९ औं चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय महाधिवेशनको प्रतिवेदनले औंल्याएको छ, "हाम्रो देश अझै लामो समयसम्म समाजवादको प्राथमिक चरणमा रहेको हुँदा चिनियाँ सन्दर्भको आधारभूत आयाममा परिवर्तन भएको छैन । विश्वको सबैभन्दा ठूलो विकासोन्मुख देशको रूपमा चीनको अन्तर्राष्ट्रिय हैसियतमा कुनै परिवर्तन आएको छैन ।" भनिन्छ, ऐतिहासिक र द्वन्द्वात्मक भौतिकवादले हामीलाई द्वन्द्वात्मक एकताको रूपमा परिवर्तन र निरन्तर अन्तरक्रिया गर्न सिकाएको छ । जहाँसम्म समाजवादको प्रारम्भिक चरणको सवाल छ, चीन एक नयाँ सुरुवात बिन्दु 'नयाँ विकासको चरण' मा छ ।

महासचिव सी चिनफिङको विस्तृत विवरणमा उल्लेख छ, "हामी अहिले जुन विकासको चरणमा छौं, त्यो समाजवादको पहिलो चरणको अंश हो । यो नयाँ चरणमा हाम्रो पार्टीले जनतालाई आफ्नै खुट्टामा उभिन मार्गदर्शन गर्नेछ र धनी बन्नेदेखि अझ बलियो बन्नेतर्फ ठूलो परिवर्तन गर्नेछ । यो ठूलो लक्ष्य पूरा गर्न अर्को ३० वर्ष लाग्नेछ ।"

सबैभन्दा ठूलो विकासोन्मुख देशको रूपमा चीनको विश्वव्यापी छविको कुरा गर्नुपर्दा, विकासका विभिन्न चरणहरूमा विशिष्ट लक्ष्य र सर्तहरू समयसँगै विकसित भइरहेका छन् । चिनियाँ कम्युनिस्ट पार्टीको २० औं राष्ट्रिय महाधिवेशनको प्रतिवेदनमा उल्लेख गरिएअनुसार चीन एक महत्त्वपूर्ण विकासशील राष्ट्रको रूपमा 'विश्व विकास सहयोग' को लागि थप स्रोतहरू विनियोजन गर्न तयार छ । यसले अधिक विकसित र कम विकसित राष्ट्रहरूबिचको खाडल घटाउने र अन्य विकासशील देशहरूलाई उनीहरूको विकास प्रक्रियालाई गति दिन मद्दत गर्ने वाचा गर्दछ । जहाँसम्म आधारभूत अन्तर्राष्ट्रिय परिस्थितिको सवाल छ, अन्तर्राष्ट्रिय परिदृश्यमा भएका गहिरो परिवर्तनका आधारमा चिनियाँ कम्युनिस्ट पार्टीको २० औं राष्ट्रिय महाधिवेशनको प्रतिवेदनले निम्न टिप्पणी गरेको छ, "आज हाम्रो संसार, हाम्रो समय र इतिहास यसरी परिवर्तन हुँदै छ जुन पहिले कहिल्यै थिएन । शान्ति, विकास, सहयोग र आपसी हितका ऐतिहासिक प्रवृत्तिहरू अजय छन् । जनताको इच्छा र हाम्रो समयको सामान्य प्रवृत्तिले अन्तत: मानवताको लागि उज्ज्वल भविष्यको नेतृत्व गर्नेछ । तैपनि, शक्तिको प्रयोग गरी कमजोरलाई तर्साउने, बल र छलले अरूबाट खोस्नेजस्ता आधिपत्यवादी, अहङ्कारी र धम्कीपूर्ण कार्यहरूले गम्भीर हानि पुऱ्याइरहेका छन् । शान्ति, विकास, सुरक्षा र सुशासनमा क्षय हुँदै गएको छ । संसार फेरि इतिहासको चौबाटोमा आइपुगेको छ । यसको भविष्यको दिशा विश्वका सबै जनताले तय गर्नेछन् ।'' यस महत्त्वपूर्ण समयमा कूटनीतिको बारेमा सी चिनफिङका विचार महत्त्वपूर्ण मार्गदर्शन र सिद्धान्त हुन् भन्ने कुरामा कुनै शङ्का छैन ।

जटिल र निरन्तर परिवर्तन हुँदै गइरहेको अन्तर्राष्ट्रिय परिदृश्यको बिचमा चीनको विशिष्ट कूटनीतिक शैलीले विश्व कूटनीति क्षेत्रमा नयाँ गतिशीलता ल्याउन योगदान दिएको छ । पहिलो, नयाँ युगमा चिनियाँ विशेषतासहितको प्रमुख देशको कूटनीतिले मानवजातिको साझा भविष्यसहितको समुदाय निर्माण गर्ने सर्वोच्च लक्ष्यलाई पहिचान गरेको छ । महासचिव सी चिनफिङले विश्व विकासको अगुवाइ पहल र विश्वव्यापी सुरक्षा अगुवाइलाई क्रमश: अगाडि बढाउनुभएको छ । यसले मानव जातिको साझा भविष्यसहितको समुदाय निर्माण गर्ने विचारलाई थप समृद्ध बनाएको छ । मानव जातिको साझा भविष्यका साथ समुदाय निर्माण गर्ने विचार संयुक्त राष्ट्र सङ्घ र अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरूको दस्तावेजमा पूर्णरूपमा प्रतिबिम्बित छ । चीन र अफ्रिका, अरब, ल्याटिन अमेरिका, आसियान देशहरू र मध्य एसियाबिचको साझेदारीको निर्माणमा उल्लेखनीय प्रगति भएको छ र एकसाथ राम्रो भविष्य साझा गर्ने लक्ष्य राखिएको छ । साथै, चीन विभिन्न क्षेत्र र स्तरहरूलाई समेट्ने व्यापक र विविध कूटनीतिक योजनाको साथ अगाडि बढिरहेको छ । चीनले क्रमश: समानता, खुलापन र सहयोगको विश्वव्यापी साझेदारी सञ्जाल स्थापना गरेको छ । शान्तिपूर्ण सहअस्तित्व, सर्वाङ्गीण स्थायित्व र सन्तुलित विकासको लागि 'प्रमुख राष्ट्र सम्बन्ध' को रूपरेखा निर्माण गर्न सशक्त प्रयासहरू भएका छन् । मित्रता, इमानदारी, पारस्परिक लाभ र समावेशीता र छिमेकीसँग मित्रता र साझेदारी निर्माण गर्ने सिद्धान्तमा आधारित छिमेकी कूटनीतिबाट निर्देशित भएर चीनले छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई प्रगाढ बनाएको छ । साझा हित र व्यापक हितको लागि इमानदारी, वास्तविक परिणाम, सौहार्दता र सद्भावनाको सिद्धान्तलाई कायम राख्दै चीनले विकासोन्मुख देशहरूको ठूलो सङ्ख्यासँग ऐक्यबद्धता र सहयोग विस्तार गरेको छ । फलस्वरूप, सर्वव्यापी सहयोग संयन्त्रहरू सक्रिय भएका छन् ।

अन्तमा, चीन सक्रियरूपमा विश्वव्यापी सुशासनमा संलग्न छ । यसले संयुक्त राष्ट्र सङ्घको केन्द्रमा रहेको अन्तर्राष्ट्रिय प्रणाली, अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय व्यवस्था र राष्ट्रहरूले कसरी अन्तरक्रिया गर्ने भन्ने मार्गदर्शन गर्ने आधारभूत नियमहरूलाई दृढतापूर्वक संरक्षण गर्दछ । यी सबै संयुक्त राष्ट्रको बडापत्रका सिद्धान्तमा निहित छन् । यसले विश्वव्यापी सुशासनलाई अझ निष्पक्ष र न्यायपूर्ण बनाउन मद्दत गर्दछ र विश्व शान्ति र विकासमा सकारात्मक ऊर्जा ल्याउँछ ।

उदाहरणको लागि, चीनले संयुक्त राष्ट्र सुरक्षा परिषद्को स्थायी सदस्यको रूपमा आफ्नो जिम्मेवारी र दायित्वहरू विश्वासका साथ पूरा गरेको छ । यसले संयुक्त राष्ट्र शान्ति मिसनहरूमा कुल ५०,००० भन्दा बढी कर्मचारीहरू पठाएको छ र संयुक्त राष्ट्र र यसको शान्ति स्थापना कार्यहरूमा दोस्रो ठूलो कोष योगदानकर्ता बनेको छ । अर्को उदाहरणको लागि चीनले सहस्राब्दी विकास लक्ष्यहरू प्राप्त गर्न र दिगो विकासका लागि संयुक्त राष्ट्र २०३० एजेन्डा कार्यान्वयन गर्न अग्रणी भूमिका खेलेको छ, जसले विश्वव्यापी गरिबी न्यूनीकरणमा ७० प्रतिशतभन्दा बढी योगदान पुऱ्याउँछ । चीनले आफ्नो विकासले विश्वलाई नयाँ अवसर दिएको छ । धेरै वर्षदेखि लगातार चीनले विश्व आर्थिक वृद्धिमा औसत ३० प्रतिशतभन्दा बढी योगदान दिएको छ ।

पेरिस सम्झौतालाई गम्भीरतापूर्वक पालना गर्न चीन प्रतिबद्ध छ । यसले आफ्नो कार्बन उत्सर्जन कहिले चरम हुन्छ र कहिले कार्बन तटस्थ हुन्छ भन्ने लक्ष्य तोकेको छ । यसले राष्ट्रियरूपमा निर्धारित योगदान पनि गरेको छ । यो जलवायु परिवर्तनविरुद्ध लड्न एक महत्त्वपूर्ण कदम हो र यस्तै धेरै उदाहरणहरू छन् ।

**कूटनीतिमा सी चिनफिङका विचारहरूको सैद्धान्तिक प्रभाव र रूपरेखा**

चिनियाँ कूटनीतिमा एक वास्तुकारको रूपमा महासचिव सी चिनफिङले विश्व परिस्थितिको उतारचढाव बुझ्दछन् र विश्वव्यापीरूपमा के भइरहेको छ भन्ने थाहा छ । उहाँले धेरै नयाँ र अद्वितीय कूटनीतिक योजना र विचारहरू लिएर आउनुभएको छ । यसले कूटनीतिमा सी चिनफिङ विचारको जन्म दिएको छ । यसले ठूला विश्वव्यापी समस्याको समाधानको लागि 'चिनियाँ उपाय' प्रदान गर्दछ र राम्रो संसार बनाउन मद्दत गर्दछ । सरल शब्दमा भन्नुपर्दा, कूटनीतिमा सी चिनफिङको विचारलाई दस मुख्य बुँदामा विभाजन गर्न सकिन्छ । यी हुन् :

१. चिकपा केन्द्रीय समितिको नेतृत्वको पालना गर्नु र बाह्य मामिलाहरूमा पार्टीको नियन्त्रणलाई बलियो बनाउनु ।
२. देशलाई बलियो बनाउन चीनको अद्वितीय कूटनीति शैलीलाई प्रवर्द्धन गर्ने ।
३. सबैका लागि राम्रो भविष्य निर्माण गर्न विश्वव्यापी शान्ति र सहयोगतर्फ काम गर्ने ।
४. चीनको समाजवादी व्यवस्थामा विश्वास राख्ने ।
५. सहयोग र साझा लाभहरूमार्फत बेल्ट एन्ड रोड इनिसिएटिभको विकास गर्ने ।
६. पारस्परिक सम्मान र सहयोगबाट शान्तिपूर्ण विकास हासिल गर्ने ।
७. चीनको कूटनीतिक लक्ष्यहरू अगाडि बढाउँदै विश्वभर साझेदारीहरू निर्माण गर्ने ।
८. विश्वव्यापी शासनमा निष्पक्ष र समतामूलक सुधारहरूमा जोड दिने ।
९. अन्य देशहरूसँग संलग्न हुँदा चीनको मुख्य हितहरूको रक्षा गर्ने ।
१०. आधुनिक समयलाई अनुकूलन गर्दै चीनको कूटनीतिक परम्परालाई कायम राख्ने ।

यी बुँदाहरूले नयाँ युगमा चीनको कूटनीतिको उद्देश्य, लक्ष्य र सिद्धान्तको रूपरेखा कोर्छ । चीनले के हासिल गर्ने लक्ष्य राखेको छ र कसरी गर्ने योजना प्रस्ट पारेको छ ।

# मुनरो सिद्धान्त : दोषी साम्राज्यवादको दुई शताब्दी

✍ हेन्ज डाइटेरिच

सन् १८२३ मा यसको स्थापना भएदेखि नै मुनरो सिद्धान्त ल्याटिन अमेरिकातर्फ संयुक्त राज्य अमेरिकाको विदेश नीतिलाई मार्गदर्शन गर्ने वैचारिक अभिव्यक्ति भएको छ । यसको आन्तरिक प्रकृतिले यस क्षेत्रमा अमेरिकी विस्तार र प्रभुत्वको साधनको रूपमा काम गरेको छ ।

संयुक्त राज्य अमेरिकाको स्वतन्त्रताको प्रारम्भिक वर्षदेखि, मुनरो सिद्धान्त एक मार्गदर्शक सिद्धान्तको रूपमा देखापऱ्यो । अङ्ग्रेज राजतन्त्रविरुद्धको युद्धपछि उत्तर अमेरिकी देशले विस्तारवादी दृष्टिकोण अपनायो । सुरुमा क्यानाडामा हस्तक्षेप गऱ्यो र पछि ल्याटिन अमेरिका र क्यारिबियाली क्षेत्रमा आफ्नो प्रभाव विस्तार गऱ्यो ।

यही बिन्दुबाट सबै ल्याटिन अमेरिकामाथि शोषण कायम राख्नको लागि हस्तक्षेप, सैन्य विद्रोह र राजनीतिक हत्याको अन्तहीन श्रृङ्खला सुरु हुन्छ ।

मुनरो सिद्धान्त मूलत: राज्य डकैती नीतिको औपचारिक अभिव्यक्ति हो । अरू देशको सम्पत्तिको विनियोजन, यसलाई प्राप्त गर्न रगत बगाउन आवश्यक भए पनि कुनै अप्ठ्यारो मान्दैन । यी दुई शताब्दीमा, अन्तर्राष्ट्रिय कानुनलाई बेवास्ता गर्दै र यस क्षेत्रमा अमेरिकी सर्वोच्चता सुनिश्चित गर्ने नियतले साम्राज्यवादी रणनीतिहरूको एक श्रृङ्खला जारी गर्दै यो सिद्धान्त यो ल्याटिन अमेरिकाको स्वायत्त विकासको लागि निरन्तर बाधा बनेको छ ।

हालैका दशकहरूमा, हामीले ल्याटिन अमेरिकी र विश्वव्यापी राजनीतिमा हस्तक्षेप गर्न संयुक्त राज्य अमेरिकाले प्रयोग गर्ने तरिकाहरूमा परिवर्तनहरू देखेका छौं । ल्याटिन अमेरिकी देशहरूमा वासिङ्टनको प्रचार ले राष्ट्रिय सुरक्षाको राज्य भनिने तानाशाह राज्य आतङ्कवादको उदयपछि पहिले लोकतन्त्र र सामाजिक कल्याणको वकालत गर्ने संरा अमेरिकाले ल्याटिन अमेरिकामा प्रजातन्त्रीकरण र स्वायत्त विकासको कुनै पनि प्रयासलाई दबाउनको लागि एउटा उपकरण बनायो ।

१९९० को दशकमा 'रङ्गीन क्रान्ति' मा सङ्क्रमणले मोनरो सिद्धान्तको प्रयोगमा नयाँ चरणलाई चिन्हित गर्यो । यी घटनाहरू, वर्षौंअघि चिलीमा साल्भाडोर एऐन्डेको मामलाजस्तै अमेरिकी हितहरूसँग नमिल्ने सरकारहरू परिवर्तन गर्न सैन्य रणनीतिहरूसँग लोकप्रिय विद्रोहहरू संयोजन गर्दछ । यद्यपि, परम्परागत सैन्य विद्रोहको तुलनामा कम 'चमकदार' भए पनि, यी रङ्गीन क्रान्तिहरूले स्वतन्त्र सरकारहरूलाई पराजित गर्न समानरूपमा प्रभावकारी साबित भएका छन् ।

ल्याटिन अमेरिकाको लागि मोनरो सिद्धान्तको खतराहरूको मूल्याङ्कन गर्दा, यो स्पष्ट छ कि यसको ऐतिहासिक दृढताले यस क्षेत्रको प्रगति र स्वायत्त विकासलाई व्यवस्थितरूपमा बाधा पुऱ्याएको छ । तर, वैकल्पिक शक्तिका रूपमा चीन, रुस र अन्य मुलुकको उदयले नयाँ आशा जगाएको छ ।

उदाहरणको लागि लामो समयसम्म सीमितताको बाबजुद चीनले ल्याटिन अमेरिकाको लागि व्यापार र विकासको सन्दर्भमा फरक विकल्प प्रदान गरेको छ । त्यसले अमेरिकी उपनिवेशवादमा महादेशको ऐतिहासिक निर्भरताको विकल्प प्रदान गरेको छ ।

संसारमा मुनरो सिद्धान्तको अप्रत्यक्ष प्रभावको सन्दर्भमा, यसले मुक्ति, विशेषगरी समाजवादका लागि रणनीतिक विकल्पहरूलाई कसरी दबाएको छ भनेर ध्यान दिन महत्त्वपूर्ण छ । उदार लोकतन्त्र विचारधाराको विश्वव्यापी विस्तारले अन्य देशहरूमा अमेरिकी प्रभुत्वलाई वैधानिकता दिएको छ र प्रभावकारी वैचारिक नियन्त्रणमार्फत प्रतिरोधलाई कमजोर बनाएको छ । जनसमुदायको यो 'लोबोटोमाइजेसन' ले साम्राज्यवादी देशहरूको पक्षमा रहेको अन्तर्राष्ट्रिय व्यवस्थालाई स्वीकार गरी टेवा दिएको छ ।

अमेरिकी हस्तक्षेपवादी र विस्तारवादी उपकरणको भविष्यलाई हेर्दा ल्याटिन अमेरिकामा सामाजिक लोकतान्त्रिक विकासको कुनै पनि प्रयासलाई नष्ट गर्ने वाशिङ्टनको दुष्प्रयासको निरन्तरता देखिन्छ । प्रतिरोध गर्ने मेक्सिको, निकारागुआ, भेनेजुयला र क्युवाजस्ता देशहरूबाहेक यस क्षेत्रमा वाशिङ्टनको नियन्त्रणको पुन:स्थापना भइरहेको देखिन्छ ।

मुनरो सिद्धान्तविरुद्धको सङ्घर्ष ल्याटिन अमेरिकामा व्यापक चेतना अभियानमा निर्भर हुनेछ, जसलाई चीन, रुस र वाशिङ्टन र यसका सहयोगीहरूको सामान्य एकपक्षीयतालाई चुनौती दिने विश्वव्यापी शक्तिका अन्य केन्द्रहरूसँगको बलियो सहयोगले समर्थन गर्दछ ।

सहयोगमा केन्द्रित अन्तर्राष्ट्रिय सम्बन्ध स्थापना गर्ने चीनको प्रस्ताव एकमात्र व्यवहारिक विकल्प हो । मुनरो सिद्धान्तको भविष्य यसको निरन्तरता वा विलुप्त हुनेमा निर्भर हुनेछ, साम्राज्यवाद र उदीयमान शक्तिहरूले प्रस्ताव गरेको खुलापनको नतिजामा निर्भर गर्दै यो सिद्धान्त पश्चिमी गोलार्द्धमा सीमित छ वा विश्वव्यापी खतराको रूपमा रहन्छ कि भनेर पुष्टि गर्दछ ।

निरन्तर विकसित यस संसारमा ल्याटिन अमेरिकाले मुनरो सिद्धान्तले लगाएको ऐतिहासिक बन्धनहरूबाट आफ्नो स्वायत्त विकास र मुक्तिलाई प्रवर्द्धन गर्ने गठबन्धन र साझेदारीहरू खोज्ने र सुदृढीकरण गर्न आवश्यक छ । यस चुनौतीको सामनाका लागि यस क्षेत्रले मुनरो सिद्धान्तको छायाभन्दा पर हेर्नसक्नुपर्छ र एउटा भविष्यतर्फको बाटो खोज्नुपर्छ जहाँ आत्मनिर्णय र अन्तर्राष्ट्रिय सहयोग सदा साम्राज्यवादमाथि विजयी हुनेछ । ल्याटिन अमेरिकाले आत्मनिर्णय र अन्तर्राष्ट्रिय सहयोग प्रबल हुने भविष्यतर्फको बाटो बनाउनुपर्छ ।

*- 'टेलेसुर अङ्ग्रेजी' बाट*
*अनुवाद : प्रकाश*

# सफलताको लागि अनुशासित हुनुपर्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें ( रोहित) को प्रमुख आतिथ्यमा बासु मा.वि.को ६१ औं र कलेजको १५ औं वार्षिक कार्यक्रम बिहीबार सम्पन्न भयो ।

अनुशासित हुनु सफलताको एक आधार भएको चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले अनुशासित विद्यार्थीले हरेक क्षेत्रमा प्रगति गर्नसक्ने धारणा राख्नुभयो ।

विद्यालयको प्रगतिमा विद्यार्थी, शिक्षक र अभिभावकहरूको उत्तिकै भूमिका हुने भएकोले सबै आ-आफ्नो क्षेत्रमा त्यतिकै इमानदार हुनुपर्छ, उहाँले भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शिक्षा विकासमा योगदान गर्ने अग्रजहरूलाई सम्मान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

धनी र गरिबवर्गले लिने शिक्षामा विभेद बढ्दै गएको तर्फ सरकार बेलैमा सचेत हुनुपर्ने उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षाको विकासको लागि भक्तपुर नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय कोषाध्यक्ष चक्रबहादुर चाकतुले सरकारले शैक्षिक क्षेत्रको विकास गर्ने भनी मुखले होइन व्यवहारले गरेर देखाउन सक्नुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक विश्वमोहन जोशी, संयुक्त परीक्षा समितिका अध्यक्ष रोशनराज तुइतुई, विद्यालयका प्रअ अम्बिका न्याइच्याई, सहायक प्रअद्वय राजकुमार ह्यौंमिखा र रविलाल प्रधानसहित शिक्षक रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा 'बासु बुलेटिन' पनि विमोचन गरिएको थियो ।

विद्यालयको वार्षिक कार्यक्रमको अवसरमा आयोजित जिल्लाव्यापी प्रगतिशील नृत्य प्रतियोगितामा पारागन एकेडेमी पहिलो, ख्वप मावि दोस्रो, सन साइन इङ्गलिस स्कूल तेस्रो र गणेश मावि भार्वाचो चौथो हुन सफल भएका थिए ।

# समानता, न्याय र स्वतन्त्रताको निम्ति श्रमिक महिला आन्दोलन



बाँके । नेपाल क्रान्तिकारी महिला सङ्घ बाँकेको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला जिल्ला भेला तथा प्रशिक्षण कार्यक्रम शुक्रबार भयो ।

कोहलपुरमा भएको सो कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका अध्यक्ष अनुराधा थापामगरले अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलनको पृष्ठभूमिबारे जानकारी दिँदै समानता, न्याय र स्वतन्त्रताको निम्ति त्यस्तो आन्दोलन अहिले पनि आवश्यक छ भन्नुभयो ।

उहाँले अरू स्वाधीन देशमाथि थिचोमिचो गर्ने संयुक्त राज्य अमेरिका संसारकै सबभन्दा बढी कैदी बन्दी भएको र हरेक दिन बलात्कार र हत्या भएको देश हो भन्नुभयो ।

रुस-युक्रेन युद्ध अमेरिकाकै कारण भएको प्रस्ट पार्दै उहाँले देश-देशबिच युद्ध गराएर हतियार बिक्री गर्ने र अरु देशलाई कमजोर पार्ने अमेरिकाको लक्ष्य रहेको बताउनुभयो ।

उहाँले संयुक्त राज्य अमेरिकाकै इसारा र सहयोगमा इजरायलले प्यालेस्टिनीमाथि आक्रमण गरेर प्यालेस्टिनमा ठुलो धनजनको क्षति पुऱ्याइरहेको उल्लेख गर्दै अमेरिका प्यालेस्टिन देश नै लोप गराउन चाहन्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "प्यालेस्टिनी जनताको जीवन भयावह छ । ३० हजारभन्दा बढी प्यालेस्टिनी मरिसकेका छन् । अमेरिकाले संसारका स्वाधीन देशलाई आतङ्कित पार्दै छ ।"

नेमकिपा बाँकेका अध्यक्ष बखत थापाले सन् १९१० मा भएको अन्तर्राष्ट्रिय श्रमिक महिला सम्मेलनले १९११ देखि ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाइरहेको बताउनुभयो ।

श्रमिक महिलाको मुक्ति समाजवादमा मात्र हुने विचार व्यक्त गर्दै उहाँले जनताको राजनीतिक चेतना नहुँदा जनताले दु:ख पाइरहेको बताउनुभयो ।

नेक्रामसङ्घ बाँकेका अध्यक्ष कोपिला शाहीको सभापतित्वमा भएको सो कार्यक्रममा नेमकिपा बर्दिया अध्यक्ष हरिलाल न्यौपाने, नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, ख्वप पोलिटेक्निकका रविना सुवालसहित भावना थापा, सुर्जा थापा, नारायणी चौधरी र लक्ष्मी शाहीले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको बिचबिचमा नृत्य र गीत प्रस्तुत गरिएको थियो ।

भेलाले सूर्जा थापाको अध्यक्षतामा ९ सदस्यीय नेपाल क्रान्तिकारी महिला सङ्घ र भावना थापाको अध्यक्षतामा १० सदस्यीय नेक्राविसङ्घ जिल्ला समिति गठन गरेको छ ।

**कैलालीमा प्रशिक्षण कार्यक्रम**

कैलाली । नेपाल क्रान्तिकारी महिला सङ्घको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शुक्रबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलनको इतिहासबारे जानकारी दिँदै श्रमजीवी महिलाको मुक्ति समाजवादी व्यवस्थाले मात्र गर्न सक्छ भन्नुभयो ।

नेक्रामहिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुनले समाजमा श्रमजीवी वर्गका महिलाहरूले वर्गीय भेद थाहा पाउनुपर्ने आवश्यकता औँल्याउँदै कार्यकर्ताले गाउँगाउँमा गएर श्रमिकवर्गलाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर तारामी, नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावल, नेक्राशिसङ्घ कैलाली अध्यक्ष गुप्तबहादुर शाही, प्रेम बडुवाल, हिक्मत भण्डारीलगायतले बोल्नुभएको थियो ।

त्यस्तै नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा न.पा. थपालिपुर एकाइ समितिको आयोजनामा शुक्रबार विद्यार्थी भेला भयो ।



भेलामा नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको महत्त्वबारे स्पष्ट पार्नुभयो ।

कार्यक्रममा लक्ष्मी पुन, हिक्मत भण्डारी, कमल प्याकुरेल र सुविस्ता हमालले पनि बोल्नुभएको थियो ।

**छालिङमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस**

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ, चानपा छालिङ एकाइ समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा प्रवचन कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजूले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सन् १९०९ मा अमेरिकी समाजवादी श्रमिक महिलाहरूले राजनीतिक अधिकार प्राप्तिको लागि गरेको सङ्घर्ष र सन् १९१० मा कोपनहेगनमा भएको दोस्रो अन्तर्राष्ट्रिय श्रमिक महिला सम्मेलनमा गरेको श्रमिक महिलाहरूको सङ्घर्षको प्रतिफल हो भन्नुभयो ।

उहाँले समाजवादी व्यवस्थामा मात्र श्रमजीवी कामदारवर्गका महिलाहरूको अधिकार सुरक्षित हुन्छ, आर्थिक समानता, रोजगार र व्यक्तित्व विकासमा समान अवसर प्राप्त हुन्छ भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले श्रमिक महिलाहरूलाई उद्योगधन्दा, कलकारखाना र ज्यासलबाट मुक्त गराउन महिला नेतृहरूले खेलेको भूमिकाबाट शिक्षा लिई श्रमिक महिलाहरू अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

आयोजक समितिका अध्यक्ष सानुमाया लागेजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा जीना चाकतुले पनि बोल्नुभएको थियो ।

**'केटीहरू' पत्रिकाबारे अन्तरक्रिया**

त्यसैगरी नेपाल क्रान्तिकारी महिला सङ्घ वागीश्वरी मावि भक्तपुर एकाइ समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा 'केटीहरू' पत्रिकाबारे अन्तरक्रिया कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले यस वर्षको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको नारा 'महिलामा लगानी : सम्मुन्नत समाजको थालनी' रहेको चर्चा गर्दै महिला आन्दोलन वर्गीय आन्दोलन भएको बताउनुभयो ।

वर्गीय मुक्तिको लागि अन्तर्राष्ट्रिय महिला नेतृहरू क्लारा जेट्किन, रोजा लक्जेम्बर्ग, क्रुप्सकाया, याङ्का हुई जस्ता नेतृहरूले सङ्घर्ष गरेको उहाँले बताउनुभयो ।

समाजवादी व्यवस्थामा मात्र महिला मुक्ति सम्भव हुने र सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिपछि सोभियत महिलाहरूले सम्मानपूर्वक जीवन बाँच्न पाएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "विश्वमा उठिरहेको वर्गीय मुक्ति आन्दोलन र क्रान्तिलाई ओझेलमा पार्न एनजीओ, आईएनजीओमार्फत डलरको खोलो बगाइरहेको हुँदा कामदार महिला सचेत हुनु आवश्यक छ ।"

वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छाले विश्वका स्वतन्त्रता सेनानी योद्धाहरू, सहिदहरू, क्रान्तिकारी महिलाहरूको जीवन सङ्घर्षबाट शिक्षा लिनुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रामलक्ष्मी कोजूको सभापतित्वमा भएको कार्यक्रममा सहायक प्रअ उकेश सुवाल, शिक्षकहरू कविता प्रजापति, सीता कार्की, मैयालक्ष्मी कोजु, भगवती आचार्य, सुलोचना कुटुवा, श्रीया पहिजु, पवित्राकुमारी शाही, मुना तामाङलगायतले पनि बोल्नुभएको थियो ।

# ११४ औँ श्रमिक महिला दिवसमा जुम्लामा जुलुस र सभा

जुम्ला, २७ फागुन । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति जुम्लाको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आइतबार जुलुस तथा सभा भयो ।

उक्त कार्यक्रममा नेमकिपा जुम्ला जिल्लाका अध्यक्ष पूर्णलाल खत्रीले हामीले वर्गको पहिचान गर्नुपर्छ; कामदारवर्गले नै शोषितपीडित महिलाको भलाइ गर्दछ; पुँजीपतिवर्गले मनाउने महिला दिवस र कामदारवर्गले मनाउने महिला दिवसमा धेरै फरक हुन्छ भन्नुभयो ।

उहाँले कामदारवर्गले कामदार महिलाहरूकै हित गर्छ भने पुँजीपतिवर्गका महिलाहरूले पुँजीपतिकै हित गर्ने भएको हुँदा अन्तर्राष्ट्रिय श्रमिक नेतृहरूले गरेको योगदान र जीवनी हामीले अध्ययन गर्नु जरुरी छ भन्नुभयो ।

पार्टी सचिवालय सदस्य राजेश्वर देवकोटाले नेपाली काङ्ग्रेस धेरैपटक सरकारमा गयो; देशको उद्योग, कलकारखाना बेचेर निजी क्षेत्रलाई दियो; कम्युनिस्ट भनिने एमाले पनि नेकाले लिएकै बाटोमा हिँडेर भाइकाङ्ग्रेस साबित भयो भन्नुभयो । एमाओवादी पनि नेका र एमालेले गरेका सन्धि सम्झौतामा हस्ताक्षर गरी देशको हितविपरीत काम गरी मजदुर किसानलाई धोका दिइरहेको उहाँले बताउनुभयो ।

नेक्रामहिला सङ्घ जुम्ला जिल्ला अध्यक्ष राज्यलक्ष्मी न्यौपानेले ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस दूरदराजका बस्तीबस्तीमा प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औँल्याउँदै महिलाहरूले आफ्नो वर्ग थाहा पाउन नसकेर पीडित भएका छन् भन्नुभयो ।

उहाँले मजदुरवर्गले मजदुरहरूकै भलाइ गर्ने चर्चा गर्दै पुँजीपतिवर्गले महिलाहरूलाई वस्तुको रूपमा प्रयोग गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेक्राशिसङ्घ जिल्ला समितिका अध्यक्ष नरबहादुर बुढा, नेक्रामहिला सङ्घ जुम्लाका सदस्य वसम रावलले पनि बोल्नुभएको थियो ।

जुम्ला बजार परिक्रमा गरी कृष्ण मन्दिरमा भएको भेलामा सिंजा गापा वडा नं. ६ का महिलाहरूले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे देउडा खेलबाट दर्शकलाई मनोरञ्जन दिनुका साथै पार्टीको उद्देश्यबारे प्रस्तुत गरेका थिए ।

# विद्यार्थीहरू राजनीतिकरूपले सचेत हुनुपर्ने

कैलाली । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्कीचुहा न.पा. वडा नं ५ एकाइ समितिको आयोजनामा मङ्गलबार विद्यार्थी भेटघाट भयो ।

कार्यक्रममा नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले विद्यार्थीहरू राजनीतिकरूपले सचेत हुनुपर्ने उल्लेख गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाक्रमको बारेमा जानकारी हुनुपर्ने बताउनुभयो । उहाँले पुँजीवादी व्यवस्थाले सधैँ पुँजीपतिहरूको निमित्त नीति बनाउने भएकोले यस व्यवस्थाले मजदुर र किसानको हित नगर्ने कुरा उल्लेख गर्दै समाजवादी व्यवस्थामा गाँस, बास, कपास, उत्पादन श्रमसँग जोडिएको शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा आदिको बन्दोबस्त हुने बताउनुभयो ।

नेक्राविसङ्घ कैलालीका अध्यक्ष हिक्मत भण्डारीले नेक्राविसङ्घ स्थापनाकालदेखि नै नि:शुल्क, अनिवार्य र उत्पादन श्रमसँग जोडिएको वैज्ञानिक शिक्षाको निमित्त सधैँ सङ्घर्ष गरिरहेको बताउनुभयो ।

उहाँले जबसम्म मजदुर र किसानलाई राजनीतिकरूपले सचेत पार्न सकिँदैन तबसम्म समाजवादी व्यवस्था नआउने चर्चा गर्दै मजदुर र किसानलाई राजनीतिकरूपले सचेत पार्न गाउँगाउँमा जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा क्रान्तिकारी विद्यार्थी सङ्घ लम्कीचुहा न.पा. वडा नं ५ एकाइ समितिका अध्यक्ष राजु पुनले पनि बोल्नुभएको थियो ।

त्यसैगरी नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घसँग आबद्ध विद्यार्थीहरूको भेला बिहीबार लम्किचुहा न.पा. वडा नं. ४ अम्मरपुरमा भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले विद्यार्थीहरू कोर्सबुकमा मात्र सीमित नभई राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे पनि जानकार भइरहनुपर्छ भन्नुभयो ।

नेमकिपाको भ्रातृ सङ्गठन नेक्राविसङ्घ शिक्षा-स्वास्थ्य नि:शुल्क र अनिवार्य, वैज्ञानिक शिक्षा र शिक्षालाई उत्पादन श्रमसँग जोड्न सङ्घर्षरत रहेको उहाँले बताउनुभयो ।

नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले विद्यार्थीहरूले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने लक्ष्य लिई अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेक्राविसङ्घ कैलाली अध्यक्ष हिक्मत भण्डारी, नवीन शाही, हरि पोखरेलले पनि बोल्नुभएको थियो ।

# एक वर्षमै दुई पटक ढलेको सरकारले तेस्रो पटक विश्वासको मत लिँदै

**देशलाई राजनीतिक दर्शन र विचारको आधारमा व्यापक कामगरी खाने जनताको हित र देशको सार्वभौमसत्ताको रक्षाका लागि काम गर्नुपर्ने सरकारलाई आफ्नो निहित स्वार्थ तथा हालसम्म सरकारमा गएका राजनीतिक दलहरू नेका, एमाले, माओवादी, रास्वपा, जसपालगायतले विदेशीहरूको इसारामा काम गर्ने गरेकोले देशमा नैरास्यता, बेरोजगार, वैदेशिक ऋणको भार, वैदेशिक हस्तक्षेप बढ्नुका साथै सरकार पनि अस्थिर, गैरराजनीतिक सौदाबाजी, कानुनी राज्यको उपहास हुन थालेको व्यापक महसुस गर्न सकिन्छ ।**



✍ रामप्रसाद प्रजापति

### ढल्यो सरकार

प्रचण्ड नेतृत्वको सरकार दोस्रो पटक ढलेको छ । आम निर्वाचन २०७९ मङ्सिरमा कुनै पनि दलको स्पष्ट बहुमत नआएपछि सरकार गठन गर्न दुई वा दुईभन्दा बढी राजनीतिक दलको गठबन्धन आवश्यक थियो ।

निर्वाचनमा गठबन्धन गरी सँगै चुनाव लडेका नेपाली काङ्ग्रेसलाई जिल्याउँदै प्रम प्रचण्डले अर्को गठबन्धनका एमालेसँग मिलेर सरकार गठन गरे । त्यसबेला प्रचण्डको व्यवहारलाई धेरैले मगनी एक जनासँग विवाह अर्केसँग गरेको टिप्पणी गरेका थिए ।

प्रचण्डको एमालेसँगको सहकार्य करिब एक महिनाभन्दा लामो समय टिकेन । राष्ट्रपति निर्वाचनका लागि काङ्ग्रेससँग मिलेर काङ्ग्रेसका रामचन्द्र पौडेललाई जिताउँदै उनले आफ्नो प्रधानमन्त्रीको पद जोगाए ।

ती नै नेपाली काङ्ग्रेससँगको सहकार्यलाई पनि गत हप्ता तोड्दै उनले पुनः एमाले, रास्वपा, जसपालगायतका दलहरूसँग नयाँ गठबन्धन गरे । प्रचण्डको अस्थिरतासँगसँगै नेपाल सरकारको अस्थिरता पनि अगाडि बढ्दै गर्दा कतिपयले उनलाई अस्थिर व्यक्ति भन्दै आलोचना गर्ने गरेको पाइन्छ ।

प्रचण्डले नेपालमा अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिङ्कनको भनाइ चरितार्थ गर्दै गरेको बताउँछन् । लिङ्कनले भनेका थिए, "हजार जनता मूर्ख भए पनि देशलाई खास असर गर्दैन तर एक नेता मूर्ख भए देश डुबाउँछ ।"

देशलाई गरिबी, अस्थिरता, वैदेशिक ऋण तथा नाङ्गो वैदेशिक हस्तक्षेप र देशका मुख्य मुख्य प्राकृतिक स्रोत साधन विदेशीको पोल्तामा सुम्पन हालसम्म सरकारमा गएका राजनीतिक दलहरू जति दोषी छन्, तिनीहरूभन्दा प्रचण्ड र माओवादी कम दोषी होइनन् भन्ने पुष्टि गर्दै छन् ।

### दुई वर्ष स्थिर सरकार !

नेपालको संविधानले निर्वाचनपछि गठन हुने सरकारविरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था संविधानको धारा १०० को उपधारा (४) को प्रतिबन्धात्मक वाक्यांसमा गरेको पाइन्छ ।

उपधारा (४) मा "प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूमध्ये एकचौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखितरूपमा अविश्वासको प्रस्ताव पेस गर्नसक्ने छन् । तर, प्रधानमन्त्री नियुक्ति भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन ।" भन्ने संवैधानिक व्यवस्था रहेको छ । त्यसैले नेताहरूले निर्वाचनपछि गठन भएको सरकार दुई वर्षसम्म त स्थिर हुने विश्वास लिने गरेको पाइन्छ ।

तर, प्रचण्ड सरकारले दुई वर्ष नपुग्दै करिब एक वर्षमात्र बित्दै गर्दा दुई पटक सरकार हेरफेर गरे । नेपाली काङ्ग्रेससँगको गठबन्धन भत्किएसँगै नेपाली काङ्ग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । यसरी सरकारमा सहभागी कुनै दलले समर्थन फिर्ता लिएपछि नेपालको संविधानको धारा १०० बमोजिम ३० दिनभित्र संसद्बाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । त्यसैले, प्रधानमन्त्री प्रचण्डले आगामी फागुन ३० गते सङ्घीय संसद्बाट विश्वासको मत लिने प्रस्ताव गरेको छ ।

### रास्वपाको रि-इन्ट्री

नयाँ जोगीले बढी खरानी घस्छ । नेपाली उखानहरूमा चर्चित उखान हो यो । आम निर्वाचनको बेला प्रतिपक्षमा बस्ने वकालत गर्दै आएको रास्वपाले अप्रत्यासित मतसँगै संसद्मा समानुपातिक निर्वाचनबाट समेत गरी कुल २० सिट पाएपछि सरकारमा जाने तरखर गऱ्यो ।

निर्वाचन अगाडि र निर्वाचनलगत्तै करिब १ महिना पनि नबित्दै रास्वपाको विचार जनतालाई दिएको भ्रष्टाचारविरुद्ध आफूहरू प्रतिपक्षमा बसेर सङ्घर्ष गर्ने भन्ने बाचा फेरियो ।

सरकारमा गृहमन्त्री दिएमात्रै जनताको समस्यालाई तत्काल सम्बोधन गर्नसक्ने भन्दै सरकारमा गएको करिब एक महिनामै रास्वपा अध्यक्ष रवि लामिछानेको नागरिकता नै निष्क्रिय रहेको भन्दै सर्वोच्च अदालतबाट उनको गृहमन्त्री र प्रतिनिधिसभा सदस्य ( सांसद) पद नै नरहने आदेश जारी भयो ।

सर्वोच्च अदालतको आदेशलाई स्वीकार्दै आफ्नो निष्क्रिय अवस्थामा रहेको नागरिकतालाई सक्रिय बनाउन उनले जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा निवेदन दिई पुनः नागरिकता प्राप्त गरे ।

तर सरकारलाई दिएको समर्थनलाई यथावत् रहने गरी प्रचण्ड सरकारसँगै अगाडि बढ्ने कुरा रास्वपा र रविलाई स्वीकार्य भएन । रास्वपाले प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रचण्ड सरकारले त्यसबेला पनि नेपालको संविधानको धारा ७६ तथा १०० बमोजिम संसद्बाट विश्वासको मत लिन परेको थियो ।

यसरी निष्क्रिय अवस्थामा रहेको नागरिकता प्रयोग गरेर निर्वाचित भएको सांसद पद नै गएपछि गृहमन्त्रीको पद पनि स्वाभाविकरूपमा निष्क्रिय भएको हुँदा रविलाई पूर्वगृहमन्त्री भन्नुपर्ने अवस्था रहेन ।

प्रचण्डको अस्थिरता, प्रचण्ड सरकारको अस्थिरता सँगसँगै रास्वपा र रवि लामिछानेको अस्थिरता पनि देख्न पाइयो ।

केही समयअघि जिल्ला प्रशासन कार्यालय, कास्कीमा सहकारी ठगी र सहकारी अपचलनको मुद्दामा जाहेरी दर्खास्त दर्ता भई कारबाहीयुक्त अवस्थामा रहेको मुद्दाका आरोपी रवि लामिछाने आम निर्वाचन भएको करिब १ वर्ष २ महिनापछि दोस्रो पटक प्रचण्ड सरकारमा पुनः सामेल भए ।

### स्वार्थ बाझिने गरी नियुक्ति गरेकोमा विरोध

रवि लामिछानेलाई स्वार्थको द्वन्द्व हुने गरी गृह मन्त्रालयको जिम्मेवारी दिइएकोमा जवाफदेहिता निगरानी समितिले एक विज्ञप्ति नै प्रकाशित गरी विरोध गरेको छ ।

"सहकारी ठगीजस्तो गम्भीर विषयमा पीडितले दिएको उजुरीमाथि नेपाल प्रहरीले गरिरहेको अनुसन्धानको दायरामा परेका रास्वपाका सभापति तथा सांसद रवि लामिछानेलाई उक्त छानबिन एवं अनुसन्धान टुङ्गो नलाग्दै दोस्रो पटक नेपाल सरकारको उपप्रधानमन्त्री तथा गृहमन्त्री नियुक्त गरिएको प्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै गृहमन्त्रालयमा भएको रवि लामिछानेको नियुक्तिले स्वार्थको द्वन्द्व (Conflict of Interest) को स्थिति पैदा गरेको, साथै यो नियुक्ति प्रतिनिधिसभा निर्वाचनपछि तेस्रो पटक गठित प्रचण्ड नेतृत्वको सरकाले सुरुदेखि सुशासनको प्रत्याभूति गर्ने भनिदिएको सार्वजनिक कथन र सांसद रवि लामिछानेले निष्पक्ष अनुसन्धान तथा सुशासनका पक्षमा बारम्बार दिँदै आएको अभिव्यक्तिसमेतको विपरीत छ ।" विज्ञप्तिमा भनिएको छ ।

यस्तो नियुक्तिले निःसन्देह स्वार्थको द्वन्द्वबाट प्रेरित भई कारबाहीमा रहेको अनुसन्धान प्रक्रियामा प्रभाव पार्ने र प्रहरी सङ्गठनले गर्ने अनुसन्धानको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठी कानुनी शासनमा गहिरो क्षति पुग्ने निश्चित छ । नेपालको संविधानले प्रत्याभूत गरेको न्यायिक हक र लोकतन्त्रका आधारभूत सिद्धान्तविपरीत भई सहकारी पीडितको न्यायिक हकमाथि प्रत्यक्ष प्रभाव पर्ने गरी गृह मन्त्रालयमा भएको लामिछानेको नियुक्तिलाई निगरानी समिति जोडदार विरोध गरेको छ ।

सहकारी पीडितको न्यायप्रति गम्भीर भएको अनुभूति दिलाउन र आम नागरिकलाई आश्वस्त पार्न एवं कानुनी शासनको प्रत्याभूति गर्न लामिछानेविरुद्धको अनुसन्धान प्रक्रिया टुङ्गो नलागेसम्म गृह मन्त्रालयको जिम्मेवारीबाट मात्र नभई मन्त्रीमण्डलबाट अलग राख्न पनि माग गरेको छ ।



### विश्वासको मत लिन नसके के हुने ?

नेपालको संविधानको धारा ७६ ले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्ति गर्ने व्यवस्था छ । प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्ति गर्ने व्यवस्था छ ।

निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र पनि प्रधानमन्त्री नियुक्ति हुन नसके प्रतिनिधिसभामा सबैभन्दा ठुलो दलको संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्ति गर्ने र उनले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

त्यस्तो प्रधानमन्त्रीले पनि विश्वासको मत लिन नसके धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधिसभा विघटन गरी ६ (छ) महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्ने संवैधानिक व्यवस्था रहेको छ ।

यसरी देशलाई राजनीतिक दर्शन र विचारको आधारमा व्यापक कामगरी खाने जनताको हित र देशको सार्वभौमसत्ताको रक्षाका लागि काम गर्नुपर्ने सरकारलाई आफ्नो निहित स्वार्थ तथा हालसम्म सरकारमा गएका राजनीतिक दलहरू नेका, एमाले, माओवादी, रास्वपा, जसपालगायतले विदेशीहरूको इसारामा काम गर्ने गरेकोले देशमा नैरास्यता, बेरोजगार, वैदेशिक ऋणको भार, वैदेशिक हस्तक्षेप बढ्नुका साथै सरकार पनि अस्थिर, गैरराजनीतिक सौदाबाजी, कानुनी राज्यको उपहास हुन थालेको व्यापक महसुस गर्न सकिन्छ ।

यसको एउटै मात्र निकास व्यापक काम गरिखाने जनता राजनीतिकरूपमा सचेत र सङ्गठित भई आगामी निर्वाचनमा देशभक्त राजनीतिक दल र देशको सार्वभौमसत्ता रक्षाका लागि निरन्तर सङ्घर्ष गर्ने राजनीतिक दललाई मत दिएर हालसम्म सरकारमा गएका ती दलहरूलाई सजाय दिनु जरुरी छ । अन्यथा हामी अझै पछि पर्नुका साथै बारम्बार पछुताउनुबाहेक अर्को विकल्प नहोला ।

*२०८० फागुन २७*

---

*उग्र...*

सन् २००७-२००८ को वित्तीय सङ्कटलाई तेस्रो महामन्दी पनि भनिन्छ । यो सङ्कटले आर्थिक मन्दीसँग लड्न विगतमा अपनाइएका तरिकाहरूलाई भुत्ते साबित गऱ्यो । यो सङ्कटले चीनलाई बिथोल्न सकेन । यो देखेर उत्तरी गोलार्द्ध आत्तियो । त्यसपछिका १४ वर्ष नवउदारवादी अर्थनीतिको अवसानतिर सङ्क्रमणकारी रहे । यस शताब्दीको पहिलो दशकदेखि सन् २०२२ सम्म ठुल्ठुला परिवर्तनहरू देखापरे । यी परिवर्तनमध्ये केहीले पुँजीको सुगठन बढायो । अन्य परिवर्तनले पुँजीको अस्तित्वमै सङ्कटको थालनी भएको सङ्केत गरे :

१) सर्वाधिक महत्त्वको परिवर्तन ( क्रयशक्तिको मापदण्डका आधारमा) विश्वकै ठूलो अर्थतन्त्रको रूपमा चीनको उदय थियो ।
२) सोही मापदण्डमा विश्वको कूल गार्हस्थ उत्पादनको ४० प्रतिशत ओगटेका दक्षिणी गोलार्द्धका देशहरू बढेर ६० प्रतिशत पुगे ।
३) तेस्रो महामन्दीले गार्हस्थ उत्पादनको वृद्धिदरमा थप ह्रास ल्यायो । सन् २०२२ सम्ममा युरोपको १० वर्षे औसत प्रतिव्यक्ति वृद्धिमा १ प्रतिशत गिरावट आयो भने अमेरिकीमा १.५ प्रतिशत गिरावट आयो ।
४) पुँजी बजारमा आएको उथलपुथलका कारण युरोप र जापानको पुँजीलाई 'सरकारीकरण मुक्त' पारियो । त्यो पुँजीलाई अहिले अमेरिकाका मूल मुद्दासँग पूर्णतः एकाकार गरिएको छ; अमेरिका निर्भर र अमेरिकाअन्तर्गत राखिएको छ ।
५) चीनले आफ्नो समाजवादी प्रयोगलाई सुगठित पाऱ्यो र नयाँ 'चिनियाँ गोर्भाचोभ' लाई सिंहासन चढाउने पश्चिमा सपना चकनाचुर भयो ।
६) नेटो देशहरूले विश्वव्यापी सैनिक हस्तक्षेपको सङ्ख्या बढाउँदै लगे तर अफगानिस्तान, इराक र केही हदसम्म सिरियामा पनि तिनीहरूले एकपछि अर्को हार व्यहोर्नुपऱ्यो ।
७) अमेरिकाले नेटोलाई पूर्वी युरोपमा विस्तार गर्ने र रूसलाई नियन्त्रण गर्ने मूल मनसायका साथ युक्रेनलाई छद्म प्रतिनिधिको रूपमा प्रयोग गर्ने निर्णय गऱ्यो । यसकारण, विश्वका आणविक महाशक्तिहरूबिच सैन्य द्वन्द्वको स्थिति आयो ।
८) तुलनात्मक आर्थिक र राजनीतिक प्रभुत्व भएको अमेरिकाले आर्थिक प्रतिबन्ध, कानुनी अवरोध, कर र विदेशी मुद्रा सञ्चितीको लुटजस्ता हत्कण्डाको अतिशय प्रयोग गऱ्यो ।
९) चीनको प्राविधिक प्रगतिलाई रोक्ने मनसायले अमेरिकाले विदेशी मालसामानमा थप कर लगायो र स्वदेशी व्यापारको संरक्षणमा जोड दिन थाल्यो । उसले चीनविरुद्ध जोडतोडले सौम्य शक्तिको हमला सुरु गऱ्यो र नयाँ शीतयुद्धको श्रीगणेश गऱ्यो ।
१०) अमेरिकी शासक वर्गका प्रवक्ताहरूले चीनलाई रोक्न सैन्य प्रभुत्वको प्रयोग गर्ने सम्भावनाबारे खुला चर्चा गर्न थाले । भ्लादिमिर पुटिन सत्तामा आउनाले तिनीहरूले रूसलाई पनि 'गुमाएका' छन् । यसकारण, अमेरिका युरेसिया क्षेत्रलाई सदाका लागि कसरी अधीनमा राख्ने भन्ने आफ्नो ऐतिहासिक योजना पूरा गर्नतिर लागेको छ । उसको योजना पूरा भए रूस र चीन दुवै देशको आणविक भण्डार खाली गरिनेछ र दुवैबिच फाटो ल्याइनेछ ।

### साम्राज्यवादको आवधिक वर्गीकरण

गत सय वर्षमा साम्राज्यवाद फेरिएको छ । यसका मुख्य अवधिबारे मोटामोटी यसरी व्याख्या गर्न सकिन्छ :

सन् १८९०-१९१६ : आधुनिक साम्राज्यवादको उदय ।

सन् १९१७-१९३९ : सोभियत सङ्घको जन्म; बेलायती वर्चस्वको अवसान; साम्राज्यवादी देशहरूबिच अचाक्ली शत्रुताको निरन्तरता; फासिवादको उदय; विश्वभरि समाजवादी विचारको प्रसार र महामन्दी ।

सन् १९४०-१९४५ : फासिवादविरुद्ध विश्वव्यापी लडाइँ; जर्मन एवम् जापानी आक्रमण ।

सन् १९४५-२००८ : जनगणतन्त्र चीनको स्थापना; साम्राज्यवादी खेमाभित्र अमेरिकी प्रभुत्वको युग; दक्षिणी गोलार्द्धका देशहरूमा राष्ट्रिय मुक्ति सङ्घर्षको लहर र प्रत्यक्ष उपनिवेशवादको अन्त्य; क्युवा र भियतनामजस्ता समाजवादी प्रयोगको बढ्दो महत्त्व; उत्पादक शक्तिमा नाटकीय परिवर्तन; रअनेक युद्धमा परेर दसौँलाख अमेरिकीहरूको हत्या । यो चरणलाई दुई उपचरणमा बाँड्न मिल्छ । पहिलो, सन् १९५० र ६० को दशकको अमेरिकी साम्राज्यवादको कथित स्वर्णयुग । दोस्रो, लगत्तैपछि सन् १९७० को दशकको आर्थिक गतिहीनता र नवउदारवाद ।

सन् २००८-२०२३ : अमेरिकी एकध्रुवीयताको भ्रामक आशालाई नयाँ जागरणले विस्थापित गऱ्यो । अमेरिकालाई यही चरणमै एउटा शक्तिशाली गैरगोरो समाजवादी अभियानले जित्ने चेतनाको लहर फैलियो । सन् १९१८ मा रुसी समाजवादी सङ्घीय समाजवादी गणतन्त्रको ७३ औँ दिनमा भ्लादिमिर लेनिनले पेत्रोग्रादस्थित स्मोल्नी संस्थानको कार्यालयबाट बाहिर निस्किनुभयो र हिउँमा नाच्नुभयो । सोभियत प्रयोग पेरिस कम्युनभन्दा पनि बढी दिन टिकेको खुसियाली मनाउनुभयो । सन् २०२३ नोभेम्बर १८ मा जनगणतन्त्र चीनले आफ्नो स्थापनाको २७ सय ७७ दिन पार गऱ्यो र सोभियत समाजवादी प्रयोगको अवधिलाई उछिन्यो । राष्ट्रपति सी चिनफिङले भन्नुभयो – हामी १०० वर्ष यता नदेखिएको अवधिमा प्रवेश गर्दै छौँ ।

सारमा यी उथलपुथलले एउटा सङ्क्रमणतिर सङ्केत गर्छन् । यसलाई साम्राज्यवादको नयाँ चरण 'उग्र-साम्राज्यवाद' भन्नु उपयुक्त हुन्छ ।

# साहित्य के हो ?

✍ हरिबहादुर श्रेष्ठ


नेपाली समाज दुई वर्गमा बाँडिएको छ- चुसाहा वर्ग र चुसाएर बस्ने वर्ग। चुसाहाहरू भन्नाले उत्पादनका साधन हुनेहरू हुन्। उत्पादनका साधन भन्नाले खेत, कलकारखाना, पुँजी आदि कमाउने ज्यावलहरू हुन्। अरूलाई काममा लगाएर आफूले नाफा खान हुने साधन या ज्यावलहरूलाई नै उत्पादनका साधन भन्दछन्। खेतबारी, हलो, गोरु, ज्यावल, पुँजी, मोटर, हवाईजहाज, पसल-व्यापार, सिनेमा हल आदि सबै उत्पादनका साधनमा गनिन्छन्। यी उत्पादनका साधनमा कब्जा जमाउनेहरू नै चुसाहाहरू हुन्। राजा, रजौटा, जमिनदार, सामन्त, ठुल्ठुला व्यापारी, पुँजीपति र शेयरका हिस्सेदारहरू सबै चुसाहा वर्गमा आउँछन्। तिनीहरूले उत्पादनका साधन र सम्पत्तिलाई हत्याइराख्न ऐन-कानुन, अड्डा अदालत, पुलिस, फौज, पञ्चायत, संसद् र संविधानसभालगायतको बन्दोबस्त गरेका हुन्छन्।

हली, कुल्ली, गोठालो, ज्यापु-ज्यामी, किसान, मजदुर, ढाक्रे, साना-तिना कर्मचारी आदि सबै चुसिएका वर्ग हुन्। तिनीहरू आफ्नो कामको फल आफैले खान चाहन्छन्। आफूले काम गरेका साधन र सम्पत्तिमा चुसाहाहरूको हक र दाबीलाई मन पराउँदैनन्। यसकारण यी दुईमा सदा रिसइबी र झगडा भैरहन्छ। कहिलेकाहीँ चुसिएका वर्ग अथवा शोषित वर्गका जनता सहन नसकेर मुखामुख र मार-पिटसम्म गर्न पुग्छन्। यसैलाई वर्गसङ्घर्ष भनिन्छ। गरिब र कामदार जनताको जुलुस प्रदर्शन, ठूल्ठूला जनसभा, पर्चा, पम्प्लेट आदि गर्नु वर्गसङ्घर्षकै अङ्ग हो। त्यो वर्गसङ्घर्ष चर्केर सशस्त्र सङ्घर्ष हुन्छ। त्यसलाई विद्रोह र गृहयुद्ध भनिन्छ। सशस्त्र सङ्घर्ष वर्गसङ्घर्षको माथिल्लो रूप हो।

चुसाहाहरूले गरिब वा चुसिएका जनतालाई दबाउन र छलछाम गर्न ऐन-कानुन बनाएका हुन्छन्। त्यस ऐन-कानुनमा किसानले जमिनदारलाई कुत तिर्नुपर्छ भनेर लेखिएको हुन्छ। जग्गा हेरी कुत अङ्क तोकिएको हुन्छ। कुत तिरेन भने किसानले सजाय पाउँछ, ऊ जग्गाबाट निकालिन्छ। यो कुरा ऐन नियममै लेखिएको हुन्छ। मजदुर, ज्यामी, कर्मचारी, कुल्ली आदि सबै कामदार वर्गले पुँजीपति र मालिकहरूले दिएको ज्यालामा सन्तोष मानेर बस्नुपर्छ। कुनै प्रकारको गोलमाल गर्न पाइन्न भनेर ऐन-कानुनमा लेखिएको हुन्छ। यदि मजदुर या ज्यामीहरूले ज्याला पुग्दैन भनेर विरोध गरेमा वा काम गर्दैनौँ भनेर हड्ताल गरेमा सरकारको पुलिस र सिपाहीहरू आइपुग्छन्। तिनीहरूले मजदुर र ज्यामीहरूलाई मार-पिट गर्छन्, पक्राउ गरेर जेलमा थुन्छन्। अड्डा-अदालतले मजदुरहरूलाई सजाय गर्छ। तर मजदुर वर्ग अड्डा-अदालतमा पनि सङ्घर्ष गरिरहन्छन्।

गरिब जनतालाई धनी वर्गले ऐन-कानुन लगाउने यस बन्दोबस्तलाई पुँजीवादी व्यवस्था भन्दछन्। राज्य व्यवस्था राजसत्ताको भरमा चल्छ। राजसत्ता भन्नाले ऐन-कानुन, अड्डा-अदालत, पुलिस-फौज, जेल-नेल आदि हुन्। संसद्, संविधानसभा, राष्ट्रिय पञ्चायत आदि धनी वर्गको फाइदाको निम्ति कानुन बनाउने संस्थाहरू हुन्। यी संस्थाहरू पनि गरिब वर्गलाई दबाउने ज्यावलै हुन्। यी सबै राजसत्ताकै हात-खुट्टा हुन्।

सबै ऐन-कानुन, अड्डा-अदालत, संसद् र पञ्चायतदेखि गरिब जनता असह्य भएर सङ्घर्ष गर्छन्। अड्डा-अदालतमा आगो लगाइदिन्छन्, ऐन-कानुनलाई च्यातेर फालिदिन्छन्, पुलिस चौकी र सिपाहीहरूमाथि धावा बोल्छन्। किसानहरू बाली तिर्न मान्दैनन्। मजदुर र ज्यामीले कम ज्यालामा काम गर्न मान्दैनन्। बलजफ्ती कल-कारखाना, खेत र सम्पत्तिमा कब्जा गर्न खोज्छन्। जनताले कर र मालपोत तिर्न बन्द गर्छन्। यसैलाई सङ्घर्ष र विद्रोह भनिन्छ। कहिलेकाहीँ यो सङ्घर्ष यस्तो चर्को हुन्छ कि शोषक वर्गले त्यसलाई दबाउन साह्रै गाह्रो हुन्छ। धनी र गरिब वर्गमा लडाइँ हुन्छ। धेरै सम्पत्ति नाश हुन्छ। यहाँसम्म कि कहिलेकाहीँ चुसिएका वर्ग राजसत्ता कब्जा गर्न पुग्छन्। यसकारण, शोषक वर्गले यस्तो गोलमाल र नाश नहोस् भनेर अनेक छलहरू गर्छन्। ऐन-कानुनलाई समयअनुसार अलि हेरफेर गरेर छल गर्छन्। भूमिसुधार र अरू अरू सुधारहरू गर्दछन्। अथवा, हेरफेर गर्ने फलाको गर्छन्। नयाँ चुनाव गर्छन्। संसद्, संविधानसभा र पञ्चायत सबै जालझेल र छलहरू गर्ने ज्यावल हुन्। यही जालझेललाई नै पुँजीवादी राजनीति भन्दछन्। कसरी आफ्नो धन सम्पत्तिलाई आफ्नै कब्जामा राख्ने, कसरी गरिब जनतामाथि आफ्नो हुकुम चलाइराख्ने भनी गरिने काम र छलछाम नै शोषक राजनीति हो। शोषक वर्ग एकपछि अर्को चुनाव गराएर कामदार वर्गको दुःख हटाउने झूटो आशा देखाउँछन्, झूटो वाचा गर्छन्। बालकलाई पापा दिएर फकाए जस्तै चुनावमा शोषित जनतालाई मीठो मीठो कुरा गरेर फकाउँछन्। संसद्को ठाउँमा संविधानसभा देखाएर आफ्नो धन सम्पत्ति जोगाउने कोसिस गर्छन्। पञ्चायत र प्रजातन्त्रका मीठा मीठा कुरा गरेर जनतालाई छकाउन खोज्छन्। शोषण नभएको समाज खडा गर्ने, गरिबी मेटाउने र समाजवाद ल्याउने वाचा गर्छन्। शासक र मन्त्रीहरू हेरफेर गरेर जनताको रिस शान्त पार्न खोज्छन्। झूटो आशा देखाउँछन्। फौजी विद्रोहहरूबाट नक्कली क्रान्ति गराउँछन् र जनतालाई धोका दिन्छन्।




*साहित्य राजनीतिको हतियार हो भन्ने यसले प्रस्ट गर्छ। शोषक वर्ग आफ्नो शोषण, दमन र अत्याचारलाई ठीक साबित गर्न जनताको मत आफूतिर तान्न खोज्छ। जनताको मतलाई भाँड्ने एउटा माध्यम साहित्य नै हो। शोषक वर्ग आफ्नो साहित्यमा घुमाइफिराइ बुट्टा भरेर शोषक वर्गकै पक्षमा लेख्छन्। शोषितवर्ग या कामदारवर्गले पनि वर्गको चेतना पाएपछि त्यस कुरालाई उदाङ्ग्याइदिन्छन्। यसकारण, कुनै पनि साहित्य कुनै न कुनै वर्गको पक्ष या विपक्षमा लेखिएको हुन्छ। यस्तो साहित्य र कलाको कल्पना गर्न सकिन्न जसले कुनै पनि वर्गलाई फाइदा या बेफाइदा गर्दैन। यसरी साहित्य र कलाले कुनै न कुनै राजनीतिको सेवा गरेकै हुन्छ। यदि कुनै साहित्यले कामदार वर्गलाई फाइदा गर्दैन भने त्यसले जरुरै शोषक वर्गलाई फाइदा गरेको हुन्छ अथवा कामदार जनतालाई फाइदा गर्ने साहित्यले शोषक वर्गलाई बेफाइदा गरेकै हुन्छ।*

गरिब जनता या शोषित वर्ग त्यस्ता अनेक कुराहरूले अघाउँछ किनभने दुःख कष्टमा कुनै फरक आउँदैन। यसकारण, तिनीहरू बाध्य भएर विद्रोह गर्न तत्पर हुन्छन्। राजा-महाराजा, जमिनदार, सामन्त, पुँजीपति, नेता, मन्त्रीहरूलाई समेत घृणा गर्न थाल्छन्, अविश्वास गर्न थाल्दछन्। तिनीहरूलाई आफ्नो शत्रु भनेर चिन्न थाल्छन्। शोषक वर्ग जनताको यस्तो मनको भावनालाई तरवारको बलले मात्रै दबाउन सक्दैनन्। यसकारण, शोषक वर्गले अर्को राजनीति या छलको उपाय गर्छन्। त्यो हो, साहित्यको राजनीति। शोषक वर्गले आफ्नो हुकुमलाई चलाइराख्न अथवा शोषणलाई कायम राख्न केही लेखक, कवि, कलाकार, पण्डित, गुरु-पुरोहित, प्राध्यापक, ऋषिमुनि (विद्वान) लाई पालिराख्छन्। यो कलमको पल्टन हो। पुलिस, सिपाही, सीआईडी, गुन्डा र न्यायाधीशहरू तरवार र बन्दुकका पल्टन हुन्। कलमको पल्टनले किताब, अखबार र पत्र-पत्रिकाहरू चलाएको हुन्छ। स्कूल, कलेज र विश्वविद्यालय खोलेको हुन्छ। कलमबाजहरूले राजा, महाराजा, धनी र शोषकहरूको प्रशंसामा कलम चलाउँछन्, गीत लेख्छन्, प्रशस्ति र गुणगान लेख्छन्। कविता र काव्यहरू लेख्छन् र पढाउँछन्। चित्रहरू कोर्छन्। पुराना पुराण र कथाहरू यस्तै साहित्य हुन्। ती पुराण र कथाहरूमा राजा-महाराजाहरूलाई प्रजामाथि खुब दया-माया गर्ने, लालन-पालन गर्ने, असल प्रतापी राजा भनेर बयान गरिएको हुन्छ। यस्ता साहित्यमा अनेक सामन्त र सरदारहरू, मन्त्री र पुँजीपतिहरूलाई साह्रै दानी, गरिब-गुरुवालाई खुवाउने परोपकारी भनेर प्रशंसा गरिएको हुन्छ। धनी र गरिब भनेको पहिलेको जन्मको फल हो, धनीहरूको डाह गर्नु हुन्न, डाह गऱ्यो भने पाप लाग्छ, डाह गऱ्यो भने पछिको जुनीमा पनि यस्तै दुःख हुन्छ भनेर तर्साउने र डर देखाउने कुरा लेखिएको हुन्छ। यसप्रकार त्यस साहित्यले शोषणको विरोध गर्ने तथा शोषकहरूलाई घृणा गर्ने भावनामाथि ठेस पुऱ्याउँछ। गरिब जनताको मनोबललाई तल झार्छ। राजा-महाराजा, सामन्त र शोषकहरूप्रतिको विरोधी भावनालाई कम गराउन मदत दिन्छ। शोषक वर्गप्रतिको रिसइबी, डाह र बदला लिने भावनालाई निर्बलियो बनाउँछ। विद्रोह रोक्छ, क्रान्ति पछि सार्छ। रामायण, महाभारत, गरुड पुराण आदि अनेक पुराना धार्मिक काव्य र कथा, नाटक र उपन्यास सबै यस्तै साहित्य हुन्। त्यस्ता साहित्य कामदार जनतालाई धोखा दिन र शोषक वर्गलाई प्रेरणा दिन लेखिएका हुन्। ती लेखक र कविहरू, सामन्त र शोषकहरूकै गुरु-पुरोहित, ऋषिमुनि, पण्डित र विद्वानहरू हुन्। तिनीहरू त शोषक वर्गकै दक्षिणा, दान, असर्फी, पुरस्कार, भत्ता र तलबको भरमा गरिब जनता विरोधी कुरा लेख्छन्। संसारको जुनसुकै देशको सामन्ती कला र साहित्यको मुख्य रूप त्यस्तै हुन्छ। यस्ता साहित्य राम्रो र असल हुन्छ भनेर स्कूल, कलेज र विश्वविद्यालयमा पढाउने गर्छन्। यो पनि एक प्रकारको गुणगान हो र शोषक वर्गको उत्तराधिकारी तयार गर्ने साँचा हुन्। पण्डित, प्राध्यापक, गुरु, पुरोहित र शिक्षकहरू शोषक वर्गको कुरा पढाउँछन्। यस्ता जनताविरोधी शोषक वर्गको पक्ष लिने बुद्धिजीवी वर्ग पनि शोषक वर्गकै सेवा गर्ने पल्टन हो। तर यसमा जनताका पक्ष लिनेहरू पनि घुसिराखेका हुन्छन् र निस्कन्छन्।

साहित्य राजनीतिको हतियार हो भन्ने यसले प्रस्ट गर्छ। शोषक वर्ग आफ्नो शोषण, दमन र अत्याचारलाई ठीक साबित गर्न जनताको मत आफूतिर तान्न खोज्छ। जनताको मतलाई भाँड्ने एउटा माध्यम साहित्य नै हो। शोषक वर्ग आफ्नो साहित्यमा घुमाइफिराइ बुट्टा भरेर शोषक वर्गकै पक्षमा लेख्छन्। शोषितवर्ग या कामदारवर्गले पनि वर्गको चेतना पाएपछि त्यस कुरालाई उदाङ्ग्याइदिन्छन्। यसकारण, कुनै पनि साहित्य कुनै न कुनै वर्गको पक्ष या विपक्षमा लेखिएको हुन्छ। यस्तो साहित्य र कलाको कल्पना गर्न सकिन्न जसले कुनै पनि वर्गलाई फाइदा या बेफाइदा गर्दैन। यसरी साहित्य र कलाले कुनै न कुनै राजनीतिको सेवा गरेकै हुन्छ। यदि कुनै साहित्यले कामदार वर्गलाई फाइदा गर्दैन भने त्यसले जरुरै शोषक वर्गलाई फाइदा गरेको हुन्छ अथवा कामदार जनतालाई फाइदा गर्ने साहित्यले शोषक वर्गलाई बेफाइदा गरेकै हुन्छ।

यसकारण, शोषक वर्गका साहित्यकारहरू साहित्य र कला राजनीतिबाट अलग हुन्छन् भनेर फलाको गर्छन्। यो भन्नु पनि एउटा राजनीति हो। शोषकहरू आफ्नो साहित्यमा वर्गीय छाप भएको कुरालाई लुकाउन चाहन्छन्। यसो गर्दा कामदार जनताले त्यस साहित्यलाई नफालीकन अँगाली नै रहन्छन्। त्यसलाई अँगालेपछि त्यसको विष लागिहाल्छ। यसकारण, तिनीहरू आफ्नो साहित्यलाई चोखो देखाएर कामदार वर्गको छुट्टै साहित्य बनाउन दिँदैनन्। तिनीहरू जनतालाई आफ्ना साहित्यिक हतियारबाट अलग्ग गर्न खोज्छन्। शोषक वर्गको राजनीति र साहित्यमा पर्दा हाल्न खोज्छन्। जनताको पक्षमा लेख्ने साहित्यिक कामदारहरूलाई भ्रम दिन खोज्छन्। तर, समाज वर्गमा बाँडिएको हुनाले राजनीति र साहित्यमा पनि वर्ग भेद हुनु स्वाभाविक कुरा हो। समाजमा वर्ग भेद रहेसम्म साहित्यको वर्ग भेदलाई पनि कसैले हटाउन सक्दैन। किनभने माथि भनिए जस्तै साहित्य वर्गीय राजनीतिको एक प्रभावशाली हतियार हो। आफ्नो राजनैतिक उद्देश्य पूरा गर्नको निम्ति साहित्यको माध्यमले जनताको मन र विचारमा गहिरो प्रभाव पार्न खोज्छ। छोटोमा भनूँ, खास राजनैतिक उद्देश्यको निम्ति जनमतलाई आफूतिर तान्ने र विपक्षीको विचारलाई भाँड्ने माध्यम नै साहित्य हो। शोषक वर्गको साहित्य कामदार वर्गको निम्ति गुलियो पोतेको विष हो। त्यो साहित्य कामदार वर्गको सङ्घर्ष र एकतालाई भित्रभित्रै काट्ने बेलायती कैँची हो। कामदार वर्गको साहित्य कामदार वर्गलाई निद्राबाट बिउँझाउने एक घच्घच्याइ हो। वर्गीय चेतना बढाउने र सङ्घर्षलाई अगाडि बढाउन मद्दत दिने मसला हो। कामदार वर्गको साहित्य पुँजीवादी साहित्यलाई चकनाचूर पार्ने बन्दुक र बम हो।

# प्राचीन सांस्कृतिक र वास्तुकलाको संरक्षण र उत्खननमा बौद्धिक व्यक्तित्वहरूको सक्रियता आवश्यक




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा हाल पुन:निर्माण गरिएको भक्तपुर नगरपालिका वडा नं. १ दूधपाटीस्थित भाजु पुखू र मध्य भागमा अवस्थित जलेश्वर मन्दिरको शुक्रबार एक भव्य समारोहबिच उद्घाटन गर्नुभएको छ । सोही अवसरमा अध्यक्ष बिजुक्छेँले भक्तपुर नपाबाट प्रकाशित 'भाजु पुखू र जलेश्वर मन्दिर पुन:निर्माण-२०८०' पुस्तक पनि विमोचन गर्नुभएको छ ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले भक्तपुरको भाजु पुखू मानव सभ्यताको एक महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो ।

लोपोन्मुख अवस्थामा रहेका राष्ट्रिय धरोहरहरूलाई पुन:जीवन दिने काममा पुरातत्त्व विभाग, प्रज्ञाप्रतिष्ठान र विश्वविद्यालयहरू अग्रसर हुनुपर्ने उल्लेख गर्दै उहाँले भक्तपुरको इतिहास, कला, संस्कृति नयाँ पुस्तालाई पाठ्यक्रममार्फत अध्ययन गर्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

प्राचीन सांस्कृतिक र वास्तुकलाको संरक्षण र उत्खननमा बौद्धिक व्यक्तित्वहरूको सक्रियता आवश्यक भएको स्पष्ट पार्दै उहाँले भाजु पुखू पुन:निर्माणमा सहभागी सम्पूर्ण डकर्मी, सिकर्मी र महिला कालिगडहरूमा धन्यवाद ज्ञापन गर्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, "हिजोझैँ आज पनि देश र जनताको हितमा नि:स्वार्थ भावले सेवा गर्ने काममा निरन्तरता आवश्यक छ । पद ठुला हुँदैमा र मान्छे धनी हुँदैमा असल हुने होइन ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका अन्य सम्पदा निर्माणमा जस्तै भाजु पुखू पुन:निर्माणको क्रममा पुरातत्त्वविद्, संस्कृतिविद्, इतिहासविद्, वास्तुकलाविद्लगायत सरोकारवालाहरूको सल्लाह र सुझावअनुसार पुन:निर्माण कार्यलाई अगाडि बढाएको बताउनुभयो ।

भाजु पुखूको मौलिकतामा आँच पुग्ने कुरामा भक्तपुर नपाले अत्यन्त सचेतनापूर्वक काम गरेको बताउँदै उहाँले पोखरीमा जनताको अपनत्व कायम होस् भन्ने उद्देश्यले अन्य सम्पदाहरूमा जस्तै स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत पुन:निर्माणको काम गर्ने व्यवस्था मिलाएको बताउनुभयो ।

भाजु पुखू र भक्तपुर क्याम्पस दुवै जनताका साझा सम्पत्ति भएको पोखरीको दक्षिण भाग भक्तपुर क्याम्पसतर्फ बाटो खोल्न बाँकी रहेको उल्लेख गर्दै उहाँले क्याम्पसका पदाधिकारीहरूसित त्यसबारे पटक पटक छलफल गरिसकेको र छलफलको क्रम अगाडि बढिरहेको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले लोप हुनै लागेको भाज्या पुखूलाई भक्तपुरको सुन्दर र मनमोहक अवस्थामा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने वडावासी, कालिगड, जनप्रतिनिधि, पुरातत्त्व विभाग, प्राविधिक सम्पूर्णमा उच्च सम्मान व्यक्त गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भाजु पुखूको पुन:निर्माणले सम्पदाप्रेमीहरूमा उत्साह थपेको उल्लेख गर्दै उहाँले मौलिकता र सम्पदा संरक्षित सहरको रूपमा देश-विदेशमा परिचित भक्तपुरको सांस्कृतिक, सम्पदा संरक्षण अभियान र भाजु पुखूको पुन:निर्माण कार्य भक्तपुरको लागि थप कोशेढुङ्गा साबित भएको बताउनुभयो ।

सार्वजनिक सम्पत्ति अतिक्रमण र नाश हुँदै जाने क्रम बढ्दै गएको सन्दर्भमा देश अत्यन्त लज्जित भइरहेको उल्लेख गर्दै उहाँले भक्तपुरले गरेको सार्वजनिक सम्पत्ति संरक्षण कार्य प्रशंसनीय छ भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले पोखरी सुकेर घाँसेमैदानमा परिणत भएको पोखरीलाई २०७४ सालको स्थानीय तहको निर्वाचनपश्चात् भक्तपुर नगरपालिकामा नेमकिपाका जनप्रतिनिधि निर्वाचित भएर आएपछि भाजु पुखू पुन:निर्माण कार्य अगाडि बढेको बताउनुभयो ।

भक्तपुरका सबै सांस्कृतिक सम्पदाहरू यहाँका मौलिक पहिचान मात्र नभई नगरवासीहरूको आर्थिक र सामाजिक विकासको आधार पनि भएको बताउँदै उहाँले सम्पदा संरक्षणको सन्दर्भमा भक्तपुर नपाले स्थानीय उपभोक्तामार्फत संरक्षण गर्दै आएको अवगत गराउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले २०५८ सालदेखि उत्खनन हुँदै आएको भक्तपुरको भाज्या पुखू पुन:निर्माण कार्यमा भक्तपुर नगरपालिकाको अग्रणी भूमिका रहेको उल्लेख गर्दै पानीका स्रोतहरू संरक्षण गर्न यहाँ रहेका पोखरीहरूको जगेर्ना गर्नु आवश्यक रहेको बताउनुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले सम्पदा निर्माण पनि मानव सभ्यतासँग जोडिएको विषय भएको चर्चा गर्दै भक्तपुरमा रहेका पोखरीहरू जनसमुदाय र समाजको लागि आवश्यक पानी आपूर्ति र आगलागीजस्ता विपद्मा प्रयोग गर्नको लागि बनेको बताउनुभयो । भाजु पुखू अरू पुखूको तुलनामा महत्त्वपूर्ण भएको बताउँदै उहाँले पोखरीहरू भक्तपुरको सिंचाइ र हिटी प्रणालीसँग पनि जोडिएको हुन्छ भन्नुभयो ।

पुरातात्त्विक सम्पदाहरूले भरिएको जीवन्त सङ्ग्रहालयको परिचित भक्तपुरलाई ८०० वर्ष पुरानो पोखरी पुन:निर्माणबाट अझ गौरव गर्ने अवसर मिलेको उहाँले बताउनुभयो ।

इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले भाज्या पुखूको ऐतिहासिक पक्षमाथि उजागर गर्दै अनुसन्धान र उत्खननकै सिलसिलामा भाज्या पुखूको मध्य भागमा पश्चिमाभिमुख जलेश्वर मन्दिर रहेको थाहा हुन आएको बताउनुभयो ।

जलेश्वर मन्दिर जीर्णोद्धारको अभावमा भत्किएर भग्नावशेषमा परिणत भएको बताउँदै उहाँले भाज्या पुखू पुन:निर्माणसँगै पोखरीको इतिहास पनि जीवित भएको छ भन्नुभयो ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले पुरातात्त्विक महत्त्व बोकेको भाजु पुखू पुन:निर्माण कार्यमा संलग्न सबैमा उच्च सम्मान व्यक्त गर्दै भक्तपुरकै आकर्षक पोखरीको रूपमा भाजु पुखू रहेको बताउनुभयो ।

दरबार हेरचाह तथा स्मारक संरक्षण अड्डा भक्तपुरका कार्यालय प्रमुख अरुणा नकर्मीले भक्तपुर बहुमुखी सांस्कृतिक सम्पदा र पोखरीहरूले सम्पन्न नगर भएको बताउँदै भाजु पोखरी पुन:निर्माण कार्यमा कालिगडहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

भक्तपुर क्याम्पसका क्याम्पस प्रमुख एवम् सहप्राध्यापक कविता लुइँटेलले भाजु पुखू र भक्तपुर क्याम्पस दुवै जनताको साझा सम्पत्ति भएको औँल्याउँदै भाजु पुखू पुन:निर्माणले भक्तपुरको शानलाई अझ उँचो बनाएको बताउनुभयो ।

कार्यक्रममा भनपा १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भाजु पुखू पुन:निर्माणको सङ्क्षिप्त जानकारी दिनुभयो भने भनपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन गर्नुभयो । कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले भाज्या पुखू पुन:निर्माणका लागि गठित कार्यदलका पदाधिकारी र उपभोक्ता समितिका अध्यक्षहरूलाई धन्यवाद पत्र वितरण गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले भाजु पुखू पुन:निर्माण र सरसफाइ कार्यमा विशेष योगदान पुऱ्याउने श्रमिक महिलाहरूलाई दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन अगाडि विभिन्न बाजागाजासहित नासमनाबाट सुरु भएको ऱ्याली बजार परिक्रमा गर्दै कार्यक्रम स्थलमा पुगी उद्घाटन समारोहमा परिणत भएको हो ।

ऱ्यालीमा जनप्रतिनिधि, बुद्धिजीवी, व्यवसायी, शिक्षक, प्रहरी, युवा, महिला, विद्यार्थी, कर्मचारी, स्काउट, विभिन्न सामाजिक सङ्घ संस्था, बाजागाजा तथा माक प्याखं टोली आदिको सहभागिता थियो ।

नासमनामा ऱ्याली सुरु हुनुअघि भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ र वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले बोल्नुभएको थियो ।

जानकारी दिइएअनुसार भाजु पोखरीको क्षेत्रफल ३२ रोपनी ११ आना रहेको छ । उक्त पोखरी र जलेश्वर मन्दिर निर्माणमा १ करोड ८७ लाख ३५ हजार ६ सय ३६ रुपैयाँ खर्च भएको थियो ।

# कञ्चनपुरमा 'केटीहरू' बारे अध्ययन गोष्ठी

कञ्चनपुर । नेपाल मजदुर किसान पार्टी कञ्चनपुर जिल्ला समितिको आयोजनामा 'केटीहरू' बुलेटिनबारे सोमबार अध्ययन गोष्ठी भयो ।

उक्त गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगर ले महिला राजनीतिकरूपमा सचेत भए समाज सही मार्गमा डोरिने र हाम्रा आधा समस्या समाधान हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "गोरू ब्याउँछ भन्नु र सरकार अनि शासक दलहरूले जनताको सेवा गर्छ भनी पत्याउनु उस्तै हो ।"

"बोली र व्यवहार एउटै गर्ने र ाजनीतिक पार्टीलाई हामी आफ्नो मित्र ठान्छौँ", उहाँले भन्नुभयो ।

केन्द्रीय अध्यक्ष थापामगरले नेक्रामसङ्घले बलात्कारी, भ्रष्टाचारी, मानव तस्करहरूलाई फासीको माग गरि रहेको तर अरू महिला सङ्गठनहरूले बलात्कारीलाई जोगाउने कुरा गरिरहेका छन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले समाज परिवर्तनको लागि महिलाको भूमिका धेरै भएको धारणा राख्दै समस्या समाधानको लागि सङ्घर्ष आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "शारीरिक श्रम र बौद्धिक श्रम गरेर खानेहरू मजदुर नै हुन्, शारीरिक र बौद्धिक श्रमबिचको विभेद अन्त्य गर्नुपर्छ ।"

नेमकिपा कञ्चनपुरका र मेशकुमार रावलले पुँजीवादी व्यवस्थाविरूद्ध सङ्घर्ष नगरेसम्म जनताले सुख नपाउने उल्लेख गर्दै समाजवादी क्रान्ति स्थापना नभएसम्म परिवर्तन सम्भव छैन भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरूङले हाम्रो भविष्य उज्ज्वल बनाउन हामी आफै सङ्घर्षमा होमिनु जरूरी रहेको बताउनुभयो ।

विश्वका क्रान्तिकारी महिलाहरूको योगदानलाई बिर्सन नहुने चर्चा गर्दै उहाँले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपादेयताबारे जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "नेक्राविसङ्घ नि:शुल्क र अनिवार्य वैज्ञानिक शिक्षाको लागि सङ्घर्षरत छ ।"

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका उपप्राध्यापक रविना सुवालले स्वास्थ्यबारे ख्याल राख्नुपर्ने र नियमित स्वास्थ्य परीक्षण गराउनुपर्ने बताउनुभयो ।

दलबहादुर बोहराको सभापतित्वमा भएको उक्त कार्यक्रममा बलदेव पनेरू, मिनु गिरी, लक्ष्मण रोकाया, सीताराम र ाना, तारा भट्ट, ज्योति बडुवाल, परमानन्द भट्ट, विन्दु बोहोरालगायतले बोल्नुभएको थियो ।

# नेक्रामसङ्घद्वारा दोधारा-चाँदनीमा महिला भेला

कञ्चनपुर । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ कञ्चनपुरको आयोजनामा महाकाली नदीपारिको नेपालको एकमात्र नगर दोधारा-चाँदनीको विभिन्न वडामा आइतबार महिला भेला भयो ।

भेलामा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले श्रमिक महिला दिवस कामदारवर्गका महिलालाई राजनीतिकरूपले सचेत र सङ्गठित बनाई वर्गसङ्घर्षको निम्ति तयार गर्ने अवसर भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "शिक्षा, स्वास्थ्य नि:शुल्क र स्वदेशमै रोजगारीको व्यवस्था नगर्ने सरकारहरू कामदारवर्गका जनताका शत्रु हुन् ।"

नेपाल-भारत खुला सीमा नियमित गनुपर्ने, बलात्कारी, चेलीबेटी बेखबिखन गर्नेलाई कानुन संशोधन गरेर भए पनि मृत्युदण्डको व्यवस्था गर्नुपर्नेमा केन्द्रीय अध्यक्ष थापामगरले जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले सन्तानको सङ्गतबारे ध्यान दिनुपर्ने आवश्यकता औँल्याउँदै पार्टी सदस्यहरूले आ-आफ्ना सन्तानहरूलाई पार्टीको विभिन्न वर्गीय सङ्गठनको सदस्य बनाउँदा समाजप्रति जिम्मेवार हुन्छन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले नेक्राविसङ्घ नि:शुल्क र वैज्ञानिक शिक्षाको लागि सङ्घर्षरत रहेको बताउनुभयो ।

नेक्राविसङ्घले विद्यार्थीलाई देश र जनताको इमानदारीपूर्वक सेवा गर्न र समाज बुझ्न सिकाउँछ, उहाँले भन्नुभयो ।

ख्वप पोलिटेक्निक इन्स्टिच्युटका उपप्राध्यापक रविना सुवालले नियमित स्वास्थ्य परीक्षण गराउनुपर्ने आवश्यकता औँल्याउँदै स्तन क्यान्सरबारे जानकारी गराउनुभएको थियो ।

आशा बुढाको सभापतित्वमा भएको उक्त कार्यक्रममा मिनु गिरी र रमेश रावलले मार्च ८ को दिन महिला अधिकारको लागि सङ्घर्ष गरेको दिन हो भन्नुभयो ।

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस : जुम्लामा जुलुस र सभा

जुम्ला । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति जुम्लाको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आइतबार जुलुस तथा सभा भयो ।

उक्त कार्यक्रममा नेमकिपा जुम्ला जिल्लाका अध्यक्ष पूर्णलाल खत्रीले हामीले वर्गको पहिचान गर्नुपर्छ; कामदारवर्गले नै शोषितपीडित महिलाको भलाइ गर्दछ; पुँजीपतिवर्गले मनाउने महिला दिवस र कामदारवर्गले मनाउने महिला दिवसमा धेरै फरक हुन्छ भन्नुभयो ।

उहाँले कामदारवर्गले कामदार महिलाहरूकै हित गर्छ भने पुँजीपतिवर्गका महिलाहरूले पुँजीपतिकै हित गर्ने भएको हुँदा अन्तर्राष्ट्रिय श्रमिक नेतृहरूले गरेको योगदान र जीवनी हामीले अध्ययन गर्नु जरुरी छ भन्नुभयो ।

पार्टी सचिवालय सदस्य राजेश्वर देवकोटाले नेपाली काङ्ग्रेस धेरैपटक सरकारमा गयो; देशको उद्योग, कलकारखाना बेचेर निजी क्षेत्रलाई सुम्पियो; कम्युनिस्ट भनिने एमाले पनि नेकाले लिएकै बाटोमा हिँडेर भाइकाङ्ग्रेस साबित भयो भन्नुभयो । एमाओवादी पनि नेका र एमालेले गरेका सन्धि सम्झौतामा हस्ताक्षर गरी देशको हितविपरीत काम गरी मजदुर किसानलाई धोका दिइरहेको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जुम्ला जिल्ला अध्यक्ष राज्यलक्ष्मी न्यौपानेले ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस दूरदराजका बस्तीबस्तीमा प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औँल्याउँदै महिलाहरू आफ्नो वर्ग थाहा पाउन नसकेर पीडित भएका छन् भन्नुभयो ।

उहाँले मजदुरवर्गले मजदुरहरूकै भलाइ गर्ने चर्चा गर्दै पुँजीपतिवर्गले महिलाहरूलाई वस्तुको रूपमा प्रयोग गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेक्राशिसङ्घ जिल्ला समितिका अध्यक्ष नरबहादुर बुढा, नेक्रामहिला सङ्घ जुम्लाका सदस्य वसम रावलले पनि बोल्नुभएको थियो ।

जुम्ला बजार परिक्रमा गरी कृष्ण मन्दिरमा भएको भेलामा सिंजा गापा वडा नं. ६ का महिलाहरूले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे देउडा खेलबाट दर्शकलाई मनोरञ्जन दिनुका साथै पार्टीको उद्देश्यबारे प्रस्तुत गरेका थिए ।

# श्रमिक महिला दिवस 'केटीहरू' बुलेटिन अन्तरक्रिया गरी मनाइयो

दैलेख । नेपाल क्रान्तिकारी महिला सङ्घ डुङ्गेश्वर गाउँ समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा 'केटीहरू' बुलेटिनको अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नर्मा गुरुङले अन्तरक्रियाले कामदारवर्गका महिलाहरूको राजनैतिक र सैद्धान्तिक स्तर उठाउन सहयोग हुने बताउँदै अध्ययन र अन्तरक्रियालाई जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले नेपाली कामदारवर्गका महिलाहरूलाई वर्गीय मुक्ति दिलाउनु नै नेक्रामसङ्घ र पार्टीको उद्देश्य हो भन्नुभयो ।

नेमकिपा जिल्ला समितिका अध्यक्ष जगत वलीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे प्रकाश पार्दै हरेक वर्ष विश्वका कामदारवर्गका महिलाहरू शोषणबाट मुक्त हुन यो दिवस मनाउँदै आएको बताउनुभयो । नेमकिपा जिल्ला सदस्य हस्त घले, नेमकिपा डुङ्गेश्वरका अध्यक्ष हीरामणी न्यौपाने, डुल्लु नपा वडा नं. १२ का पार्टी वडा अध्यक्ष खड्कप्रसाद दाहाल, नेक्रामसङ्घ डुङ्गेश्वरका खगीसरा रेग्मी र देवी रेग्मीले पनि बोल्नुभएको थियो ।

त्यस्तै नेपाल क्रान्तिकारी महिला सङ्घ, महाबु गाउँपालिका समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका पूर्व जिल्ला उपाध्यक्ष एवं सल्लाहकार समितिका सदस्य बमबहादुर सिंहले ८ मार्चको दिन विश्वका श्रमजीवी महिलाहरूले समान कामको समान ज्याला, ८ घण्टा कामको लागि सङ्घर्ष गरेको दिनलाई स्मरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा जिल्ला सदस्य लक्ष्मीकुमारी सिंहले जबसम्म कामदारवर्गका महिलाहरू आफ्नो अधिकारको लागि लड्दैनन् तबसम्म मुक्तिको आशा गर्नु आकाशको फलजस्तै हुने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा महाबुका कोषाध्यक्ष भगिराम थापा, नेक्रामसङ्घ महाबुका उपाध्यक्ष गीता थापामगर, नेमकिपा महाबुका सदस्य झुमा थापामगर, दिलबहादुर थापामगर, जमुना थापामगर, नेक्राविसङ्घका प्रकृति थापामगरले बोल्नुभएको थियो ।

कार्यक्रममा केटीहरू अङ्क १५ को अन्तरक्रिया भएको थियो । कार्यक्रमको सभापतित्व राजकुमारी डाँगीले गर्नुभएको थियो ।




**राजनीतिकरूपले...**

उहाँले सन् १९१७ को रुसी क्रान्ति सफल भएपश्चात् रुसी महिलाहरूले मताधिकार, समान ज्याला, राज्य सञ्चालनमा भूमिका, सुत्केरी बिदा, दूध बैङ्कजस्ता उपलब्धिहरू हासिल गरेकै कारण २६ वर्षकै उमेरमा रुसका भ्यालेन्टिना तेरेस्कोभा अन्तरिक्षमा पुग्ने विश्वको प्रथम महिला बन्न सफल भएको प्रस्ट्याउनुभयो।

उहाँले क्युवामा पनि समाजवाद स्थापनापछि राजनैतिक, प्रशासनिक र अन्य क्षेत्रहरूमा महिलाहरूको मुख्य भूमिका रहेको बताउनुभयो।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस साम्राज्यवाद र पुँजीवादविरुद्ध र समाजवाद प्राप्तिको सङ्घर्ष भएकै कारण सन् १९७५ मा संयुक्त राष्ट्रिय सङ्घले पुँजीवादी देशहरूको दबाबमा श्रमिक शब्द हटाई श्रमिक महिला दिवसलाई लैङ्गिक मुद्दा बनाइदिएकोमा उहाँले खेद प्रकट गर्नुभयो।

नेपालमा दैनिक ७ जना महिलामा पाठेघरको मुखको क्यान्सर देखिने र सोही रोगको कारण दैनिक ४ जनाको मृत्यु भइरहेको उल्लेख गर्दै उहाँले नेमकिपाले संसद्मा बलात्कारीहरूलाई मृत्युदण्डको सजाय माग गर्दै गर्दा शासक दलका महिला सांसदहरूले त्यसको विरोध गरेको बताउनुभयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले कृषिमा महिलाहरूको भूमिका विषयमा धारणा राख्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्थानीय तहमा महिलाको उपस्थिति विषयमा प्रवचन दिनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैँया सुवालले विश्वका क्रान्तिकारी महिलाहरूको छोटो जीवनी प्रस्तुत गर्नुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका उपाध्यक्ष कमलमैँया सुवालको सभापतित्वमा भएको कार्यक्रममा सुलोचना छ्वाजु र मीना डंगोलले पनि बोल्नुभएको थियो।

**कैलालीमा...**

लेन्डुप दोर्जेका कारण सिक्किम भारतमा विलय भयो; शासक दलहरूले गरेको देशघाती नागरिकता विधेयकको कारण नेपालको सार्वभौमिता खतरामा परेको उल्लेख गर्दै उहाँले नेपाल-भारत खुला सीमा बन्द गर्नुपर्छ; देशघाती एमसीसी र एसपीपी सम्झौता खारेज नभएसम्म नेपाली जनताले सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

हाम्रो देशमा पर्याप्त स्कूल, कलेज, अस्पताल, उद्योग छैनन् तर नेताहरू भ्यु टावर बनाएर कसको सेवा गर्दै छन् ? भनी उहाँले प्रश्न गर्नुभयो। उहाँले हाम्रो देशको पानी, प्राकृतिक स्रोत-साधन हातमा लिइरहेको प्रसङ्ग उल्लेख गर्दै नेपाली जनता सचेत हुनु आवश्यक छ; अमेरिकी साम्राज्यवादको सहयोगमा इजरायलले प्यालेस्टिनमाथि गरेको जातीय नरसंहारको हामी सबै मिलेर विरोध गर्नुपर्छ भन्नुभयो।

नेमकिपा केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पुँजीवादी व्यवस्थाका कारण व्यापक जनताले दुःख पाइरहेको उल्लेख गर्दै भारतमा सबभन्दा बढी गरीब छन्; हामीलाई त्यस्तो व्यवस्था चाहिएको छैन, हामी समान व्यवहार हुने समाजवादको पक्षमा छौँ", भन्नुभयो।

नेमकिपाका कैलाली अध्यक्ष रमेशकुमार रावलले कामदार महिला एक भएर अगाडि बढ्नुपर्छ; वर्ग रहेसम्म वर्गसङ्घर्ष हुने हुँदा त्यसको लागि तयार हुन महिला दिदीबहिनीहरूलाई आग्रह गर्नुभयो। दासताविरोधी अन्दोलनसँगै अगाडि बढेको महिला मुक्ति सङ्घर्षले विश्वभरि स्थान पाएको उहाँले बताउनुभयो।

नेक्राशिसङ्घका केन्द्रीय सदस्य जङ्ग तारामीले आफ्नो वर्ग चिनेर, आफ्नो वर्गका निम्ति सङ्घर्ष गर्नुपर्छ; साना बालबालिका र छोराछोरीलाई हामीले किन दुःख पाइरहेका छौँ ?; त्यसको वास्तविकता बताएर सङ्घर्षशील बनाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले नेक्राविसङ्घ निःशुल्क, अनिवार्य र उत्पादन श्रमसँग जोडिएको वैज्ञानिक शिक्षाका लागि सङ्घर्षरत छ भन्नुभयो।

कार्यक्रममा स्वास्थ्यकर्मी रविना सुवालले क्यान्सर रोगको जोखिम र रोकथामबारे जानकारी दिनुभएको थियो।

जिल्ला अध्यक्ष लक्ष्मीकुमारी पुनको सभापतित्वमा भएको कार्यक्रममा रत्ना रावल र तारा तिरुवाले पनि बोल्नुभएको थियो। कार्यक्रममा प्रगतिशील देउडा गीत तथा नृत्य प्रस्तुत गरिएको थियो। जुलुसमा 'बलात्कारीलाई फाँसी दे, भ्रष्टाचारीलाई कारबाही गर, देशघाती नागरिकता विधेयक खारेज गर, सीमा अतिक्रमण बन्द गर' लगायतका नाराहरू लगाइएको थियो।

**एमाले...**

सचिव सुवालले इलाम र झापाका नागरिकलाई कञ्चनपुर र बैतडीमा नियुक्ति दिएर तलबले कर्मचारीको परिवार पाल्न सजिलो नहुने धारणा राख्दै भन्नुभयो, "स्थानीय तहको विकेन्द्रीकरण र स्वायत्त हुने गरी कानुनी व्यवस्था भए देशको छिटो विकास हुनेछ। विकास निर्माणको काम तीन तहको सरकारको अमानत वा स्थानीय जनताको उपभोक्ता समितिमार्फत गर्नु गराउनु उपयुक्त हुनेछ। सरकार र स्थानीय जनताले गर्न नसकेको काम एउटा निजी कम्पनीले गर्लान् भनी जिम्मा लगाउनु गलत हो।"

कर्मचारीहरूले कानुनभित्र आफ्नो स्वार्थ कहाँ छ भनी खोज्नुभन्दा कानुनभित्र देशको स्वार्थ कहाँ छ खोज्नु जरुरी रहेको र आफू र परिवार रहने देश नरहने स्थितिबारे कर्मचारी सचेत हुनु जरुरी भएको उहाँले बताउनुभयो।

सचिव सुवालले भन्नुभयो, "एक सरकारी सचिवले सिंहदरबार भ्रष्टाचारको अखडा भएको बताए। यसको अर्थ सिंहदरबारको नेतृत्व गर्नेले सिंहदरबारलाई फोहोर बनायो भनेको हो। सिंहदरबार फोहर भए देशको अवस्था कति राम्रो होला ? सिद्धान्तहीन राजनीतिक दलहरूले सिंहरदबार कब्जा गरेसम्म देशको सङ्कट समाधान हुनेछैन। यसबारे कर्मचारी चनाखो हुनु आवश्यक छ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् नेपाल प्राध्यापक समाजका केन्द्रीय अध्यक्ष सरोजराज गोसाईले का. रोहितको पुस्तक नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन र इन्जिनियर समाज नेपालका उपाध्यक्ष नरेश खत्रीले मार्क्स र एङ्गेल्सको कम्युनिस्ट घोषणापत्रबारे प्रशिक्षण दिनुभएको थियो।

**कर्मचारीहरू...**

नीतिबाट नेपालले सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उत्पादनविना कुनै पनि देश समृद्ध हुन नसकिने स्पष्ट पार्दै उहाँले सानोतिनो नै किन नहोस् देशमै आफ्नै उत्पादन गर्ने वातावरण तयार गर्नुपर्ने बताउनुभयो।

स्रष्टा समाजका अध्यक्ष लक्ष्मणराज जोशीले नेपाल कर्मचारी समाजमा आबद्ध कर्मचारीहरूले सच्चा राष्ट्र सेवकको कर्तव्य र दायित्व अझ प्रभावकारीरूपमा निर्वाह गर्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

उहाँले अगाडि भन्नुभयो, "हाम्रा साथीहरूमा भएको सचेततालाई अझ सबल बनाउन, इमानदारीलाई अझै सशक्त बनाउन, कर्तव्य र दायित्व निर्वाहमा अझ उत्कृष्टता ल्याउन, सेवाग्राहीहरूको आँखामा राख्दा नबिझाउनेमात्र होइन शीतलता प्रदान गर्नमा अझ सक्षम बनाउन नेपाल कर्मचारी समाजको गतिविधि निरन्तर चलिरहोस् शुभकामना छ।"

कार्यक्रमका सभापति एवं नेपाल कर्मचारी समाज तेस्रो राष्ट्रिय सम्मेलन तयारी समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले राजनीति गर्नु बेइमानी गर्नको लागि नभई सबैलाई राम्रो बनाउनको लागि हो भन्नुभयो।

कर्मचारी पनि कामदारवर्गभित्र पर्ने स्पष्ट पार्दै उहाँले नेपाल कर्मचारी समाज कर्मचारीको हक, हित एवं व्यक्तित्त्व विकासमा जोड दिन्छ तर, ट्रेड युनियनवादको पक्षमा नरहेको स्पष्ट पार्नुभयो।

सम्मेलनको उद्घाटन सत्रमा प्रमुख अतिथि बिजुक्छेँले नेपाल कर्मचारी समाजको मुखपत्र 'सन्देश बुलेटिन -४, अङ्क ४' सार्वजनिक गर्नुभएको थियो।

शनिबारै सम्पन्न बन्द सत्रको पहिलो बैठकले समाजका सचिव शिवराम धुख्वाले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ। विधान संशोधन समितिका सदस्य काजीबहादुर पञ्चले विधान संशोधन गर्ने प्रस्ताव पेस गर्नुभएको थियो।

बन्द सत्रको दोस्रो बसाइँमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालको समसामयिक राजनीति, तीन तहको सरकार र कर्मचारीतन्त्र विषयमा र नेपाल प्राध्यापक समाजका सहसचिव सुजन माकले फासीवाद, नाजीवाद र मोदी फासीवाद विषयमा प्रशिक्षण दिनुभएको थियो।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको अध्यक्षतामा रहेको अध्यक्षमण्डलले गौतमप्रसाद लासिवाको अध्यक्षतामा नेपाल कर्मचारी समाजको १५ केन्द्रीय समिति सर्वसम्मतबाट चयन गरेको छ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल र नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापति र नेपाल प्राध्यापक समाजका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले नवनिर्वाचित पदाधिकारीहरूलाई बधाईज्ञापन गर्नुभएको।

**इतिहास...**

परीक्षणको लागि लिएर जानुभयो। अहिले निर्माणको लागि अघि बढ्न सल्लाह दिनुभयो। अब निर्माणले गति लिन्छ।"

लेखक प्रा. डा. श्रेष्ठले आफ्नो ४० वर्षदेखिको मेहनतको फलको रूपमा पुस्तक प्रकाशन भएको भन्दै आफ्ना पुराना प्रकाशित लेखहरूमा थप तथ्य र तथ्याङ्कका साथ पुस्तक प्रकाशन गरेको बताउनुभयो।

कार्यक्रममा संस्कृति शिरोमणि हरिराम जोशी, बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. त्रिरत्न मानन्धर, प्राध्यापक हेमन्तशमशेर राणा, वरिष्ठ साहित्यकार तथा भ्रष्टाचारविरुद्धका अभियन्ता भरतमणि जङ्गम, अर्थविद् निरञ्जनकुमार टिबरेवालालगायतले पुस्तक उपयोगी भएको भनाइ राख्नुभयो।

कार्यक्रममा प्रकाशित पुस्तकका बारेमा त्रिभुवन विश्वविद्यालय नेपालभाषा केन्द्रीय विभागका प्रमुख राजनलाल (रास) जोशी र साहित्यकार एवं भाषाविद् सूर्य लाकोजूले समीक्षा गर्नुभएको थियो।

प्रकाशक संस्था संचित बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष योगेन्द्रबहादुर खर्बुजाको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य संस्थाका सल्लाहकार एवं अधिवक्ता गजेन्द्रशङ्कर तिमिला र धन्यवाद संस्थाका अर्का सल्लाहकार विनोदचरण रायले गर्नुभएको थियो।

लेखक प्रा.डा. श्रेष्ठका यसअघि पनि एक दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भइसकेका छन्।

सोमबार विमोचित पुस्तकमा एक सय एक वटा लेखहरूको सङ्कलन रहेको छ। पुस्तक एक हजार एक सय ३६ पृष्ठको मोटो छ। पुस्तकको मूल्य पाँच हजार रुपैयाँ राखिएको छ। पुस्तकको प्रकाशन संचित बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरले गरेको छ।

# तेस्रो चितवन जिल्ला सम्मेलन तयारी समिति गठन

चितवन। नेपाल मजदुर किसान पार्टी चितवनको जिल्लास्तरीय भेलाले सोमबार हरिप्रसाद दुवालको संयोजकत्वमा तेस्रो जिल्ला सम्मेलन तयारी समिति गठन गर्यो।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले पुँजीवादी विभेदविरूद्ध महिला आन्दोलनबाट सुरू भएको महिला दिवस अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस हो भन्नुभयो।

बोल्सेभिक अक्टोबर क्रान्तिबाट सोभियत सङ्घ स्थापना भएपछि मात्र बेलायती महिलाहरूले मताधिकार पाएको चर्चा गर्दै उहाँले समाजवादी व्यवस्थामा मात्र वर्गभेद, लिङ्गभेद, जातिभेद र रङ्गभेद अन्त्य हुन्छ भन्नुभयो।

पुँजीवादी व्यवस्थामा कारखानाको विकाससँगै एकत्रित मजदुरहरू सङ्गठित हुने मौका मिल्ने कम्युनिस्ट घोषणा पत्रमा उल्लेख भएको चर्चा गर्दै उहाँले देशको मजदुर आन्दोलनबाट पनि नयाँ पुस्ता सङ्गठित हुनेछ भन्नुभयो।

नेमकिपा चितवनका अध्यक्ष हरिप्रसाद दुवालले नेपालमा कामदारवर्गको शासनसत्ता स्थापना गर्न नेमकिपा सङ्घर्षरत छ भन्नुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य लक्ष्मी चेपाङले चेपाङलगायत पछाडि परेको समुदाय उठाउन व्यक्तित्व विकासमा समान अवसर दिनुपर्छ भन्नुभयो।

भेलामा नेमकिपा चितवनका सचिव ज्ञानेन्द्र चेपाङ, नेमकिपा इच्छाकामनाका संयोजक पदम थापामगर, नेमकिपा रत्ननगरका संयोजक विष्णु शर्मा, नेक्रा मजदुर सङ्घका राजकुमार श्रेष्ठ, नेक्राविसङ्घका अर्जुन चेपाङ, नेक्रा महिला सङ्घका सुमित्रा महत्तो र मोहन चेपाङले शुभकामना मन्तव्य दिनुभयो।

**एकक्षण** — **ममता**

# कमजोरी कसको ?

चालु आ.व. २०८०/८१ को ७ महिनाको अवधिमा ८ खर्ब ३९ अर्ब रुपैयाँ विप्रेषण भित्रिएको सरकारको दाबी छ। वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामीमा पठाइएका नेपाली चेलीसमेत युवाहरू कति ठगीमा परे यसको तथ्याङ्क सरकार सार्वजनिक गर्दैन। चालु आर्थिक वर्षको साउनदेखि माघसम्म सात महिनामा नेपाली युवाहरू ४ लाख ५ हजार ५ सय ५२ जनालाई वैदेशिक रोजगारीमा पठाइएको छ। यो अवधिमा गत वर्ष ४ लाख ८२ हजार ४ सय ७५ जनालाई वैदेशिक रोजगारीमा पठाइयो। सरकारको दाबी छ - वैदेशिक रोजगारीमा पठाइएका युवाको सङ्ख्या कम भए पनि विप्रेषण बढ्यो। गत वर्ष सात महिनामा ६ खर्ब ८९ अर्ब ८८ करोड विप्रेषण भित्रिएको थियो।

नेपाली युवा वैदेशिक रोजगारीमा पठाइएसँगै नेपालको जग्गा जमिन बाँझो भयो। सरकारमा गएका प्रम र मन्त्रीहरू हाल चामल र तरकारी भारतबाट किन्दै छन्। राष्ट्रपति र प्रधानमन्त्रीलाई किसानको छोरो दाबी गर्न लाज लाग्नुपर्ने होइन र ?

संयुक्त अरब इमिरेट्सले कृत्रिम वर्षा (क्लाउड सिडिङ) गराई वातावरणीय सन्तुलन कायम गर्दै छ। पृथ्वीको सबैभन्दा सुख्खाग्रस्त क्षेत्रमध्ये एक संयुक्त अरब इमिरेट्स पनि हो। चीन, अमेरिका, भारतलगायतले कृत्रिम वर्षा गराई वायु प्रदूषण कम गराउँदै छन्। नेपाल सरकारले चीनमा संयुक्त अरब इमिरेट्स वा अन्य देशबाट प्रविधि सहयोग लिई कृत्रिम वर्षा गराई यहाँको वायु प्रदूषणलाई कम गर्न सक्छ। यतातिर कुनै पनि सरकारको ध्यान गएको छैन।

काठमाडौँ विश्वको पहिलो प्रदूषित सहरमा परेको सार्वजनिक भएकै हो। काठमाडौँको प्रदूषणमा नेपालीलाई दिनको दुई बट्टा चुरोटसरह असर परेको छ। एक खिल्ली चुरोट पिए मानिसको ११ मिनेट आयु घट्ने अनुसन्धान प्रतिवेदन छ। यसकारण, काठमाडौँ उपत्यकामा भइरहेको बसाइँसराइ रोक्नु जरुरी छ। जिल्ला सदरमुकामलाई व्यवस्थित सहर विकास गरी देशको सन्तुलित विकास गर्नु आवश्यक छ।

माओवादीका अर्थमन्त्रीले भारतीय राजदूत, अमेरिकी राजदूत, बेलायतको विदेश तथा वमन वेल्थ कार्यालयका प्रतिनिधिलगायतसँग भेटेर नेपालमा लगानी गर्न आग्रह गर्दै छन्। विदेशी ऋण र लगानीबाट देश विकास होइन उपनिवेश हुनेछ। अर्थमन्त्री वर्षमान पुनले नेपालको आन्तरिक उत्पादन गर्ने योजना बनाउनु जरुरी छ। नेपाली काङ्ग्रेसका अर्थमन्त्री प्रकाशशरण महतले फागुन १४ गते प्रतिनिधिसभाको बैठकमा पेस गरेको बजेटको सिद्धान्त र प्राथमिकतामा आत्मनिर्भर अर्थतन्त्र बनाउने उल्लेख छैन। बजेटको प्राथमिकता कृषि नै हुनु आवश्यक छ।

चालु आबको सात महिनामा सरकारको राजस्व ५६७ अर्ब ४० करोड भयो भने खर्च ६८६ अर्ब भयो। सात महिनाको व्यापारघाटा ८ खर्ब ११ अर्ब ११ करोड पुग्यो। मासिक व्यापार घाटा १ खर्बभन्दा बढी छ। सार्वजनिक ऋण २४ खर्ब रुपैयाँ बढी पुग्यो। नेपाली वस्तु भारत निर्यातमा अड्चन र समस्या खडा गरिएको छ। भारतको विषादी भएको तरकारीसमेत नेपालमा जबरजस्ती पठाउँछ। प्रधानमन्त्री र मन्त्रीहरू चुइँक्क बोल्न सक्दैनन्।

नाफामूलक शिक्षा चलाउने नेपालको सामाजिक मूल्य मान्यता होइन। कम्युनिस्ट दाबी गरेका पार्टीहरूका सरकारले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्ने उच्चारणसमेत गर्दैन। सुनसरीको इटहरी महानगरपालिकाले आफ्ना जनप्रतिनिधि र कर्मचारीका छोराछोरी अनिवार्यरूपमा सरकारी विद्यालयमा पढाउनुपर्ने उद्घोष गऱ्यो। सिन्धुलीको कमलामाई नगरपालिकाले पनि आफ्नो जनप्रतिनिधि र कर्मचारीका छोराछोरीलाई सरकारी विद्यालयमा पढाउनुपर्ने निर्देशन दियो। यी उद्घोष र निर्देशन कार्यान्वयन हुने नहुने भविष्यले बताउँला। सिंहदरबारले एक गिलास पानी सफा गर्ने होइन मुहान सफा गरेर जनताको सेवा गर्नु जरुरी छ।

नेका-माओवादीको समर्थनमा प्रधानमन्त्री भएको पुष्पकमल दाहाल केही दिनयता एमाले-माओवादीको समर्थनमा प्रधानमन्त्री छन्। राजनीतिक दल र प्रम तिहुनचखुवा हुनुहुँदैन। यही बेला नेकाका कृष्ण सिटौला, गगन थापा र रमेश लेखकले प्रधानमन्त्री दाहाललाई भेटेर माओवादीले गम्भीररूपमा मूल्य चुकाउनुपर्ने चेतावनी दिए। कमजोरी दाहालको मात्र होइन। संसद्मा तेस्रो पार्टी माओवादीलाई प्रधानमन्त्री बनाउने नेका र एमालेको झन् कमजोरी हो।

सवारी साधन व्यवस्थापनका लागि अनुरोध

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३